लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
# नयाँ विमर्श
Naya Bimarsha Weekly

वर्ष १४, अंक २४, २०७७ पुस २४ गते शुक्रबार (Jan. 8, 2021) मूल्य रु. १०।- मू.अ.क.नं.३०४९७३८१५ website: www.nayabimarsha.com, www.nayabimarsha.com.np, www.nayabimarsha/weeklynepal.com

## विघटनविरुद्ध काठमाडौं कांग्रेस

काठमाडौं/ नेपाली कांग्रेसको काठमाडौं जिल्ला कार्य समितिले प्रतिनिधिसभा विघटनविरुद्ध विभिन्न मितिमा विरोध प्रदर्शन गर्ने भएको छ। बुधबार बसेको जिल्ला कार्यसमितिको बैठकले विघटनलाई असंवैधानिक कदम भन्दै त्यसको विरुद्धमा सडकमा थप कार्यक्रम लिएर उत्रने निर्णय गरेको काठमाडौं कांग्रेसका सभापति सबुज बानियाले जानकारी दिए।



केन्द्रको निर्देशनअनुसार सशक्त विरोध प्रदर्शन गर्ने निर्णय गरेको जानकारी दिंदै उनले भने, 'पुस २५ गते प्रदेशसभा निर्वाचन क्षेत्रमा, माघ

(बाँकी अन्तिम पृष्ठमा)

# नेकपाको डढेलो देशव्यापी

## ☐ नेताहरू विषवमन गर्दै ☐ मुलुक समस्यामा

भक्तपुर/ यही पुस ५ गते नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष समेत रहेका प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीले प्रतिनिधि सभा विघटनको सिफारिस गरी राष्ट्रपतिले त्यसलाई सदर गरेपछि उत्पन्न विवादले उग्र रुप लिन थालेको छ। उक्त घटनालाई लिएर सत्तारुढ दल अनौपचारिक रुपमा दुई चिरामा विभक्त भएको छ भने दुवै पक्षले आफूलाई आधिकारिक भन्दै अरुको तेजोवध गर्ने कार्य गर्दा मुलुक भने अराजकतातर्फ धकेलिएको छ। दुवै पक्ष अहिले शक्ति प्रदर्शनीमा उद्दत देखिएका छन् भने हालको विषम परिस्थितिको रत्तिभर ख्याल नगरी दुवै पक्षले आफ्नो पक्षमा नेता कार्यकर्ता रहेको देखाउनका लागि विभिन्न कार्यक्रम तथा सडक तताउने गतिविधि गर्न थालेका छन्।

अहिले दुवै पक्षले आफूलाई आधिकारिक दल भनी अर्को पक्षलाई फुटेको रुपमा व्याख्या गर्दै आएका छन्। उनीहरुले एक अर्कालाई महाशत्रुको रुपमा इंगित गर्दै आएका छन्। उनीहरुका गतिविधिले गर्दा उनीहरुका बीचमा विगतदेखि नै यस्तो विष पिएर बसेको जस्तो देखिएको छ कि अहिले आएर एक अर्कालाई गाली गलौज गरी त्यो विषवमन गर्ने प्रयास भैरहेको छ।

अहिले आएर नेकपाको विवाद चरम उत्कर्षमा पुगी औपचारिक फुटको



संघारमा पुगेको छ। दुवै पक्षको शक्ति प्रदर्शनी तथा आधिकारिकताको होडबाजीले गर्दा मुलकु कता जाने हो भनी सचेत नागरिकका लागि सोचमग्न अवस्था सिर्जना गरिदिएको छ। दल भित्रको आन्तरिक किचलोलाई सत्तारुढ दलका नेताहरुले व्यवस्थापन गर्न नसक्दा अहिले आएर मुलुक नै बन्दी अवस्थामा पुगेको छ। सरकारमा रहेको एउटा पक्ष सत्ताको आडमा आफ्नो पक्षले आधिकारिकता पाउने दम्भ देखाइरहेको छ भने सडकबाट अर्को पक्ष आफूले आधिकारिकता पाउनुपर्ने माग गर्दै विभिन्न सरकारी निकायमा पुगेको छ।

दुवै पक्षले एक अर्का पक्षका नेताहरुलाई कारबाही गर्दै हिंड्न थालेका छन्। केन्द्रमा देखिएको विवाद अहिले आएर वडास्तरसम्म पुग्न थालेको छ। केन्द्रको विवादका कारण प्रदेश सरकारहरु नै अस्थिर बन्न पुगेका छन्। अहिले सातमध्ये चार प्रदेशका सरकार नै परिवर्तनको संघारमा पुगेका छन्। केन्द्र सरकारमा देखिएको विवादका कारण प्रदेश सभामा रहेका नेकपाका सांसदहरु नै दुई पक्षमा विभक्त भै अर्को पक्षलाई अल्पमतमा पार्ने खेलमा लागेका छन्। १ नं. प्रदेश, बागमती प्रदेश, ५ नं. प्रदेशमा मुख्यमन्त्रीका विरुद्ध अविश्वास प्रस्ताव नै दर्ता भैसकेको अवस्था छ भने अन्य प्रदेशमा पनि आफू अनुकुलको वातावरण बनाउन नेकपाका प्रदेश सांसदहरु लागेका छन्।

अविश्वासको प्रस्ताव पेश नभएका प्रदेशहरुमा समेत दुई पक्षका नेताहरुले एक अर्कालाई कारबाही गरेको घोषणा गरेका छन्। प्रदेश सरकारमा रहेका मन्त्रीहरुले राजीनामा गरी मुख्यमन्त्रीलाई समस्यामा पारिदिएका छन् भने कतिपय प्रदेशमा मुख्यमन्त्रीले आफ्ना प्रतिकुलका मन्त्रीहरु तथा सांसदहरुलाई पदमुक्त गर्ने कार्य गरेका छन्। यसैगरी विभाजनको प्रभाव प्रदेशस्तरका समितिहरुमा पनि स्पष्ट रुपमा देखिन थालिएको छ। एक पक्षले अर्को पक्षलाई दलीय जिम्मेदारीबाट हटाएको भनी निर्णय गर्ने तथा उनीहरुलाई कारबाही गरेको घोषणा गर्ने होडबाजी चलिरहेको छ।

यसरी नेकपा भित्रको विवादका कारण दलको आधिकारिकतालाई लिएर निर्वाचन आयोग समेत समस्यामा परेको बताइने गरेको छ। आयोग संवैधानिक निकाय भएकाले आफ्नो क्षेत्राधिकारमा पर्ने विषयमा निर्णय लिन ऊ स्वतन्त्र छ तर पनि आयोगका पदाधिकारीहरु प्रधानमन्त्री खड्गप्रसाद ओलीको चाहनाबाट बनेका कारण पनि उनीहरुको

(बाँकी अन्तिम पृष्ठमा)

## गगनले आज भक्तपुर तताउने

भक्तपुर/ नेपाली कांग्रेसका युवा नेता गगनकुमार थापाले आज शुक्रबार भक्तपुर तताउने भएका छन्। खरो र आक्रामक भाषण गर्ने थापाले सरकारविरोधी कार्यक्रमलाई सम्बोधन गर्ने भएका हुन्।



नेपाल तरुण दल मध्यपुर नगर समितिले पुस २४ गते प्रधानमन्त्रीको अलोकतान्त्रिक र असंवैधानिक कदमका विरुद्ध भव्य प्रदर्शनको तयारी गरेको अवस्थामा सोही प्रदर्शनीलाई सम्बोधन गर्न थापा भक्तपुर आउने भएका हुन्। उक्त सभालाई युवा नेता थापा, कांग्रेसका भक्तपुर सभापति दुर्लभ थापा, तरुण दल भक्तपुरका अध्यक्ष राजु थापासहितका नेताहरूले सम्बोधन गर्ने बताइएको छ।

आज शुक्रबार मध्यपुर थिमिको बालकुमारी प्राङ्गणमा हुने विरोध सभामा स्थानीयबासीको बाक्लो उपस्थिति रहने अपेक्षा दलले गरेको छ।

## मन्त्री त्रिपाठी दल दर्ता गर्दै

भक्तपुर/ स्वास्थ्य तथा जनसंख्यामन्त्रीका रुपमा रहेका हृदयेश त्रिपाठीको नेतृत्वमा नयाँ दल दर्ता हुने



भएको छ। प्रधानमन्त्रीको निगाहमा मन्त्री बनेका तथा उनी विगतको निर्वाचनमा तात्कालीन नेकपा (एमाले) को चुनावचिन्ह लिएर स्वतन्त्र उम्मेदवारका रुपमा निर्वाचित भएका व्यक्ति हुन्। उनको नेतृत्वमा रहँदै आएको 'स्वतन्त्र राजनीतिक समूह' लाई नै उनीहरुलेराजनीतिक दलका रुपमा दर्ता गर्ने तयारी गरेका हुन्।

मन्त्री त्रिपाठी निकटको स्रोतले दिएको जानकारी अनुसार उक्त समूहलाई केही दिनभित्र निर्वाचन आयोगमा दर्ता गरिनेछ। समूहमा आवद्ध नेताहरू बृजेशकुमार गुप्ता,

(बाँकी अन्तिम पृष्ठमा)

# नेम्वाङमाथि नैतिक संकट

काठमाडौं/ प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीका दाहिने हात मानिने सुभाषचन्द्र नेम्वाङ अहिले नैतिक संकटमा परेका छन्। संसद विघटनको छुट संविधानले नदिएको भन्ने उनको डेढ वर्षअघिको अभिव्यक्तिको भिडियो अहिले आएर सार्वजनिक भएपछि उनमाथि झनै नैतिक संकट थपिएको बताइएको छ।

हालको संविधान जारी हुँदाका बखत् संविधानसभाका अध्यक्ष रहेका नेम्वाङले आफू प्रतिनिधि सभाको विघटनको विपक्षमै रहेको भनी भनेको भिडियो अहिले भाइरल भएको छ। त्यसो त नेम्वाङ प्रधानमन्त्री ओलीले प्रतिनिधिसभा विघटन गरेदेखि नै सार्वजनिक कार्यक्रममा नदेखिएका मात्र होइननु कि उनले कुनै पनि किसिमको प्रतिक्रिया दिएका छैनन्।



गत वर्षको साउन ४ गते काभ्रेपलाञ्चोकको धुलिखेलमा पत्रकारहरुलाई प्रशिक्षण गर्ने क्रममा नेम्वाङले आवेश या रिसको भरमा प्रधानमन्त्रीको संसद भंग गर्ने अधिकार २०७२ को संविधानले नदिएको भनी स्पष्ट रुपमा भनेका थिए। ओलीलाई प्रतिनिधि सभा विघटन गर्न नहुने भनी नेम्वाङले सल्लाह दिए पनि उनले नमानेको भनी नेम्वाङले सीमित नेताहरुसँग गुनासो गर्ने गरे पनि उनले सार्वजनिक रुपमा आफ्नो पछिल्लो धारणा सार्वजनिक भने गरेका छैनन्।

नेम्वाङले आफ्ना केही सीमाहरु

(बाँकी अन्तिम पृष्ठमा)

## मन्त्री बोहराको राजीनामा

काठमाडौं/ सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टीको अनौपचारिक विभाजनका कारण सुदूरपश्चिम प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री झपट बोहराले पदबाट राजीनामा दिएका छन्। उनले बुधबार पत्रकार सम्मेलन गरी राजीनामा दिएको घोषणा गरेका थिए।

प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओली नेतृत्वको नेकपालाई समर्थन गर्दै उनले मन्त्री पदबाट राजीनामा दिएको बताए। ओली गुटले उनलाई केन्द्रीय सदस्यसमेत मनोनित गरेको तथा सुदूरपश्चिम प्रदेशमा ओलीइतरको गुटको नेतृत्वमा प्रदेश सरकार रहेका कारण पनि उनले पदबाट राजीनामा

(बाँकी अन्तिम पृष्ठमा)

## न्यायाधीश कार्की इजलासमा नबस्ने

काठमाडौं/ प्रतिनिधि सभाको विघटनविरुद्ध परेका रिटमाथिको सुनुवाइमा सर्वोच्च अदालतका न्यायाधीश हरिकृष्ण कार्कीले नबस्ने निर्णय गरेका छन्। कार्कीको उपस्थितिलाई लिएर कानून व्यवसायीहरुले प्रश्न उठाएपछि बुधबारको रिटा सुनुवाइका क्रममा कार्कीले संवैधानिक इजलासमा नबस्ने निर्णय लिएको बताइएको छ।

यसअघि खड्गप्रसाद शर्मा ओली पहिलो पटक प्रधानमन्त्री बनेको अवस्थामा प्रधानमन्त्रीको कानूनी सल्लाहकारको रुपमा कार्की बसिसकेका कारण त्यसको आधारमा कार्कीले



ओलीविरुद्ध परेको रिट निवेदनमा इजलासमा बस्नु सुहाउँदो कार्य नहुने भनी कानून व्यवसायीहरुले आवाज उठाएपछि कार्कीले उक्त निर्णय लिएको

(बाँकी अन्तिम पृष्ठमा)

## सवारी चालक अनुमतिपत्र लिन समस्या

ललितपुर/ कोरोना भाइरसको कारण १० महिना बढीदेखि बन्द रहेको चालक अनुमतिपत्रको लिखित तथा प्रयोगात्मक परीक्षाको लागि भर्खरै खुला गरिए पनि सेवाग्राहीलाई समस्या परेको छ। परीक्षाका लागि अनलाइन फाराम भर्न भनिएको अवस्थामा प्राविधिक समस्या आएपछि सेवाग्राही समस्यामा परेका हुन्।

बल्ल बल्ल खुलेको फर्ममा पनि समस्या देखिएपछि सेवाग्राहीहरु आक्रोशित भएका छन्। उनीहरुको समस्यालाई ख्याल गर्दै यातायात व्यवस्था विभागले अनलाइन फाराम भर्नका लागि सर्भरको मरमत थालेको बताएको छ।

यही पुस १९ गतेबाट वाग्मती प्रदेशमा चालक अनुमति पत्रका लागि प्रयोगात्मक परीक्षा खुला गरिएपछि लामो समयदेखि प्रतीक्षामा रहेका सेवाग्राहीको चाप ह्त्तै बढेको कारण समस्या आएको एक प्राविधिकले 'नयाँ विमर्श' लाई जानकारी दिए।

उता, विभाग अन्तर्गत ठूलो भन्याङ कार्यालयले हाल दैनिक तीन सय जनाले मात्र अनलाइन फारम भर्ने व्यवस्था

(बाँकी अन्तिम पृष्ठमा)

## अमेरिकामा नेपाली चलचित्र देखाइने

एम.पी.भट्टराई

अमेरिका/ कोरोना भाइरसको कारण सन्त्रास छाइरहेको हालको अवस्थामा अमेरिकामा नेपाल-अमेरिका अन्तर्राष्ट्रिय चलचित्र महोत्सवको चौथो संस्करण हुने भएको छ। सन् २०२१ को जुन १८ देखि २० सम्म महोत्सव हुने आयोजकले जानकारी दिएका छन्।

अन्तर्राष्ट्रिय चलचित्र महोत्सवसका लागि विश्व भरिबाट आवेदन खुला गरिएको अवस्थामा नेपालका फिचर फिल्म, वृत्तचित्र, छोटा चलचित्र, एनिमेशनका साथै सबै विधाका चलचित्रहरु प्रदर्शन गरिने बताइएको छ। नेपाल बाहेक अमेरिका, दक्षिण एशियासहित विभिन्न देशका स्वतन्त्र सिनेमाहरु यस महोत्सवको उच्च प्राथमिकतामा पर्ने बताइएको छ। वासिङ्गटन डीसी, मेरिल्याण्ड र भर्जिनियाका स्थानीय चलचित्रकर्मीहरुलाई प्रोत्साहन गर्न 'डीएमभी क्लोजअप' प्रदर्शनी हुँदै आएको छ। अन्तर्राष्ट्रिय चलचित्रकर्मीहरुको समितिले आवेदन परेकामध्येबाट उत्कृष्ट चलचित्रहरु प्रदर्शनका लागि छनोट गर्ने बताइएको

(बाँकी अन्तिम पृष्ठमा)

## संवैधानिक इजलासमा अब को ?

काठमाडौं/ सर्वोच्च अदालतमा प्रतिनिधिसभा विघटनविरुद्धको मुद्दामा आफू नबस्ने भनी न्यायाधीश हरिकृष्ण कार्कीले भनेपछि उनको सट्टामा को पर्ला भनी चर्चा चल्न थालेको छ। यो चर्चामा सर्वोच्च अदालतका न्यायाधीशद्वय आनन्दमोहन भट्टराई र सपना मल्ल प्रधानको चर्चा चलेको छ।

प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरा तथा न्यायाधीशहरु हरिकृष्ण कार्की, विश्वम्भरप्रसाद श्रेष्ठ, अनिलकुमार सिन्हा र तेजबहादुर केसीको संवैधानिक इजलासमा सुनुवाइ हुँदा अब कार्कीको सट्टामा अरु नै न्यायाधीश राख्नुपर्ने भएकाले भट्टराई र प्रधानको चर्चा चलेको हो।

कार्की हालका प्रधानमन्त्री नै पहिलो पटक प्रधानमन्त्री भएका बखत न्यायाधिवक्ताको रुपमा प्रधानमन्त्रीको सल्लाहकारका रुपमा रहेकाले हाल प्रधानमन्त्री नै विपक्षी भएको प्रतिनिधिसभा विघटनविरुद्धको मुद्दामा कार्कीले न्यायाधीशको रुपमा बस्नु शोभनीय नहुने भनी कानूनव्यवसायीहरुले आवाज बुलन्द गरेपछि कार्कीले सुनुवाइमा नबस्ने भनेका हुन्।

## उदयपुर सिमेन्टको महाप्रबन्धकमा न्यौपाने

भक्तपुर/ उदयपुर सिमेन्ट उद्योगको महाप्रबन्धकमा गोपीकृष्ण न्यौपानेलाई सरकारले सोमबार नियुक्त गरेको छ। मन्त्रिपरिषद्को बैठकले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सिफारिशमा न्यौपानेलाई नियुक्त गरेको हो। भक्तपुरको मध्यपुरथिमि नगरपालिकामा बसोबास गर्दै आएका न्यौपानेलाई चार वर्षका लागि महाप्रबन्धकमा नियुक्ति गरेको हो।

उद्योग मन्त्रालयका सचिव चन्द्रकुमार घिमिरेको संयोजकत्वमा गठित सिफारिश समितिले न्यौपाने, काठमाडौंका ध्रुवबहादुर देवकोटा र कपिलवस्तुका भूपेन्द्रप्रसाद अर्यालको नाम मन्त्रिपरिषद्मा सिफारिश गरेको थियो। यसैगरी सिफारिश समितिमा पूर्वसचिव कृष्णहरि बाँस्कोटा, रामेश्वरप्रसाद खनाल र नारायणप्रसाद



बिंडारी रहेका बताइएको छ।

न्यौपानेलाई खारिएका व्यक्तिका रुपमा लिइन्छ। नेपाल चार्टर्ड एकाउन्टेन्ट संघ तथा नेपाल बार एशोसिएशनमा आवद्ध न्यौपाने नेपाल अटो मोबाइल्स संघ (नाडा) का महासचिवसमेत भइसकेका व्यक्ति हुन्। गठ्ठाघरस्थित नागरिक ट्रष्ट फण्ड, नागरिक कम्युनिटी टिचिङ अस्पतालजस्ता सामाजिक संस्थामा आबद्ध उनी शिक्षा, स्वास्थ्य क्षेत्रमा समेत आफूलाई सक्रिय राख्दै आएका व्यक्ति भएको बताइएको छ।

न्यौपानेले त्रिभुवन विश्वविद्यालयबाट व्यवस्थापन र पूर्वाञ्चल

(बाँकी अन्तिम पृष्ठमा)

## अमेरिकामा हंगामा, ट्रम्पका समर्थक हिंसामा

बीबीसी/ अमेरिकामा राष्ट्रपति डोनाल्ड ट्रम्पका हिंसक समर्थकहरूले क्यापिटल बिल्डिङमा पसेर बुधबार हंगामा गरेका छन्। अमेरिकी कंग्रेसमा सांसदहरूले जो बाइडनको जितको पुष्टि गर्न छलफल गरिरहेका बेला यस्तो हंगामा भएको हो।

सदनमा बहस चलिरहेकै बेला अचानक ट्रम्प समर्थकहरू क्यापिटल बिल्डिङभित्र प्रवेश गरेका थिए। त्यसपछि बहस रोक्नु पऱ्यो। ट्रम्प समर्थकहरू चुनावी परिणाम रद्द गर्न माग गर्दै प्रदर्शनरत थिए। त्यसक्रममा केही प्रदर्शनकारी र प्रहरीबीच हिंसक झडप पनि भएका छन्।



अवस्था नियन्त्रण बाहिर गएपछि न्याशनल गार्डलाई क्यापिटल हिल पठाइएको छ। ह्वाइट हाउसकी प्रेस सेक्रेटरीले ट्वीट गरेर त्यसको जानकारी दिएकी हुन्। उनले ट्वीटमा लेखकी थिइन्, "राष्ट्रपति डोनल्ड ट्रम्पको निर्देशनमा न्याशनल गार्ड अन्य संघीय रक्षा सेवाहरूका साथमा बाटोमा छन्। हामी हिंसाविरुद्ध र शान्ति कायम राख्नका लागि राष्ट्रपतिको आग्रह पुन: दोहोऱ्याउँछौं।"

क्यापिटल भित्र भिड अनियन्त्रित र

(बाँकी अन्तिम पृष्ठमा)

नयाँ विमर्श
Naya Bimarsha Weekly



# गिरिजा र ओलीले विघटन गरेको संसद् भङ्गको फरक

पछिल्लो तीस वर्षमा हामीले दुई महत्वपूर्ण राजनीतिक परिवर्तन भोग्यौं – २०४६ को जनआन्दोलनले ल्याएको प्रजातान्त्रिक परिवर्तन र २०६२-६३ पछिको गणतान्त्रिक परिवर्तन। यी दुवै कालखण्डमा मैले विभिन्न राजनीतिक संस्थामा प्रत्यक्ष संलग्न रहेर प्रजातान्त्रिक र गणतान्त्रिक संक्रमणका सुरूआती जटिलता पर्गेल्ने मौका पाएँ। यस क्रममा नेपालका राजनीतिक व्यक्तित्व, राजनीतिक संस्था र राजनीतिक परिवेश तथा प्रवृत्तिलाई नजिकबाट देखें। तिनै अनुभवका आधारमा म यो स्तम्भमा नेपालको प्रजातान्त्रिक परिवर्तन र गणतान्त्रिक परिवर्तनमाथिको सैद्धान्तिक विवेचना तपाईंहरूसँग साझा गर्नेछु।

पहिलो अंकमा म आज प्रधानमन्त्री केपी शर्मा ओलीले गरेको संसद विघटन, यसले उत्पन्न गराएको संवैधानिक शून्यता र यो घटना २०५१ सालमा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले गरेको संसद विघटनसँग ऐतिहासिक रूपले समान छ कि छैन भनेर केलाउँदैछु। २०४६ पछि पहिलो जननिर्वाचित सरकारका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको स्वकीय सचिव, निजी सचिव र प्रमुख सचिवका हैसियतमा मैले त्यस बेलाको राजनीतिक आरोह-अवरोह नजिकबाट नियालेको छु। कुनै पनि राजनीतिक नेतृत्वले गर्ने निर्णयको जस-अपजसको भार ऊ स्वयंले बोकेको हुन्छ। त्यसबाट उत्पन्न परिणतिप्रति इतिहासले उसैलाई प्रश्न सोध्छ, उसैलाई जिम्मेवार ठहऱ्याउँछ। यति हुँदाहुँदै राजनीतिक नेतृत्वले लिने निर्णयहरूमा विभिन्न चाँजो मिलाउने र चाहिएका सूचना उपलब्ध गराउने सहयोगीहरू साक्षीका रूपमा रहन्छन्। म पनि २०५१ सालको संसद विघटनको त्यस्तै एक साक्षी हुँ। त्यही राजनीतिक साक्षीका हैसियतमा म अहिलेको घटना र २०५१ को घटनामा के-कति समानता छन् भनेर चर्चा गर्दैछु। प्रधानमन्त्री ओलीले संसद विघटन गरेर वैशाखमा मध्यावधि निर्वाचन घोषणा गरेपछि हामी सबै अनिश्चय र भयको भुमरीमा रूमलिएका छौं। झट्ट हेर्दा ओलीलाई संसद विघटन नगरी नहुने चुनौती कतैबाट देखिँदैन। न संवैधानिक चुनौती छ, न कुनै किसिमको नैतिक संकट। तै पनि उनले देशलाई संवैधानिक शून्यताको अन्धकार सुरुङभित्र हुँडले। बाटो बिराएको देशले अब कुन गन्तव्य समात्छ, कसैले आकलन गर्न सक्दैन। अन्धकार सुरुङको अर्को किनारमा उज्यालो छ कि छैन, त्यो पनि हामीलाई थाहा छैन। देशलाई यो अन्धकार र शून्यताबाट सही दिशामा ल्याउने एउटै मात्र शक्ति अब सर्वोच्च अदालतको हातमा छ।

यसबीच राजनीतिक दलहरू आ-आफ्नो कसरतमा छन्। कसैले संसद विघटनको स्वागत गरेका छन्, कोही विरोध गर्दैछन्। सत्तारूढ दल विभाजनको संघारमा छ। राज्यका विभिन्न संस्था, जसले यो मुद्दामा तटस्थतापूर्वक निर्णय गर्नुपर्ने हो, उनीहरूको विश्वसनीयतामाथि नै प्रश्न उठेको छ। यस्तो अवस्थामा हाम्रोअगाडि राजनीति कतातिर जाला भन्ने प्रश्न त छँदैछ, तर म यो भविष्यवाणी गर्नुभन्दा अहिलेको घटनालाई ऐतिहासिक दृष्टिबाट विवेचना गर्न चाहन्छु। सबभन्दा पहिले त, घटनाहरू ऐतिहासिक रूपले समानान्तर हुन्छन् कि हुँदैनन्? निश्चय पनि प्रधानमन्त्री ओलीले संसद विघटन गर्नु आफैंमा एक विशिष्ट घटना हो। यसलाई गिरिजाप्रसाद कोइरालाले २०५१ मा गरेको संसद विघटनसँग ऐतिहासिक रूपले समानान्तर छ भनेर जोड्न मिल्दैन। त्यो एकदमै अलग परिस्थितिमा भएको घटना थियो, अहिलेको परिस्थिति अर्कै छ। हुन त २०५१ को उक्त घटनालाई राजनीतिक अस्थिरताको सुरूआत विन्दुका रूपमा पनि हेरिन्छ। कोइरालाको कदमले देशलाई सरकार परिवर्तन र संसद विघटनको अनिश्चित र अन्यौलपूर्ण शृंखलामा प्रवेश गरायो भनेर विश्लेषण गरिन्छ। यसमा मेरो आफ्नै तर्क छ। प्रधानमन्त्री परिवर्तन हुनु र संसदीय चुनाव हुनु नै राजनीतिक अस्थिरताको परिचायक होइन। त्यसो हो भने तीसवर्षे पञ्चायत कालमा राजाको प्रत्यक्ष शासन थियो, अभूतपूर्व स्थायित्व थियो। त्यो बेला त सरकार परिवर्तन हुनै नपर्ने! तै पनि पञ्चायत कालका कुनै प्रधानमन्त्रीले निश्चित अवधिभर काम गर्न पाएनन्। यसले हामीलाई के बुझाउँछ भने, सरकार बदलिनु भनेको राजनीतिक स्थिरताको अन्त्य होइन।

### त्यसो भए के हो त ?

राजनीतिक स्थिरता भनेको राजनीतिक संस्थाहरूको स्थिरता हो। लोकतन्त्रमा प्रधानमन्त्री आउने-जाने, संसदमा बहुमत पुग्ने-नपुग्ने आफ्नो ठाउँमा छँदैछ। सरकारका नीति तथा कार्यक्रम सफल हुने कि नहुने भन्ने पनि आफ्नो ठाउँमा छ। त्यसले मात्र राजनीतिक स्थिरता निर्धारण गर्दैन। जब राजनीतिक संस्थाहरूमा संवैधानिक विचलन आउँछ, जब ती संस्थालाई संविधानले तोकेको समय-सीमाअनुरूप काम गर्न दिइँदैन, त्यसले देशलाई अस्थिरतातर्फ धकेल्छ। विगत केही समयदेखि हामी निर्वाचन आयोग, सर्वोच्च अदालतजस्ता संस्थामा राजनीतिक हस्तक्षेपका कुरा सुनिरहेका छौं, पत्रपत्रिकामा पढिरहेका छौं। झट्ट हेर्दा यी संस्थामा स्थिरता त देखिन्छ, तर जब यस्ता संस्थाको काम-कारबाहीमा जनताले प्रश्न उठाउन थाल्छन्, तब त्यसले विचलन ल्याउँछ। यसबाट ती संस्थाको मात्र होइन, हाम्रो लोकतन्त्रको स्थिरतासमेत खल्बलिन्छ।

भनाइको तात्पर्य के भने, हामीले खोजेको नेतृत्वको स्थायित्व होइन, राजनीतिक संस्थाहरूको स्थायित्व हो। हामीले कुनै अमुक प्रधानमन्त्री वा अमुक न्यायाधीश वा आयुक्तको स्थायित्व खोजेको होइन। हामीले त संविधानले व्यवस्था गरेका राजनीतिक संस्थाहरू कति स्वायत्त छन्, ती संस्थाले संविधानको परिधिभित्र काम गर्न पाएका छन् कि छैनन्, त्यो हेर्ने हो। राजनीतिक स्थिरताको परिचायक भनेको यही हो। नेपालको हरेक संस्था, जहाँ राजनीतिक रूपले नेतृत्व चुनेर पठाइन्छ, त्यसको स्थायित्वमै हाम्रो राजनीतिक स्थायित्व निहीत हुन्छ। जब ती संस्थाको काम, कर्तव्य, अधिकार र मूल्य-मान्यतामा प्रहार गरिन्छ, जब ती संस्थामा संविधानको मर्मविपरीत हलचल ल्याउने कुचेष्टा गरिन्छ, तब हामीले खोजेको राजनीतिक स्थायित्वमा प्रश्न खडा हुन्छ। देश अन्यौल, अनिश्चय र अस्थिरताको अन्धकार सुरुङभित्र प्रवेश गर्छ।

प्रधानमन्त्री ओलीले संसद विघटन गरेपछि कतिपय बुद्धिजीवीले यस्तो घटना पहिलोचोटि भएको होइन, त्यसैले अत्तालिनुपर्दैन भनिरहेका छन्। संसद विघटन र त्यसबाट उत्पन्न राजनीतिक अस्थिरताको शृंखला गिरिजाप्रसाद कोइरालाकै पालादेखि सुरू भएको हो भन्ने उनीहरूको तर्क छ। तर, के यी दुवै घटना उस्तै हुन्? के ओलीको संसद विघटन निर्णयलाई आजभन्दा पच्चीस वर्षअघि कोइरालाले गरेको संसद विघटनसँग दाँजेर हेर्नु न्यायोचित होला? सबभन्दा पहिले त, कोइरालाले कस्तो परिस्थितिमा संसद विघटन गरेका थिए, त्यो हेरौं। यो लेख तयार पार्ने क्रममा मैले त्यति बेलाको आफ्नो डायरी र नोटहरू पल्टाएको थिएँ। दिनहुँको अपडेट त लेखेको रहेनछु, तर कोइराला सरकार गठन भएदेखि संसद विघटनसम्म पुग्दा कुन साता वा कुन महिना के-कस्ता गतिविधि भए भनेर घटनाक्रमहरूको टिपोट भने राखेको रहेछु।

ती टिपोट हेर्दा मैले के पाएँ भने, कोइरालाले प्रधानमन्त्रीका रूपमा शपथग्रहण गरेको दिनदेखि कुनै त्यस्तो महिना वा साता रहेनछ, जब उनीविरुद्ध प्रदर्शनले काठमाडौंको सडक तातेन। चाहे त्यो निजामती कर्मचारीहरूको आन्दोलन होस्, टनकपुर सम्झौताको विरोध होस् वा दासढुंगा दुर्घटनामा तत्कालीन एमाले महासचिव मदन भण्डारी र जीवराज आश्रितको निधनपछि उर्लेको प्रतिपक्षी आक्रोश। त्यति बेला कोइराला स्वयंले 'यत्रो ठूलो जनआन्दोलनपछि प्राप्त प्रजातन्त्र जगेर्ना गर्न कम्तिमा एक वर्ष कुनै किसिमको विरोध नगरौं, सरकारलाई स्थिर रूपमा काम गर्न दिउँ' भनेर बारम्बार अनुरोध गरेको रेकर्डमा छ। यति भन्दाभन्दै प्रतिपक्षी एमालेले सरकारको विरोधमा सडक र सदन अवरुद्ध गर्न कुनै कसर छाडेन। दुई सय पाँच सदस्यीय संसदमा एक सय तेह्र सिट जितेर सुविधाजनक बहुमत ल्याएको सरकारका प्रधानमन्त्रीलाई सत्ताच्यूत गर्न प्रतिपक्षीहरूले पटक-पटक राजीनामा मागे।

सबभन्दा ठूलो कठिनाइ त कोइरालाले आफ्नै पार्टीभित्र भोग्नुपऱ्यो। काँग्रेसका ३६ जना सांसद कोइरालासँग असन्तुष्ट थिए। आफ्नै सरकारले ल्याएको नीति तथा कार्यक्रममाथि छलफल हुँदा उनीहरू संसद बैठकमा अनुपस्थित रहे। यसले कोइराला सरकारको नीति तथा कार्यक्रम मात्र फेल खाएन, काँग्रेस सरकार नै असफल साबित भयो। यहाँनिर हामीले काँग्रेसभित्र उत्पन्न आन्तरिक कलहको पनि विवेचना गर्नुपर्ने हुन्छ। त्यत्रो जनआन्दोलन नेतृत्व गरेको र राजालाई सर्वेसर्वाबाट संवैधानिक दायरामा ल्याउन सफल काँग्रेस पार्टीभित्र कलहको बीजारोपण कसरी भयो? यसको पछाडि अनौठो सामाजिक पृष्ठभूमि छ, जसको चर्चा नगरी तत्कालीन राजनीतिक परिस्थितिको बुझाइ अपूर्ण हुन्छ। धेरैले भन्छन्, काँग्रेसभित्र आन्तरिक शक्ति संयोजन बिपी कोइराला र मातृकाप्रसाद कोइरालाकै समयदेखि चल्दै आएको छ। म त्यति परसम्म जान चाहन्न। म बिपी कोइराला उपचार निम्ति बैंकक जानुअघिको घटनाबाट प्रसंग जोड्छु।

मलाई सम्झना छ, हामी चाबहिलको घरमा बिपीलाई भेट्न लाम लागेर बसेका थियौं। उहाँ आफ्ना कार्यकर्ता र शुभेच्छुकहरूसँग समूह-समूहमा भेट्दै हुनुहुन्थ्यो। ती सबैसँग आफू उपचार निम्ति जान लागेको र फर्केर आउँदा कस्तो परिस्थिति होला भनेर कुराकानी गर्नुहुन्थ्यो। कम्पनयुक्त मसिनो स्वरमा उहाँ भन्नुहुन्थ्यो, 'तपाईंहरू सबै मिलेर बस्नुहोला। मैले पार्टी तीन जना योग्य नेताहरूको हातमा छाडेको छु।' यसो भन्दा उहाँले तीन नेताको नाम क्रमैसँग लिनुभयो – गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइराला। बिपीको भनाइमा मात्र होइन, पार्टीमा योगदान र सम्मानका दृष्टिले पनि यी तीन नेताको नाम यही क्रममा आउँथ्यो। विद्यार्थीहरू नारा लगाउँदा सबभन्दा पहिला लौहपुरूष गणेशमान सिंहको नाम लिन्थे। त्यसपछि सन्त नेता कृष्णप्रसाद भट्टराई र आखिरीमा क्रान्तिकारी नेता गिरिजाप्रसाद कोइरालाको नाम आउँथ्यो। कुनै सभा-समारोहमा आसन ग्रहण गराउँदा यी तीन जनालाई यही क्रमअनुसार राखिन्थ्यो। कुनै कार्यक्रमको पोस्टर वा पर्चामा यही क्रमअनुसार उहाँहरूको तस्बिर छापिन्थ्यो।

काँग्रेसका यी तीन नेताको आ-आफ्नै राजनीतिक योगदान र लोकप्रियता थियो। कृष्णप्रसाद भट्टराईले जिन्दगीभरि नेपालभित्र बसेर राजनीति गर्नुभयो। उहाँ विद्रोही र विनोदी स्वभावको हुनुहुन्थ्यो। गाह्रोभन्दा गाह्रो प्रश्नमा सजिलोसँग जवाफ दिनुहुन्थ्यो। गणेशमान सिंह बिपीसँग लामो संगत भएको व्यक्ति हुनुहुन्थ्यो। उहाँलाई संघर्ष, बलिदान, अटल साहस र विश्वासको प्रतीक मानिन्थ्यो। उहाँकै नेतृत्वमा चाक्सीबारी घरबाट २०४६ सालको जनआन्दोलनको बिगुल बज्यो। त्यही भएर उहाँको घर लोकतन्त्रमा विश्वास गर्नेहरूको निम्ति आस्थाको केन्द्र थियो। गिरिजाप्रसाद कोइरालाले भने सशस्त्र आन्दोलन, जहाज अपहरणदेखि विभिन्न संगठनात्मक गतिविधिमा सक्रिय नेतृत्वको भूमिका निर्वाह गर्नुभयो। बेग्लाबेग्लै विशेषता र फरक क्षमताका कारण उहाँहरू एकअर्काका परिपूरक हुनुहुन्थ्यो। बिपीले



हरि शर्मा

यही देखेर संयुक्त रूपमा पार्टी जिम्मा लगाउनुभएको थियो। जब २०४६ को जनआन्दोलनले परिवर्तन ल्यायो, सर्वोच्च कमाण्डर तथा शीर्षनेताको मर्यादाक्रममा माथिल्लो स्थानमा रहेका गणेशमान सिंहले अन्तरिम प्रधानमन्त्री बन्न अस्वीकार गर्नुभयोतयस्। उहाँले आफू अभिभावकत्वको भूमिकामा रहने र पार्टीका तत्कालीन कार्यवाहक अध्यक्ष कृष्णप्रसाद भट्टराईलाई अन्तरिम प्रधानमन्त्री बनाउने प्रस्ताव गर्नुभयो। भट्टराईले अन्तरिम प्रधानमन्त्रीको भूमिका बखुबी निर्वाह गर्नुभयो। एक वर्षभित्रै संविधान जारी गर्नुका साथै २०४८ को आमनिर्वाचन सम्पन्न गराउनु उहाँको सफलता हो।

यहाँसम्म त ठिकै थियो, तर आमनिर्वाचनले उनै कृष्णप्रसाद भट्टराईलाई हराएर अत्यन्त क्रूर परिणाम दियो, जसलाई काँग्रेसले सहजै स्विकार्न सकेन। गणेशमान सिंहले आफूलाई अभिभावकको भूमिकामा सीमित गरेका बेला दोस्रो मर्यादाका नेता कृष्णप्रसाद भट्टराई पनि चुनाव हारेपछि मर्यादाक्रमको सबभन्दा तल्लो स्थानमा रहेका गिरिजाप्रसाद कोइराला एकाएक प्रधानमन्त्रीको सर्वोच्च पदमा आसीन हुन पुग्नुभयो। यसले अनौठो परिस्थिति निर्माण गऱ्यो। जुन बेला कोइराला प्रधानमन्त्री हुनुभयो, त्यो बेला संसदीय दलको बैठकधरि बसेन, बरू संसदीय बोर्डको बैठक बस्यो। केन्द्रीय कमिटी र बोर्डले कोइरालालाई प्रधानमन्त्री चयन गऱ्यो। उहाँको नाम प्रस्ताव गर्ने गणेशमान सिंह र कृष्णप्रसाद भट्टराई नै हुनुहुन्थ्यो। सांसद नै नरहेका यी दुई व्यक्तिबाट कोइराला प्रधानमन्त्री चुनिएको घटना अहिले असहज लाग्न सक्छ, तर त्यो बेला काँग्रेसले सहज रूपमा लिएको थियो। यति हुँदाहुँदै त्यो घटनाले काँग्रेसभित्र लामो समयदेखि रहेको मर्यादाक्रमको मनोविज्ञान भंग गरिदियो। गणेशमान, कृष्णप्रसाद हुँदै गिरिजाप्रसादलाई तेस्रो मर्यादाक्रममा हेर्दै आएका नेता तथा कार्यकर्ताले कोइरालालाई प्रधानमन्त्री पदमा सजिलै स्विकार्न सकेन।

यसको कारण के भने, काँग्रेसको तत्कालीन नेतृत्व वरिपरि जुन समूह निर्माण भएको थियो, त्यो नितान्त भिन्नाभिन्नै परिवेशबाट आएको थियो। कोइराला निकटका मान्छे धेरैजसो उहाँसँगै संगठनमा काम गरेकाहरू थिए। भट्टराई निकटका नेता-कार्यकर्ता काठमाडौंमै रहेर राजनीति गरेका र नेविसंघको राजनीतिबाट आएकाहरू थिए। अनुभव, संगत र विचार विनिमयका आधारमा उनीहरू एकअर्कासँग भिन्न थिए। यसलाई म अन्यथा लिन्न, तर यस्तो सामाजिक परिस्थितिले पार्टीभित्र एक किसिमको विग्रहको सूत्रपात भने गरायो। यसले राजनीतिक संस्थाहरूको केन्द्रबाट पहिलेका मान्छे सबै हटे र यस्तो समूहको प्रवेश भयो, जसलाई राजनीतिक संस्थाहरूले चिनेकै थिएनन्, वा काठमाडौंले चिनेको थिएन। कोइराला काठमाडौंको निम्ति 'आउटसाइडर' हुनुहुन्थ्यो। उहाँलाई बिपीको भाइका रूपमा मात्र काठमाडौंले चिन्थ्यो। उहाँको रहनसहन, उठबस र लवाइखवाइ पनि काठमाडौंसँग मेल खान्थेन। काठमाडौंको त्यो बेलाको राजनीतिलाई 'इन्साइडर भर्सेस आउटसाइडर' का रूपमा लिने गरिन्छ। यसरी 'आउटसाइडर' व्यक्ति राजनीतिक संस्थाको केन्द्रमा आएकाले पनि पार्टीभित्र र बाहिर गतिरोध उत्पन्न भएको हो कि भन्न सकिन्छ। यसको सार के भने, काँग्रेसको आन्तरिक किचलो तीन शीर्ष नेतृत्वलाई पछ्याउने नेता-कार्यकर्ताको सामाजिक पृष्ठभूमि र केही हदसम्म उनीहरूको आर्थिक परिवेश र आर्थिक चाहनाले निर्धारण गऱ्यो। यसमा को ठिक थिए, को बेठिक थिए म भन्न चाहन्न। अहिले फर्केर हेर्दा जनआन्दोलनपछिको संक्रमणकालीन परिस्थिति बुझ्न नसक्नु र तीन शीर्षनेताको शक्ति संयोजन गर्न नसक्नुले पार्टी आन्तरिक विग्रहमा गयो भन्ने मलाई लाग्छ।

यही विग्रह भ्याँगिदै अन्ततः काँग्रेसभित्र ३६ जना सांसदको असन्तुष्ट समूहले संसदमा अनुपस्थित रही आफ्नै सरकारको नीति तथा कार्यक्रम फेल गराइदियो। त्यति बेला संसदमा अनुपस्थित केही सांसदले अहिले आएर 'हामी बैठकमा आउँदै थियौं, षड्यन्त्रपूर्वक ढोका बन्द गरियो' भन्ने बयान दिएका छन्। ऐतिहासिक तथ्य के हो भने, त्यस दिन ३६ जना सांसद गयल हुँदा काँग्रेस सरकारले ल्याएको नीति तथा कार्यक्रम पास हुन सकेन। पार्टीभित्रको त्यही असन्तुष्ट समूह तह लगाउन कोइरालाले संसद विघटन गरेका हुन् भन्ने एकथरीको भनाइ छ। हुन त कोइरालाले प्रधानमन्त्रीका हैसियतबाट राजीनामा दिए पनि संसद कायम राख्न सक्नुहुन्थ्यो। असन्तुष्ट पक्ष संसदमा अनुपस्थित रहे पनि आफूप्रति संसदीय दलको विश्वास कायम छ भनी प्रमाणित गर्ने सुविधा उहाँलाई थियो। किनभने, सरकारको नीति तथा कार्यक्रम फेल भए पनि संसदमा काँग्रेसको बहुमत डगमगाएको थिएन। असन्तुष्ट सांसदहरूले पार्टीभित्र अर्को समूह बनाएर त्यसलाई वैधानिकता दिने काम गरेका थिएनन्। उनीहरूले कोइरालाविरुद्ध संसदीय दलमा अविश्वास प्रस्ताव ल्याएका भए र त्यसमा मतदान हुँदा कोइराला पराजित भएका भए कुरा अर्कै हुन्थ्यो। तर, प्राविधिक रूपमा ती ३६ जना असन्तुष्ट सांसद अनुपस्थित हुँदैमा संसदीय दलको बैठक नबस्ने कुरा आउँदैन थियो। यसबाट कोइराला नेतृत्वमा नरहने भन्ने पनि हुँदैन थियो। अर्को महत्वपूर्ण कुरा, पार्टी केन्द्रीय कमिटी वा संसदीय दलको बैठक बस्दा कसैले पनि कोइरालाविरुद्ध अविश्वास प्रकट गरेका थिएनन्। विभिन्न विधेयक र पार्टीको आन्तरिक किचलोलाई लिएर संसदीय दलको नियमित बैठक बस्दा कोइरालाले नै अध्यक्षता गर्नुहुन्थ्यो। आमन्त्रितका रूपमा कृष्णप्रसाद भट्टराई पनि सरिक हुने चलन थियो। त्यहाँ कसैले पनि कोइरालाले राजीनामा दिनुपर्छ भनेर औपचारिक रूपमा कुरा उठाएका थिएनन्। त्यो तत्कालीन काँग्रेस संसदीय दल बैठकको रेकर्डमै छैन।

यी सबै वस्तुस्थिति फर्केर सोच्दा, कोइराला आफैंले संसदीय दलको बैठकमा आफूप्रति विश्वास छ कि छैन भनेर छलफल गराएको भए बेस हुन्थ्यो कि भन्ने मलाई लाग्छ। मलाई सम्झना छ, त्यस दिन संसदमा नीति तथा कार्यक्रममाथि धन्यवाद प्रस्ताव फेल भएपछि कोइराला सरासर बालुवाटार फर्किनुभयो। म बिहानैदेखि उहाँसँगै थिएँ। उहाँले बालुवाटारमा संसदीय दलको बैठक डाक्ने चाँजो मिलाउन मलाई निर्देशन दिनुभयो। दरबारमा मुख्यसचिवसँग समय पनि लिन लगाउनुभयो। कृष्णप्रसाद भट्टराईसँग भने उहाँले आफैं कुराकानी गर्नुभयो। त्यसपछि नीति तथा कार्यक्रम फेल भएकै दिन बालुवाटारमा संसदीय दलको बैठक बस्यो। त्यही बैठकमा कोइरालाले प्रधानमन्त्रीबाट राजीनामा दिने, संसद विघटन गर्ने र आगामी निर्वाचन घोषणा गर्ने प्रस्ताव राख्नुभयो। उहाँले बइकाइदा संसदीय दलको बैठकमा प्रस्ताव राखेर, त्यही बैठकबाट म्यान्डेट लिएर संसद विघटन र मध्यावधि निर्वाचन घोषणा गर्नुभएको थियो। कृष्णप्रसाद भट्टराई पनि उक्त बैठकमा सहभागी हुनुहुन्थ्यो। असन्तुष्ट सदस्यहरू भने आएका थिएनन्।

यी सबै घटनाक्रम हेर्दा अहिलेको परिवेश र त्यो बेलाको परिवेशमा दुईवटा आधारभूत भिन्नता छन्। पहिलो, पार्टीभित्रको असन्तुष्ट समूह कोइरालाको विपक्षमा उभिए पनि नेतृत्व औपचारिक रूपले सधैं उहाँको पक्षमा रह्यो। उदाहरणका लागि, प्रतिपक्षी एमालेले पटक-पटक प्रधानमन्त्री कोइरालाको राजीनामा माग्दै संसद अवरुद्ध गरेको थियो। चाहे त्यो निजामती कर्मचारीको आन्दोलनमा होस् वा टनकपुर सम्झौता, मदन मण्डारीको दुर्घटनापछि होस् वा नयाँबानेश्वरमा भारतीय प्रहरीको आगमन हुँदा। यी सबै घटनामा कृष्णप्रसाद भट्टराई कोइरालाकै पक्षमा उभिनुभयो। कतिसम्म भने, प्रतिपक्षी एमालेले प्रधानमन्त्रीको राजीनामा गराउन दबाब दिँदा पनि उहाँ मिठा कुरा गरेर टार्नुहुन्थ्यो, तर प्रधानमन्त्रीलाई 'तिमी राजीनामा गर' भनेर कहिल्यै भन्नुभएन। पार्टी केन्द्रीय कमिटी जहिल्यै प्रधानमन्त्रीको पक्षमा उभियो। यसबाट के बुझिन्छ भने, काँग्रेसभित्र आन्तरिक तनाव रहे पनि संसद विघटनको समयसम्म आउँदा औपचारिक रूपले फुट आइसकेको थिएन। लोकतान्त्रिक व्यवस्थाप्रति आस्थाले नै काँग्रेस नेतृत्वलाई एकजुट राखेको हो भन्ने मलाई लाग्छ। त्यो घटनालाई अहिलेको संसद विघटनसँग जोडेर हेर्दा पार्टीको आन्तरिक विग्रहले नै दुवै राजनीतिक नेतृत्वलाई संशय र अस्थिरतामा लगेको र संसद विघटनको अवस्थासम्म पुऱ्याएको देखिन्छ। तर, सन्दर्भ फरक छन्। त्यो बेला नेपाली काँग्रेस एउटै पार्टी थियो, शीर्षनेताहरू औपचारिक रूपले एकैठाउँ थिएँ। दोस्रो तहका नेता-कार्यकर्ताको मन मात्र नमिलेको थियो, त्यो पनि पार्टीभित्रको लामो सामाजिक पृष्ठभूमिका कारण, जसको चर्चा मैले माथि गरिसकेको छु। अहिले सत्तारूढ नेकपा भने दुइटा पार्टी एकीकरण भएर बनेको हो। उनीहरूको एकता प्रक्रिया सकिएको होइन कि सुरू नै भएको थिएन भन्ने धेरैको अनुमान हुन्छ। एकता प्रक्रिया पूर्ण नहुँदै शीर्षनेताहरूमा फुट आएको देखिन्छ। यसरी दुइटा ठूला पार्टी मिलेर बनेको र आमनिर्वाचनमा बहुमत ल्याएको शक्तिशाली राजनीतिक गठबन्धनलाई एकढिक्का राख्नु नेतृत्वकै जिम्मेवारी थियो। यहाँ कुन नेताको अपेक्षा के थियो भन्नेबारे सबै जानकार थिए। केपी ओली र पुष्पकमल दाहालबीच आलोपालो प्रधानमन्त्री हुने सम्झौता भएको थियो भन्ने कुरा आएको छ। त्यो सम्झौता पालना नभएपछि पार्टीभित्र उत्पन्न किचलो अहिलेको अवस्थासम्म पुगेको हो भन्ने मत पनि छ। माधवकुमार नेपाल र झलनाथ खनाल भने पार्टीभित्र कुनै भूमिका नपाएर ओलीसँग चिढिएका हुन् भन्ने भनाइ छ।

शीर्ष नेताहरूबीच उत्पन्न यस्तो विग्रहलाई आन्तरिक छलफलबाटै सम्बोधन गर्न सकिन्थ्यो। संसद विघटन गरेर देशलाई नै संवैधानिक धरापमा पार्नुपर्ने थिएन। घर-कलहको झोँकमा कसैले समाज नै सखाप हुने गरी डढेलो लगाउँछ भने त्यो कानुनी रूपमा अपराध ठहरिन्छ। केपी ओलीले त्यस्तै कदम चालेर संवैधानिक अपराध गरेका छन्। अर्कातिर, गिरिजाप्रसाद कोइरालाले संसदीय दलको बैठक डाकेर संसद विघटन र मध्यावधि निर्वाचनको प्रस्ताव अनुमोदन गराएका थिए। त्यो भनेको कुनै पनि प्रधानमन्त्रीले लिने वैधानिक बाटो हो। ओलीलाई पनि संसदीय दलमा आफ्नो बहुमत छ भन्ने विश्वास भइदिएको भए उनी त्यही बैठकमा जान सक्थे। आफ्नो नेतृत्वलाई बैठकबाट पुनर्स्थापित गर्न सक्थे। तर, उनले संसदीय दलको सामना गर्न चाहेनन्। संसद विघटनजस्तो गम्भीर कदम चाल्दा पनि मन्त्रिपरिषद र आफ्ना निकट नेताहरूलाई जानकारी नदिएको देखिन्छ। हामीले के पनि बिर्सनुहुन्न भने, २०५१ सालमा बहुमतप्राप्त सरकारले ल्याएको नीति तथा कार्यक्रम फेल खाएको थियो। यसको अर्थ, कोइराला सरकार मात्र फेल भएको होइन। नेपाली काँग्रेसकै सरकार फेल भएको हो। कृष्णप्रसाद भट्टराईले आफ्ना सांसदहरूलाई बारम्बार 'तपाईंहरू भोट हाल्न जानुस्' भन्दाभन्दै ३६ जना असन्तुष्ट सांसद बैठकमा अनुपस्थित भएका थिए। यस्तो अवस्थामा काँग्रेसभित्रैबाट अर्को नेतृत्वको सरकार बनाएर नयाँ नीति तथा कार्यक्रम प्रस्तुत गर्नु नैतिक रूपले उचित हुन्छ कि हुँदैन भन्ने प्रश्न थियो। केपी ओलीमाथि भने त्यस्तो कुनै किसिमको नैतिक दबाब थिएन। उनले विशुद्ध रूपमा घर-झगडा सुल्झाउन नसकेर रिसको आवेगमा संसद विघटन गराएको देखिन्छ।

दोस्रो भिन्नता हो, संवैधानिक प्रावधानको। २०४७ सालको संविधानले प्रधानमन्त्रीलाई केही विशिष्ट अधिकार दिएको थियो। प्रधानमन्त्रीले आवश्यक ठानेमा संसद विघटन गर्ने अधिकार उक्त संविधानले दिएको थियो। उक्त संविधानको धारा ५३ (४) ले भन्छ-'श्री ५ बाट प्रधानमन्त्रीको सिफारिसमा प्रतिनिधिसभा विघटन गर्न सकिबक्सने छ। त्यसरी प्रतिनिधिसभा विघटन गरिबक्सँदा छ महिनाभित्र नयाँ प्रतिनिधिसभाका लागि निर्वाचन हुने मितिसमेत तोकिबक्सनेछयसस।' अहिलेको संविधानले प्रधानमन्त्रीलाई यस्तो विशिष्ट अधिकार दिएको छैन। प्रधानमन्त्रीको अधिकार किन सकुञ्चित पारियो त भन्ने प्रश्न उठ्न सक्छ। समाजको परिवर्तनले राजनीतिक संस्थाहरूलाई परिवर्तन गराउँदै लैजान्छ। २०४७ को संविधानले प्रधानमन्त्रीलाई त्यस्तो विशिष्ट अधिकार दिँदा जुन किसिमको अस्थिरता र अन्यौल उत्पन्न भयो, त्यही हेरेर २०६२-६३ पछि संविधान मस्यौदाकारहरूले इतिहासको गल्तीबाट पाठ सिक्ने जमर्को गरे। राजनीतिक संस्थाहरूको स्थायित्व सुनिश्चित होस् भनेर जुन बेलासम्म संसदले प्रधानमन्त्री दिनसक्ने गुञ्जायस रहन्छ, तबसम्म संसद विघटन गर्न पाइँदैन भनेर संविधानमै बन्देज लगाए। यस्तो संवैधानिक बन्देज २०४६ पछिको संसदीय अभ्यासबाटै आएको हो। अनुभवजन्य विधि निर्माणको प्रक्रियाले नै हामीलाई यहाँसम्म ल्याइपुऱ्याएको हो। संविधानमा यस्तो प्रावधान राख्न सहमति जनाउने यिनै दलहरू हुन्। यिनै नेताहरू हुन्। अहिले आएर प्रधानमन्त्री ओलीले आफूसँग हुँदै नभएको अधिकार प्रयोग गरेर संसद विघटन गर्दा उनीनिकट नेताहरू मौनता साँधेर साक्षी बसेका छन्। उल्टो गिरिजाप्रसाद कोइरालाले विघटन गर्न पाउने, ओलीले चाहिँ किन नपाउने भन्ने प्रश्न गर्छन्। यो भनेको संवैधानिक प्रावधानबाट आँखा चिम्लेर जानाजान देशलाई भड्खालोमा खसाल्नु हो।

२०४७ मा संविधान जारी भएपछि देशले तीस वर्षको लामो यात्रा पार गरिसकेको छ। त्यो संविधानले लोकतन्त्र, बहुलवाद र समावेशिताको हाम्रो आकांक्षालाई पूर्ण रूपमा सम्बोधन गर्न सकेन भनेरै २०६२ सालमा दोस्रो जनआन्दोलन भयो। त्यही जनआन्दोलनको बलमा संविधानसभा निर्वाचन गरेर हामीले जनताका प्रतिनिधिबाट नयाँ संविधान लेख्यौं। यी सबै घटनाक्रम बिर्सेर ओलीको कदमलाई कोइरालासँग दाँज्नु भनेको देशलाई तीस वर्षपछाडि धकेल्नु हो, प्रतिगमनतर्फ लैजानु हो। यहाँ मलाई कतै हामीले प्रजातान्त्रिक संक्रमण र गणतान्त्रिक संक्रमणलाई जोड्न सकेनौं कि भन्ने पनि लाग्छ। एउटा उदार राजनीतिमा विश्वास गर्ने मान्छेको हैसियतले म के अनुभव गर्दैछु भने, प्रजातान्त्रिक आन्दोलनको जगमा उभिएरै गणतान्त्रिक आन्दोलन सम्भव भएको हो। यही गणतान्त्रिक आन्दोलनको बलमा हामीले राज्यलाई समावेशी बनाउने, संघीय व्यवस्थामा लैजाने र धर्म निरपेक्षताको प्रबन्ध गर्ने संविधान ल्याएका हौं। यी दुइटा परिवर्तनको मर्म बुझ्न नसक्दा नेपाली राजनीति अलमलिएको हो कि भन्ने मलाई लागेको छ। २०६२-६३ को जनआन्दोलनपछि जब संविधानसभा घोषणा भयो, हामीले धेरैका मुखबाट सुनेका थियौं, 'सत्तरी वर्षअघि नेपाली जनताले देखेको आफ्नो संविधान आफैंले बनाउने सपना बल्ल पूरा भएको छ, यो ऐतिहासिक घडी हो।' तर, त्यो ऐतिहासिक घडीमा जुन संविधानको मोटो किताब नमन गर्दै हामीले संघीय गणतान्त्रिक नेपालको जग बसाल्यौं, आज पाँच वर्ष नबित्दै जनताले बनाएको संविधानमाथि कसरी खेलबाड गर्न सक्छौं? यसो गरेर हामीले जनताको सत्तरी वर्षको आकांक्षामाथि नै नाइन्साफी गरेनौं र?

त्यति बेला कोइरालाको कदमपछि संसद विघटनको जुन क्रम सुरू भयो, राजनीतिक संस्थाहरूमा जुन खालको अस्थिरता उत्पन्न भयो, तिनै घटनाक्रम हेरेर हामीले अहिलेको संविधानमा संसदको स्थायित्वमा जोड दिएका हौं भन्ने बिर्सनुहुन्न। अहिले आएर कोइरालाले चालेको कदमबाट उत्पन्न परिणतिको पाठ सिक्ने कि त्यसैलाई नजिर मानेर इतिहासको गल्ती दोहोऱ्याउने? यसबाट के बुझिन्छ भने, हामी जतिसुकै बलियो राजनीतिक संस्था निर्माण गरौं, जतिसुकै नयाँ-नयाँ प्रावधान लागू गरौं, ऐतिहासिकताबाट पाठ सिकिएन भने त्यसको कुनै अर्थ छैन। यहाँनिर म नेपालको हरेक राजनीतिक निर्णय कसरी षड्यन्त्र र शंकामा गएर जोडिन्छ भन्ने पनि चर्चा गर्न चाहन्छु। जब कुनै घटनालाई हामी सैद्धान्तिक रूपमा विवेचना गर्न असफल हुन्छौं, तब त्यसलाई षड्यन्त्रको दृष्टिबाट हेर्न थाल्छौं। षड्यन्त्रको दृष्टिबाट गरिने राजनीतिक विवेचनाले हामीलाई कमजोर बनाउँछ। कसले कसलाई भेट्यो र कसका कारणले यस्तो अवस्था आयो भनेर षड्यन्त्रको तानाबाना बुन्नुको कुनै अर्थ छैन। यो सबै हाम्रै कमी-कमजोरीले भएको हो। कोही अमुक मान्छे विमानमा चढेर आउँदैमा र नानावली सल्लाह दिँदैमा हाम्रो संसद भत्किन्छ भने त्यसले हाम्रै निरीहता देखाउँछ। यस्तो निरीहताले हाम्रो निर्णय गर्न सक्ने क्षमता, स्वायत्तता, यत्रो वर्षको त्याग, संघर्ष र बलिदानको गाथालाई खरानी बनाउँछ। यसले नेपालको राजनीतिलाई अझ बढी कमजोर र अझ बढी अर्काको हातमा पुऱ्याउँछ। त्यसैले, राजनीतिक विश्लेषण गर्दा हामीले षड्यन्त्रको विवेचनालाई चिर्दै जानुपर्छ। षड्यन्त्र भएकै रहेछ भने पनि त्यसलाई बेलैमा उजागर गर्न सक्नुपर्छ।

अहिलेको घटनामा राष्ट्रपतिको भूमिकामाथि पनि सवाल उठेको छ। पहिलो राष्ट्रपति डा. रामवरण यादवको आठवर्षे कार्यकालमा त्यो संस्थानजिक रहेर काम गरेको अनुभवका आधारमा म के भन्न चाहन्छु भने, कुनै पनि संस्थाको सामाजिक र राजनीतिक सम्बन्ध उसको विश्वसनीयतामा भर पर्छ। राजनीतिक संस्थाहरूको विश्वसनीयता एकदिनमा आर्जित हुँदैन। राष्ट्रपति भनेको नेपालको सर्वोच्च संस्था भए पनि त्यहाँ रहने व्यक्तिको आचरण, व्यवहार र उसले लिने नीतिबाट विश्वसनीयतामा प्रश्न उठ्छ। अहिले संसद विघटनजस्तो गम्भीर प्रस्तावमा 'कुलिङ पिरियड' समेत नदिई जसरी राष्ट्रपतिबाट तात्तातै अनुमोदन गरियो, त्यसले उक्त संस्थाप्रति अविश्वास जन्माउँछ। देशको दुरगामी भविष्यमा गम्भीर असर पार्ने यस्तो प्रस्ताव आउँदा राष्ट्रपतिजस्तो सर्वोच्च संस्थाले कम्तिमा आफ्ना सल्लाहकारहरूसँग छलफल गर्न सक्थ्यो। संविधानको कुन धारा टेकेर यस्तो प्रस्ताव गरियो भनेर विवेचना गर्न सक्थ्यो। अहिले सर्वोच्च अदालतले जे गरिरहेको छ, त्यस किसिमको विमर्श पहिलो चरणमा राष्ट्रपतिबाटै हुनुपर्थ्यो। प्रस्ताव ल्याउने प्रधानमन्त्रीसँग पनि यसबारे परामर्श लिन सकिन्थ्यो। राष्ट्रपति आफैंले स्थिर मस्तिष्कबाट चिन्तन गर्नुपर्थ्यो। कम्तिमा एक दिनको 'कुलिङ पिरियड' राखेर सघन विमर्श गरेको भए जुन तात्कालिक वेगका आधारमा प्रधानमन्त्रीले संसद विघटनको प्रस्ताव ल्याए, त्यो वेग स्वतः मत्थर हुने र प्रस्ताव फिर्ता लिने सम्भावना रहन्थ्यो कि! यहाँ राष्ट्रपतिविरुद्ध महाभियोग लगाउने भन्ने जुन बजार हल्ला चलाइयो, त्यसले पनि विचलित बनाएको हुनसक्छ। यसले हामीलाई षड्यन्त्र र शंकामा घेरिँदा राजनीतिक संस्था कसरी विचलित हुँदो रहेछ र कसरी निर्णय प्रक्रिया प्रभावित हुँदो रहेछ भन्ने बुझाउँछ। राष्ट्रपति भनेको नेपाल राज्यको स्वायत्तताको प्रतीक हो। यो संस्था सजिलै आवेगमा आउनु र विचलित हुनु हुँदैन। राष्ट्रपति भनेको राज्यका सबै बत्ती निभ्दा हामीलाई उज्यालो प्रकाश दिएर बाटो देखाउने अन्तिम इमरजेन्सी लाइट हो। हरेक दिन इमरजेन्सी लाइट बाल्नुपऱ्यो भने त्यसको अर्थ र उपादेयता रहँदैन। यस्तो संस्थालाई सत्तारूढ दलले आफ्नो आन्तरिक कलह मिलाउने सूत्रका रूपमा प्रयोग गरे। नेताहरूले एकअर्काविरुद्ध मनको बह पोख्ने ठाउँ बनाए। यस्तो व्यवहारले संस्थाको औचित्यमाथि नै प्रश्न खडा गर्छ।

यी सबै उल्झन र अन्धकारको निकास अब सम्माननीय सर्वोच्च अदालतको हातमा छ। जब सबै राजनीतिक संस्थाहरू आफ्नो कर्तव्य निर्वाहबाट चुक्छन् वा नेतृत्वले राजनीतिक संस्थाहरूलाई संविधानविपरीत उल्टो दिशामा लैजान थाल्छ, तब गाडीको स्टेयरिङ थामेर सही दिशा समात्ने काम अदालतको हो। इतिहासले अदालतलाई फेरि त्यही निर्णायक ठाउँमा उभ्याएको छ। सम्माननीय अदालतले संवैधानिक शून्यताको अँध्यारो सुरुङभित्र प्रवेश गरेको मुलुकलाई उज्यालो किरण देखाउनेछ भन्ने हामी सबै आशा गरौं।

प्रधान–सम्पादक/प्रकाशक : कौशलकुमार भट्टराई (९८५११३८२३७)
सम्पादक : कृष्ण लम्साल (९७५१०३१६३२),
कार्यकारी सम्पादक : पिएमणि भट्टराई (९८४३१०९६२०)
कानूनी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल
प्रधान कार्यालय : मध्यपुर थिमी–३, भक्तपुर
काठमाडौं–कार्यालय : बबरमहल, काठमाडौं
फोन: ०१–४२६७०६४
इमेल :nayabimarsha@gmail.com,
मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं

## सम्पादकीय

### राष्ट्रनिर्माताको सम्मान गरौं

नेपाललाई एकीकृत स्वरुप दिने व्यक्तित्व पृथ्वीनारायण शाहको योगदानलाई स्मरा गर्दै गोरखा नगरपालिकाले पुस २७ गते सार्वजनिक बिदा दिएको छ। शाहको २९९ औं जन्मजयन्तीमा तथा राष्ट्रिय एकता दिवसलाई उत्सवका रुपमा मनाउन नगरपालिकाले बिदा दिने निर्णय गरेको भनिएपछि त्यसलाई अधिकांशले स्वागतयोग्य निर्णय भनेका छन्। यसैगरी राष्ट्रनिर्माताको योगदानको कदर गर्दै उक्त नगरपालिकाले तीन दिनसम्म विभिन्न कार्यक्रमको आयोजना गरी पृथ्वीजयन्ती मनाउने तयारी गरेको छ। यसैगरी पुस २७ गते गोरखा संग्रहालयस्थित पृथ्वीनारायण शाहको पूर्णकदको शालिक अगाडि अन्तर्क्रिया कार्यक्रम गर्ने पनि नगरपालिकाले जनाएको छ।

राष्ट्रनिर्माताको योगदानलाई स्मरण गर्दै गोरखा नगरपालिकाले गरेको यो सह्रानीय कार्य स्वागतयोग्य तथा अनुकरचस्णीय पनि छ। पृथ्वीनारायण शाह राष्ट्रिय विभूति पनि हुन्। अहिलेको अवस्थामा उनको योगदानलाई अवमूल्यन गर्नु भनेको पूर्खाहरुको योगदानलाई बेवास्ता गर्नु हो। हालको नेपाल राष्ट्रको जग उनै पृथ्वीनारायण शाहले गरेका हुन्। शाहको दूरदर्शी नीतिका कारण बाईसे र चौबीसे राज्यमा विभक्त मुलुक आजको एकीकृत स्वरुपमा आएको छ। पृथ्वीनारायण शाह र उनका सन्तान दरसन्तानले यो मुलुकको निर्माणका लागि आफ्नो सम्पूर्ण जीवन समर्पण गरेको पाइन्छ। एकीकृत नेपाल नभएको अवस्थामा विदेशीले नेपालका साना राजा रजौटाहरुलाई हराउँदै पूरै नेपाल नै निल्ने अवस्था थियो। त्यस्तो बेलामा पृथ्वीनारायण शाहले सबै राजा रजौटाहरुलाई एकताको सूत्रमा उन्ने कार्य गरेका थिए। उनले गरेको सोही योगदानका कारण अहिले हामीले एकीकृत नेपाल पाएको अवस्था छ।

पृथ्वीनारायण शाहको योगदान राज्य एकीकरणमा मात्र छैन। उनले त्यो बेला चलाएको शासनशैली पनि अनुकरणीय छ। अहिले पनि उनले त्यो बेला बसालेका कतिपय रितिस्थिति अनुकरणीय छ। उनले त्यो बेला दिएका उपदेशहरुलाई अहिले पनि दिव्यउपदेशका रुपमा लिइन्छ। उनले त्यो बेला लिएका नीतिहरु अहिले पनि नेपालको मात्र नभई कतिपय देशको राज्यव्यवस्था संचालनका लागि उचित देखिएको छ। यस्तो अवस्थामा उनको योगदानको कदर गर्दै सोमबार पर्ने उनको जन्मजयन्ती भव्य रुपमा मनाऔं। उनको योगदानको कदर गरौं।

# न्यायाधीशले संविधानभित्रैबाट फैसला दिनुपर्छ, बाहिरबाट होइन

**कृष्णप्रसाद सिटौला,** नेता नेपाली काँग्रेस तथा तत्कालीन संविधान मस्यौदा समितिका सभापति



संवैधानिक र कानूनी व्याख्याको प्रश्न उत्पन्न हुँदा न्यायपालिकाले संविधान र कानूनको अक्षर मात्रै हेर्दैन, विधायिकीको आशयसमेत हेर्छ। अहिले संसद विघटनसम्बन्धी रिटमाथि सर्वोच्च अदालतमा सुनुवाई भइरहेको छ। यस्तोबेला अदालतले 'शाब्दिक व्याख्या' बाट समाधान निकाल्न सकेन भने 'विधायिकी आशय'समेत हेरेर संविधानको 'स्वर्णिम व्याख्या' गर्नुपर्छ भन्ने कानूनी व्याख्याको विधिशास्त्रीय मान्यता छ। दोस्रो संविधानसभाले संविधान बनाउँदै गर्दा नेपाली कांग्रेस नेता कृष्णप्रसाद सिटौला संविधान मस्यौदा समितिका सभापति थिए। संविधानका धारा-धारामा भएको बहसमा झल्किएको आशय के थियो भन्ने सम्बन्धमा सिटौला एक 'चश्मदीत गवाह' हुन्। बहुमत प्राप्त प्रधानमन्त्रीले आफूलाई मन लागेका बेलामा संसद विघटन गर्न नपाउने धारा ७६ (७) मा स्पष्ट प्रावधान राखिएको र राजनीतिक स्थिरताका लागि यस्तो प्रावधान राख्दा सर्वसम्मत निर्णय भएको सिटौलाले सुनाए। प्रस्तुत छ, संविधान निर्माणमा सन्दर्भमा भएको बहस र संविधानको आशयमाथि केन्द्रित रहेर गरेको कुराकानीको सम्पादित अंश :

**० संविधान बनाउँदा तपाई मस्यौदा समितिको सभापति हुनुहुन्यो। ०४७ सालको संविधानले बहुमत प्राप्त प्रधानमन्त्रीलाई संसद विघटन गर्ने अधिकार घोषितरूपमा दिएको थियो। तर, वर्तमान संविधानले प्रधानमन्त्रीलाई त्यस्तो अधिकार किन नदिएको ? यसमा 'विधायकी मनसाय' के थियो ?**

विगतको राजनीतिक इतिहासमा, खासगरी ०४६ सालपछिको अनुभव हामीलाई भयो। गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री हुँदा संसदमा नेपाली कांग्रेसको बहुमत नै थियो। तर, उहाँले पनि आन्तरिक विवादका कारण संसद विघटन गर्नुभयो। त्यसबेला हाम्रो पार्टी त फुटेन, तर नेपालको राजनीतिमा अस्थिरता पैदा भयो। त्यो परिस्थिति हामीले व्यहोर्नु पर्‍यो। फेरि पछिल्लो खण्डमा ०५६ को निर्वाचनपछि किसुनजी र गिरिजाजीपछि शेरबहादुर देउवाजी प्रधानमन्त्री हुनुभयो। उहाँलेक पनि पार्टीभित्रको आन्तरिक विवादका कारण संसद विघटन गरिदिनुभयो। त्यो विघटनबाट चाहिँ राजनीतिमा अस्थिरता मात्रै आएन, तत्कालीन राजा ज्ञानेन्द्रले निर्वाचित प्रधानमन्त्री देउवाजीलाई नै बर्खास्त गरेर एउटा प्रतिगमनको बाटोमा राजा ज्ञानेन्द्र हिँडे। नभन्दै, ०१७ साल पुस १ गतेकै घटना उनले माघ १९ गते गएर दोहोर्‍याए। र, त्यसबेलाका निर्वाचित प्रधानमन्त्री शेरबहादुर देउवाजी, प्रकाशमानजीहरु जेलमा पुग्नुभयो। त्यो हामीलाई एउटा विगतको तीतो अनुभव छ। संसद विघटन हुँदाखेरि देशमा अस्थिरता आएको र व्यवस्थामाथि नै दुर्घटना भएको अनुभव थियो। त्यो अनुभवका आधारमा हामीले यो मस्यौदा समितिमा मात्रै होइन, बाबुरामजीको अध्यक्षतामा रहेको विवाद समाधान समितिमा पनि औपचारिकरअनौपचारिक छलफल गरेका हौं। म आफैं पनि मस्यौदा समितिको सभापतिका रुपमा त्यहाँ पुगेको हुँ। त्यहाँ छलफल हुँदा विघटनको अधिकार राख्नुहुँदैन, प्रधानमन्त्रीलाई मन परुञ्जेल चलाउने अनि कुनै कुराले आन्तरिक विवाद भयो भने बहुमतको प्रधानमन्त्रीले प्रयोग गर्ने अधिकारबाट देशलाई बचाउनुपर्छ, व्यवस्थालाई बचाउनुपर्छ भनेर प्रधानमन्त्रीमा संसद विघटनको अधिकार राख्नुहुन्न भनेर यो अधिकार नराखेकै हो।

खाली, कुन अवस्थामा मात्रै विघटन हुने हो भने बहुमत कसैको आएन भने। संयुक्त सरकार बन्नुपर्ने अवस्था भयो भने कुनै पनि ठूलो पार्टीको मान्छे प्रधानमन्त्री नियुक्त हुने अवस्था छ, तर, उसले पटकपटक प्रयास गर्दा पनि कसैले पनि संसदमा बहुमत जुटाउन सकेन भने त्यस्तो अवस्थाको बहुमत जुटाउन नसक्ने प्रधानमन्त्रीलाई चाहिँ विघटन गर्न दिनुपर्छ, निर्वाचन गर्न दिनुपर्छ भन्नेसम्मको व्यवस्था भएको हो। तर, बहुमतप्राप्त प्रधानमन्त्रीलाई पार्टीको आन्तरिक विवादका कारण संसद विघटन गर्ने अधिकार अहिलेको संविधानले दिएको छैन। त्यसकारण, अहिले प्रधानमन्त्री ओलीजीले जुन विघटनको निर्णय लिनुभयो, योचाहिँ संविधान विपरीत छ, गैरसंवैधानिक छ। यो विषयमा हाम्रो पार्टी नेपाली कांग्रेसले सर्वसम्मतरुपले निर्णय पनि गरिसकेको छ। ओलीजीको यो निर्णय गैरसंवैधानिक हो, अलोकतान्त्रिक हो भनेर प्रष्ट निर्णय पनि गरेको छ।

**० संविधान बनाउने बेलामा प्रधानमन्त्रीलाई संसद विघटनको अधिकार दिनुपर्छ भनेर कोही नेताहरूले जिकिर गर्नुभएको यहाँलाई सम्झना छ ?**

अहँ। प्रधानमन्त्रीलाई विघटनको अधिकार दिनुपर्छ भनेर कसैले भनेको थिएन। सबैको चिन्ता केमा थियो भने राजनीतिक व्यवस्थाको स्थायित्व चाहियो। स्थिर सरकार चाहियो। बरु, प्रधानमन्त्री बनिसक्दा संसदमा अविश्वासको प्रस्ताव ल्याउने ०४७ सालको संविधानअनुसार जुन विगतको क्षणमा देखिएको थियो, त्यो अवस्थाबाट मुक्त गरौं भनेर प्रधानमन्त्री बनेको दुई वर्षसम्म अविश्वासको प्रस्ताव ल्याउन पाइँदैन है भन्ने पो व्यवस्था गरियो त। हामीले संसद ल्याएको ५ वर्षका लागि हो। ५ वर्षका लागि ल्याइएको संसदले सरकारै दिन सकेन भने मात्रै त्यो अवस्था आउने हो। तर, बहुमतकै प्रधानमन्त्रीले विघटन गर्ने अधिकार संविधानले दिएको छैन। प्रधानमन्त्रीलाई चित्त बुझेन र जनादेश लिन मन लाग्यो भने संसद विघटन गर्न पाउनुपर्छ भन्ने यो संविधानको कुनै पनि आशय झल्किँदैन। संविधानसभाका नेताहरु, हाम्रा बहुसंख्यक साथीहरुको त्यसबेला एउटै चिन्ता थियो, हामीले जुन संघीय लोकतान्त्रिक गणतान्त्रिक संसदीय शासन व्यवस्था ल्याउँदैछौं, यसले देशमा स्थिर शासन दिनुपर्छ। त्यसकारण शासन व्यवस्थाको स्थिरतामा कुनै पनि असर गर्ने व्यवस्था संविधानमा नराखौं भनेर विघटनको अधिकार संविधानमा नराखिएको हो।

**० तपाईंलाई याद छ, त्यसबेला क-कसले प्रधानमन्त्रीलाई संसद विघटनको अधिकार दिनुहुँदैन भनेर जोड गर्नुभएको थियो ?**

आजको दिनमा नेताहरुको नाम उल्लेख गर्नु उपयुक्त पनि हुँदैन। तर, यो सर्वसम्मतिले पारित भएको संविधान हो नि त। संविधान जुन छ, जुन विषय अहिले चर्चामा छ, यो सर्वसम्मतिले पारित भएको हो। यसमा कसैले, कुनै शंका उठाएको पनि छैन। कुनै प्रश्न उठाएको पनि छैन।

**० त्यसो हो भने विधायकी मनसाय प्रधानमन्त्रीले यसरी संसद विघटन पाउनुपर्छ भन्ने होइन ?**

संविधानसभाको समग्र ध्यान संसदीय व्यवस्थाबाटै कसरी स्थिरतामा पुगन सकिन्छ भन्ने थियो। त्यसैले दुई वर्षसम्म अविश्वासको प्रस्ताव ल्याउन नपाउने, बहुमतको प्रधानमन्त्रीलाई विगतको २०४७ को संविधानमा भएजस्तो आफूखुसी, स्वविवेकमा संसद विघटन गर्न नदिने भनेर स्थिरता ल्याएको हो नि त। प्रष्ट छ यो।

**० त्यसबेला नेपाली कांग्रेसले संसदीय व्यवस्थाको बढी वकालत गरेको थियो। तत्कालीन एमाले र माओवादीहरू सुधारिएको संसदीय व्यवस्था हुनुपर्छ, कार्यकारी राष्ट्रपति वा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री हुनुपर्छ भन्थे। संविधानले अहिले सुधारिएको संसदीय व्यवस्था अंगीकार गरेको छ। अहिले संसद विघटन गर्ने केपी ओली पनि दोस्रो संविधानसभामा हुनुहुन्थ्यो। सुवास नेम्वाङ संविधानसभाको अध्यक्ष हुनुहुन्थ्यो। त्यसबेला सर्वसम्मत धारा लेख्दै गर्दाको सम्झौं न, उहाँहरूले त्यसबेला व्यक्त गरेका विचार र अहिले उहाँहरूले गरेको विघटनको गतिविधि मेल खान्छ कि खाँदैन ?**

नेपालको अहिलेको संविधानको आफ्नै चरित्र छ। यसको आफ्नै स्वरुप छ। यो भारतको जस्तो संविधान पनि छैन, बेलायतको जस्तो परम्परामा अडिएको व्यवस्था पनि छैन। युरोपको जस्तो पनि छैन। नेपालको आजको संविधान भनेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था हो। त्यतिमात्रै होइन, मिश्रति निर्वाचन प्रणाली भएको व्यवस्था हो। किनभने, प्रतिनिधिसभा मिश्रति हुँदैन, प्रत्यक्ष मात्रै हुन्छ। तर, हाम्रोमा यहाँ समानुपातिक साथीहरु पनि पुग्नुहुन्छ। संविधान लेख्दै गर्दा शासन व्यवस्थाको स्थिरता केले हुन्छ भन्ने दुईवटा मत थिए। एउटा मत थियो, कार्यकारी राष्ट्रपति वा प्रधानमन्त्री हुनुपर्छ। माओवादीको प्रत्यक्ष निर्वाचित राष्ट्रपति र एमालेको प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री भन्ने मत थियो। उहाँहरुको प्रष्ट धारणा थियो, प्रत्यक्ष निर्वाचित भएपछि पाँच वर्ष शासन गर्न पाउँछ, देशमा स्थिरता आउँछ। त्यसमा हामीले नेपाली कांग्रेसका तर्फबाट कन्भिन्स गरेका थियौं कि अविश्वासको प्रस्ताव पटक(पटक ल्याउन पाउने व्यवस्था हटाऔं। संयुक्त सरकार हुने र पटक( पटकको प्रयासमा पनि विश्वासको मत लिन नसक्ने र सरकार नबन्ने अवस्था भयो भने मात्र मध्यावधि निर्वाचनमा जान सिफारिस गर्ने अधिकार प्रधानमन्त्रीमा रहन्छ। त्यसमा उहाँहरु सहमत हुनुभयो र पाँच वर्षसम्म संसद रहने, दुई वर्षसम्म अविश्वासको प्रस्ताव नआउने जस्ता प्रावधान राखेर यो संविधान बनेको हो। त्यसबेला कम्युनिस्ट पार्टीका नेताहरु पाँच वर्ष स्थिर सरकारको पक्षमा दृढताका साथ उभिनुभएको हो। आज दुःखका साथ मैले भन्नैपर्छ, तिनै कम्युनिस्ट पार्टीका नेताहरुको आन्तरिक कलहका कारण देशमा अस्थिरता आएको छ। लोकतन्त्र र लोकतान्त्रिक शासन व्यवस्थामाथि प्रहार भएको छ। संविधानको मूल मर्म र कार्यदिशामाथि नै प्रहार भएको छ भन्ने मलाई लाग्छ।

**० तर, प्रधानमन्त्री ओलीले त संविधानको धारा ७६ को उपधारा ७ मा प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले संसद विघटन गर्न सक्नेछ भनेर लेखेको छ भनिरहनुभएको छ नि ?**

प्रधानमन्त्रीले आफैंले जे निर्णय गर्नुभयो, त्यो सही छ भन्ने सावित गर्न खोज्नु अस्वाभाविक होइन। प्रधानमन्त्रीका नजिकका मानिसहरु पनि त्यो निर्णयको पक्षमा उभिनु स्वाभाविक हो। आज कम्युनिस्ट पार्टी दुई चिरा भएको छ। त्यो अवस्थामा एउटा समूहको नेतृत्व ओलीजीले गरेको पाउँछौं। र, त्यो समूहमा रहने साथीहरुले ओलीजीको प्रतिरक्षा गर्नु त स्वाभाविक हो नि।

**० प्रधानमन्त्रीको अर्को तर्क छ 'जतिबेला मैले संसद विघटन गरें, त्यसबेला संसदको ६४ प्रतिशत बहुमत भएको पार्टीको सर्वसम्मत संसदीय दलको नेता हुँ म। मैले सरकार चलाउँदिनँ भनें र संसदमा अर्को सरकार बन्ने अवस्थामा पनि रहेन...'**

उहाँलाई सरकार चलाउने इच्छा नभएको हो भने राजीनामा दिएर संसदबाट अर्को प्रधानमन्त्री चयन गर्न मार्गप्रशस्त गर्नुपर्थ्यो उहाँले। हुनसक्छ थाकेर, दिक्दारी भएर, पार्टीको आन्तरिक कलहबाट विरक्तिएर उहाँमा प्रधानमन्त्री चलाउने रहर टुट्न सक्छ। त्यो अवस्थामा उहाँले अर्को प्रधानमन्त्री चयन गर्ने बाटो खोलिदिएको भए भइहाल्थ्यो नि। तपाईंको प्रश्नको सहज जवाफ हो, त्यस्तो अवस्थामा उहाँले राजीनामा दिनुपर्छ र संसद बोलाइदिनुपर्छ।

**० तर, जनताले केपी ओलीलाई ५ वर्ष प्रधानमन्त्री चलाउने म्यान्डेट दिएका हुन् भन्ने उहाँहरूको तर्क सुनिन्छ। यसमा पार्टीका नेताहरूबाटै अवरोध भयो त्यसैले खराब व्यक्तिहरूका हातमा देश नजाओस् भनेर जनतामा जाने निर्णय गरें भन्नुभएको छ नि प्रधानमन्त्रीले ?**

मलाई के लाग्छ भने पार्टीले पाउने मत हुन्छ, व्यक्तिले होइन। नेपाली कांग्रेसले पाएको मत पनि कांग्रेसको संगठन, एजेण्डा, नीति कार्यक्रम सबैलाई हेरेर आएको हो। त्यसैगरी गत निर्वाचनमा वाम गठबन्धनले मत पाएको हो, कम्युनिस्ट पार्टीले पनि होइन। वाम गठबन्धनले पाएको मत पनि उहाँहरुको गठबन्धनभित्रको एकता, संगठन परिचालनलगायतले हो। सबै ओलीजीले पाएको मत हो भन्ने मलाई लाग्दैन। त्यो इतिहास बिर्सन भएन नि।

**० नेपाली कांग्रेसले भनेजस्तै संसद विघटन असंवैधानिक र अलोकतान्त्रिक भएता पनि अब प्रधानमन्त्रीले घोषणा गरेकै मितिमा ताजा जनादेश लिन जाँदा के फरक पर्छ ?**

आजको परिस्थितिमा अहिलेको सरकारले निर्वाचन गर्छ भन्ने मलाई कुनै

(बाँकी ७ पृष्ठमा)

# लघुवित्तको उद्देश्य 'गरिबी न्यूनीकरण' कि 'वित्तीय समावेशिता' ?

**नुमनाथ पौडेल**

न्यून आय भएका वा प्रचलित बैंकिङ सेवासम्म प्रत्यक्ष पहुँच नभएका व्यक्तिहरूप्रति लक्षित वित्तीय सेवालाई लघुवित्त भनिन्छ। बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐनले तोकेअनुसार लघुवित्त वित्तीय संस्थाको कार्य क्षेत्र सदस्यहरुलाई लघुकर्जा दिने, त्यस्तो कर्जा परिचालनमा सहयोग गर्ने, उक्त कर्जाको सदुपयोग सुनिश्चित गर्ने र कर्जा असुलउपर गर्ने हो। कुनै पनि कर्जा केका लागि दिइन्छ ? यदि लघुवित्तले लघुकर्जाको लक्ष्य राख्नुपर्छ भने बैंकहरुले दिने कर्जाले चाहिँ के लक्ष्य राख्ने ? कति रोजगारी वा विकासको आशा गर्ने ? लघुवित्तले गरिबी न्यूनीकरण गरेको मापन गर्ने की नगर्ने ? गाउँले पण्डित बाले थुप्रै लोकल गाई र बाच्छी दान प्राप्त गरेर पनि उहाँ सम्पन्न हुन नसकेको हामीले देखेकै हौं। यसैले अब बचत मात्र गर्ने वा केही गाई वा भैंसी किन्नका लागि कर्जा लिने लघुवित्त सदस्य कति समयमा गरिबीको रेखाबाट बाहिर आउला ? विगतमा लघुकर्जाको प्रभावकारिताको अनुसन्धान गर्न 'ऱ्यान्डोमाइज्ड कन्ट्रोल ट्रायल' मा समावेश गरिएको केही वर्षमै वा १०-२० वर्षमा कि एक पुस्तामा ?

गरिबीको रेखाबाट बाहिर आउने उद्देश्यले कसैले लघुकर्जा लिन्छ भने उसका पनि केही दायित्व हुन्छन्। सँगै, ऊसँग उद्यमशीलता वा व्यवसायिकता हुनुपर्छ। उसको उत्पादन वा व्यवसायको उचित बजार हुनुपर्छ। उसले निश्चित स्वपुँजी लगानी गर्नुपर्छ, लघुकर्जा सदुपयोग गर्नुपर्छ। उसको लघुउद्यम वा लघु व्यवसायको नाफाको दर कर्जाको लागतभन्दा बढ़ी हुनुपर्छ। यसबाहेक उसले रातदिन गर्नुपर्ने मेहनत, आम्दानी बचत गरेर थप स्वपुँजी सिर्जना, आय आर्जन गतिविधिको विस्तार इत्यादि पनि उतिकै अपरिहार्य हुन्छ। ऊ प्रतिस्पर्धामा टिकिराख्नुका साथै परिस्थिति र स्थानीय अर्थतन्त्रले समेत उसलाई साथ दिनुपर्ने हुन्छ। तर यी पक्षहरुमा लघुवित्त संस्थाको नियन्त्रण नहुने भएकाले लघुवित्तबाट सहज गरिबी निवारण हुन्छ भन्नु अतिशयोक्ति ठहरिन्छ। यस्तै, धेरैजसो लक्षित वर्गले जीविकोपार्जनको मात्र उद्देश्य राखेर लघुवित्त संस्थाहरुबाट कर्जा लिएका छन् या घरायसी खर्च वा गर्जो टार्न मात्र लघुकर्जाको उपयोग भएको छ भने त्यसप्रकारको लघुवित्त परिचालनबाट गरिबी न्यूनीकरण खोज्नु पनि अतिशयोक्ति नै हुन जान्छ। पुरानो कर्जा या छरछिमेकीसँग लिएको सापटी तिर्न लघुकर्जा प्रयोग भएको अवस्थामा समेत राज्यले नै लिनुपर्ने गरिबी न्यूनीकरणको उद्देश्य लघुवित्तमार्फत हासिल हुन सक्दैन।

लघु उद्यम-व्यवसायहरु (जसलाई स्टार्टअप समेत भन्ने गरिन्छ) स्थापना भएको पहिलो वर्षमा २० प्रतिशत, दोस्रो वर्षमा ३० प्रतिशत, पाँचौं वर्षमा ५० प्रतिशत र दशौं वर्षमा ७० प्रतिशत बन्द हुने गरेको तथ्य बाह्य अध्ययनहरुले देखाएका छन्। अर्थात् संचालनमा आएको १० वर्ष बित्दा ३० प्रतिशत लघु उद्यमहरु मात्र टिक्न सक्छन्। यसको कारण त्यस्ता व्यवसाय थाल्ने उद्यमी स्वयम् वा परिस्थिति दुवै हुन सक्छ। लघुवित्त संस्थाहरुले साविकका सफलरुपमा सञ्चालन भइरहेका लघु उद्यमरव्यवसायहरुलाई लघुकर्जा प्रदान गर्न प्राथमिकता दिन्छन्। यसैले 'ऱ्यान्डोमाइज्ड कन्ट्रोल ट्रायल' मा समावेश गरिएको ती हचुवामा चुनिएका असफलताको समेत सम्भावना हुने लघु उद्यमहरुलाई राखेर गरिएको अनुसन्धान 'युनिभर्सल क्रेडिट प्रोग्राम' जस्तै दातृ निकायको योजना वा गरिबी निवारण आयोजना या सहुलियतपूर्ण कर्जामा ब्याज अनुदान जस्तो सरकारी कार्यक्रमका लागि मात्र बढ़ी सान्दर्भिक हुन सक्छ। विगतमा सरकारी कोष या दातृ निकायको अनुदानमा सञ्चालित लघुवित्तको उद्देश्य गरिबी न्यूनीकरण राखिएको थियो। त्यस्तो सोच राखिनुमा लघुवित्तबाट गरिबी न्यूनीकरण हुन्छ भन्ने विभिन्न अनुसन्धान प्रतिवेदनहरुको निष्कर्षको पनि हात थियो। सरकारी अग्रसरतामा स्थापित साना किसान विकास आयोजना, महिला विकास कोष, ग्रामीण स्वावलम्बन कोष, वैदेशिक रोजगार कोष, गरिबी निवारण कोष र अन्य यस्तै कोषहरुको उद्देश्य कति हासिल भयो र ती प्रायोजित लघुवित्त किन बन्द या रुपान्तरण भए भन्ने कुरा अलग बहसको विषय हुन सक्ला।

वर्तमानमा नेपाल सरकारले निश्चित वर्ग र समुदायलाई लक्षित गरी ब्याज अनुदानमार्फत उद्यमशीलता विकास गर्न, आय आर्जन वृद्धि गर्न, रोजगारी तथा स्वरोजगारी सिर्जना गर्न, परम्परागत सीप तथा क्षमताको आधुनिकीकरण गर्न, उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययन गर्न र भुकम्प पीडितको निजी आवास निर्माण गर्न सहुलियतपूर्ण कर्जासम्बन्धी आवश्यक कार्यविधि बनाएर लागु गरेको छ। तर त्यसको प्रभावकारिता कम भएकाले नेपाल राष्ट्र बैंकले प्रतिशाखा तोकिएको संख्यामा कर्जा प्रदान गर्नुपर्ने गरी अनिवार्य व्यवस्था गर्नुपरेको छ। सरकारको गत आर्थिक वर्षको बजेट वक्तव्यमा समेत ब्याज अनुदानसम्बन्धी कार्यक्रमलाई प्रभावकारी बनाइ मापदण्ड पुगेका व्यक्ति वा समूहलाई यस्तो कर्जामा पहुँच सुनिश्चित गरिने उल्लेख छ। तर त्यस कार्यक्रमबाट गरिबी न्यूनीकरणको लक्ष्य राखिएको छैन। नेपालमा लघुवित्त वित्तीय संस्थाहरुले वार्षिक बजेट तथा कार्ययोजना बनाउँदा समेत गरिबी कम गर्ने योजना वा लक्ष्य राखेको देखिएको छैन। तर सरकारी तथा दातृ निकायमा पेश गरिने लघुवित्तको परियोजनामा जीवनस्तर उकास्ने र गरिबी न्यूनीकरणमा अप्रत्यक्ष सहयोग हुने जस्ता व्यहोरा राखेर अनुदान प्राप्त गर्न प्रयोग गरिएका शब्दावली र लघुकर्जा लिने लघुवित्त सदस्यहरुको उन्नति र प्रगतिलाई प्रतिकात्मक रुपमा लघुवित्तकै सफलता भनेर प्रस्तुति गरिनुलाई नकारात्मक रुपमा लिन पनि जरूरी छैन।

विगतमा स्वतन्त्र रुपमा गरिएको सीमित अवधिको लघुकर्जाको प्रभावकारितासम्बन्धी अनुसन्धानहरुबाट लघुवित्तको गरिबी न्यूनीकरणमा प्रत्यक्ष सम्बन्ध छैन भन्ने निष्कर्षका कारण अहिले दातृ निकायहरुको लघुकर्जाप्रतिको रुझान समेत फेरिइसकेको अवस्था छ। विश्वविद्यालयबाट सिधै गाउँले माझीहरुको दिनचर्या बुझ्न निस्केको प्राध्यापकले पाँच-दश मिनेटमा सोधेर सकिने अनुसन्धान प्रश्नावलीबाट माझीको बीसौं वर्षको अनुभवका सबै कुरा समेट्न कोसिस गरेजस्तै लघुवित्तले (२-४ वर्षमै) गरिबी निवारणमा गरेको योगदानबारे पनि सीमा र पूर्वाग्रहयुक्त प्रश्नावलीहरुबाट गरिएको अनुसन्धानको अर्थ वा सान्दर्भिकता अनुदानको कारोबार गर्ने निकायहरुलाई अधिक होला। दातृ निकायहरुबाट अनुदान माग्ने उद्देश्यले प्रेरित भएर 'लघुवित्त संस्थाको उद्देश्य वित्तीय पहुँचमार्फत गरिबी निवारण हो' भनेर भन्ने अवसरको सदुपयोग भने विगतमा फिङ्गोहरुले गरेकै पनि हो। त्यसैको परिणामस्वरूप आज अनुदानमुखी लघुवित्त 'गरिबी न्यूनीकरण' को उद्देश्यमा केन्द्रित छ भने समुदायमा आधारित सहकारीहरुको लघुवित्त 'सदस्यहरुको आर्थिक उन्नति' को उद्देश्यमा र व्यवसायिक लघुवित्तहरु 'वित्तीय समावेशिता' को उद्देश्यमा केन्द्रित भएर उभिएका छन्।

लघुवित्तसम्बन्धी अनुसन्धानकर्ताले पनि अनुसन्धान प्रतिवेदनमा धेरै कुरा समेट्न सक्दैनन्। किनभने लघुकर्जा लिनेको अर्को पुस्तालाई परेको सकारात्मक असर बुझ्ने र अनुसन्धान गर्ने समय, त्यसवापतको लागत नै भुक्तानी गर्न सहजरुपमा सम्भव हुँदैन। केही गाई दान दिएर हासिल नहुने उद्देश्य केही गाई खरिदका लागि आवश्यक वा त्यति नै बराबरको रकमको लघुउद्यम कर्जाबाट ४-५ वर्षमै हासिल हुन्छ भनेर सोच्ने वा अनुमान गर्ने काम लघुवित्त राम्रोसँग बुझ्ने अवसर नपाएकाबाटै हुन सक्छ। यसैले केही विशेष उदाहरणहरुलाई लघुवित्तको सफलता र असफलताको प्रमाण मानेर प्रचारबाजी गर्ने गतिविधिहरुले पनि अधिकांश लघुकर्जालाई प्रतिनिधित्व गरेको मान्न सकिन्न। दिगो विकास लक्ष्यको सन्दर्भमा सिग्याप (विश्व बैंक) ले लघुवित्तको ठाँउमा वित्तीय समावेशिताको शब्दावली प्रयोग गरेको छ भने बासेल-३ ले सेवा नपाएको र पर्याप्त वित्तीय सेवा नपाएकालाई वित्तीय सेवाको व्यवस्था भनेर परिभाषित गरेको छ।

लघुवित्त सेवा लक्षित वर्गका लागि वित्तीय समावेशिताको प्रमुख उपायका रूपमा रहेको तथ्य त २०७७ कात्तिकसम्ममा नेपालमा'घ' वर्गको लघुवित्त वित्तीय संस्थाहरुबाट मात्र २८ लाख २० हजार वटा लघुकर्जा बक्यौता भएको र 'क', 'ख' र 'ग' वर्गको बैंक तथा वित्तीय संस्थाहरुबाट जम्मा १५ लाख ५७ हजार वटा मात्र कर्जा बक्यौता भएकैबाट समेत सजिलै अनुमान गर्न सकिन्छ। त्यसैगरी करीब ५२ लाख सदस्यहरु भएका नेपालभरका सहकारी संस्थाहरुमा कम्तिमा १० प्रतिशत लघुकर्जाका ऋणी सदस्यहरु छन् भनेर पनि आकलन गर्न सकिन्छ। लघुवित्त संस्थाको उद्देश्य लक्षित वर्गलाई लघुकर्जा र अन्य वित्तीय सेवा दिने हो, विपन्न वर्गलाई सरकारले हासिल गर्न खोजेको गरिबी निवारणको उद्देश्यसँग बराबरी गर्ने होइन। लघुवित्त भनेको त साधारण किसानले भैंसी किन्न कर्जा माँग्न जाँदा सधैं भोलि भनेर जवाफ सुन्नुनपर्ने किसिमको सेवा हो। लघुकर्जा साहुसँग घर-खेत खाने किसिमको तमसुक गर्नुनपर्ने अवस्था पनि हो। यस्तै, लघुवित्त सात पुस्ता विपन्न हुने इतिहासलाई एक पुस्तामा सीमित गर्ने कोसिस समेत हो। लक्षित सदस्यहरुले आयस्तर वृद्धि गर्न, जीविकोपार्जन गर्न र आवश्यक खर्च धान्न समेत अन्य सामान्य वित्तीय सेवासहित लघुकर्जामा समेत सहज पहुँच हुने अवस्था लघुवित्त होबास्। यसैले लघुवित्त गरिबीबाट माथि उठाउन एक सहयोगी उपाए बन्न सक्ने भए पनि आफैंमा गरिबी न्यूनीकरणको साधन भने होइन। तर 'वित्तीय समावेशिता' र खासगरी 'लघुकर्जामा पहुँच'को मुख्य माध्यम हो।

*(चार्टर्ड एकाउन्टेन्ट पौडेल फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत हुन्।)*

# 'ग्लोबल वार्मिंग'ले पृथ्वीलाई जल प्रलय अथवा मरुभूमिमा परिणत गर्छ ?

तपाईंहरुले 'ग्लोबल वार्मिंग'का बारेमा सुन्नु नै भएको होला। साथै यो पनि सुन्नु भएको होला 'ग्लोबल वार्मिंग' का कारण ध्रुवहरुमा जमेर रहेको हिउँ पग्लिएर समुद्रको जलस्तर बढ़न गई संसारका धेरै शहर जलमग्न हुन्छन्। ठूला-ठूला वैज्ञानिक, चर्चित मिडिया, तथानामका एनजीओ - आइएनजीओ लगायत आफ्नै वरिपरिका प्रबुद्ध वर्गको यस्तै चिन्ता र चर्चा सुनेर तपाईं पनि जल प्रलयको काल्पनिक आतंकबाट ग्रस्त भएको हुनुहुन्छ कि ? एउटा काम गर्नुस् - १०० केजी बरफ (आइस) को बन्दोबस्त गर्नुस्यस्। ५ लीटर क्षमता भएको एउटा भाँडो तपाईंको आफ्नै भान्साघरमा छ। भाँडामा अटने जति 'आइस' राखेर ग्यास चूल्हो बालेर राखिदिनुस्। विस्तारै विस्तारै बरफ पग्लिन थाल्छ। पुरै पग्लिन दिनुस। बरफ पुरै पानीमा बदलिएपछि त्यसमा आफूसँग भएको 'आइस'का टुक्रा हाल्दै जानुस्। वाष्पीकरण हुन दिनुस् र क्रमशः बरफका टुक्रा पनि हाल्दै जानुस्। ८-१० घण्टा मै तपाईंसँग न त'आइस' नै हुनेछ न'आइस' पग्लिएर बनेको पानी नै।

पृथ्वीका ध्रुव, समस्त ग्लेसियर र हिमालहरुमा रहेको जम्मै हिउँ नै पग्लिएर बग्दै समुद्रमा मिसिएको खण्डमा पनि समुद्रको जलस्तर अहिलेको भन्दा जम्मा झण्डै ७० मीटर जति बढ़ने छ। अब आफैं अनुमान गर्नुस् समुद्र तलबाट ७० मीटरको ऊचाई भनेको कति हो ? तपाईं समुद्र तलबाट कति अग्लो स्थानमा बसिरहनु भएको छ। तपाईं बसेको देश अथवा शहरको अधिकतम तापमान कति हो ? यसबारे केही भन्नु परिरहेन तर पृथ्वी कै औसत तापमान कति हो यसबारे तपाईंलाई थाहा हुनुपर्छ। बीसौं शताब्दीमा पृथ्वीको औसत तापमान १४ डिग्री सेन्टीग्रेड थियो। विगतका शताब्दीमा वृद्धि हुँदै १४ डिग्री हुन आएको थियो। यसमा क्रमशः वृद्धि हुँदै गइरहेको छ। वैज्ञानिकहरु अनुमान गर्छन्- यसरी क्रमशः तापमान बढ्दै गएमा संसारको जम्मै हिउँ पग्लिएर जलप्रलयको स्थिति आउँछ।

हिन्दू धर्मका पुराण कथामा पनि जलप्रलयको वर्णन रहेको छ। त के पृथ्वीको तापमान बढ्दै गएमा जमेर बसेको हिउँ पग्लिएर जलप्रलय हुने सम्भावना छ ? स्मरण रहोस् यहाँ चर्चा पृथ्वीमा जमेको हिउँ पग्लिएर त्यो स्थिति आउन सक्ने सम्भावनाबारे उल्लेख गरिएको छ। पृथ्वी बाहिर कतैबाट जल आएर हुने प्रलयको होइन। हजारौं वर्ष पहिलाको चर्चा नगरेर वर्तमान कै चर्चा गरौं। पृथ्वीको औसत तापमान १४ डिग्री सेन्ट्रीग्रेडको हाराहारीमा हुँदा हिउँ पग्लिने अनुपात बढेर पानी निर्मित हुँदै बग्दै समुद्रमा पुगी जलस्तर बढ्दै छ, यसमा कुनै शंका छैन। तर पृथ्वीको तापमान १४ डिग्री हुँदा जति पानी वाष्पीकृत भएर विलुप्त हुन्छ, तापमान बढ्दा वाष्पीकरणको प्रक्रिया पनि त झनै सक्रिय भएर अझ तीव्र हुन्छ। पानीको स्तर जति बढ्छ, हिउँ पग्लिदा तापमान बढ्नाले वाष्पीकरण प्रक्रियाबाट पानी वायुमण्डलमा रुमल्लिने भएकोले त्यति नै मात्रामा जलस्तर कम हुँदैन र ? घरमा'आइस' पगालेको स्मरण गर्नुस् त ! तापमान बढ़नाले हिउँ पग्लिन्छ भने त्यस बढेको तापमानले वाष्पीकरणलाई पनि तीव्र बनाउँछ। समग्रमा भन्न सकिन्छ, संसारका समस्त ध्रुव (ग्लेसियर पग्लिएर पनि समुद्रको जलस्तर बढेर जल प्रलय हुने संभावना १ प्रतिशत पनि छैन। हो कुनै ऐस्टेरायड बाटै अकस्मात् पृथ्वीमा पानी ओइरियो भने बेग्लै कुरा हो।

क्यास्पियन सागरको बारेमा प्राप्त पछिल्लो जानकारीबाट यसको पुष्टि हुन सक्छ। 'कम्युनिकेशन अर्थ एण्ड एनभायरोमेन्ट' मा प्रकाशित एउटा रिसर्च रिपोर्टका अनुसार क्यास्पियन सागरको जलस्तर घट्दै गइरहेको छ। यो जलस्तर घट्नुमा अन्य केही नभएर 'ग्लोबल वार्मिंग' नै मुख्य कारण रहेको छ। बढेको तापमानका कारण वाष्पीकरण वृद्धि हुन गई क्यास्पियन सागरको जलस्तर क्रमशः घट्दै गइरहेको छ। क्यास्पियन सागरलाई संसारको सबैभन्दा ठूलो 'लेक' भनिन्छ। झण्डै १०३० किमी लामो र ४३५ किमी चौड़ा यस सागरको क्षेत्रफल झण्डै ८६,४०० स्क्वायर किमी रहेको छ। औसत गहिराई २११ मीटर रहेको यसको सर्वाधिक गहिराई १०२५ मीटर सम्म रहेको छ। यस 'लेक' मा भोलगा, उरल, कुरा, अमु दायरा, उजबोय सायर डार्या गरी १३० भन्दा बढी नदी मिस्सिने गर्थे। यीमध्ये कैयन नदी अब इतिहासका अंग बनी सकेका छन्। रिपोर्टका अनुसार क्यास्पियन सागरको उत्तरी र दक्षिणी भाग सुख्दै गइरहेका छन्। साथै यसको पूर्वी किनार पनि सुक्ने क्रममा छ। अध्ययनमा गरिएको अनुमान अनुसार आउने केही वर्ष भित्र क्यास्पियन सागरको जलस्तर १८ मीटरसम्म कम हुन जान्छ, यसले गर्दा सागरको झण्डै ३४ प्रतिशत भाग विलुप्त हुन्छ। क्यास्पियन सागरको घटेको जलस्तरले वरिपरिको पुरै इको सिस्टम बर्बाद हुने खतरा बढ्दै गइरहेको छ। 'ग्लोबल वार्मिंग'ले जल प्रलय निम्त्याउँछ अथवा पृथ्वीलाई मरुभूमिमा परिणत गर्छ- यस विषयमा बहस हुनु आवश्यक भएको देखिन्छ, क्यास्पियन सागरको वर्तमानको अवस्थाले।

## होटल चाहियो ? हामी छौ तयार

काठमाडौंको मुटु मानिने सुन्धारामा सुविधासम्पन्न होटलमा उचित खर्चमा उच्चस्तरको बसाइका लागि होटलको खोजीमा हुनुहुन्छ भने हामी तपाईका लागि सहयोगी बन्न सक्छौं।

**हाम्रा सुविधा तथा विशेषताहरु**

- आवश्यकता अनुसार तातोपानी, चिसोपानीको सुविधा
- व्यक्तिको आवश्यकता अनुसारका ठूला तथा साना कोठाहरु
- पारिवारिक तथा व्यक्तिगत कोठा तथा बेडहरु
- सफा तथा स्वच्छ वातावरण
- सार्वजनिक तथा जुनसुकै किसिमका सवारी साधनहरु जतिबेला पनि उपलब्ध हुने।
- विभिन्न अन्य स्थान घुम्न जान चाहनेका लागि ती स्थानका लागि सवारी साधनको व्यवस्था, टिकट तथा
- अन्य सहयोगीहरुको सुविधा
- सवारी साधनको आवाज तथा धुँवा धुलोबाट मुक्त
- विभिन्न किसिमका खाजा, खाना ग्राहकको चाहनाअनुसार उपलब्ध गराइने
- बालश्रममुक्त होटल
- पारिवारिक वातावरण

## होटल सनराईज प्लाजा प्रा.लि.

पोखरालाईन, सुन्धारा, काठमाडौं, सम्पर्क नं. ९७७ ०१ ५९०४१५८

इमेल hotelsunrise48@yahoo.com

## फर्निचर चाहिएमा हामीलाई सम्झनुहोस्

- काठमाडौं उपत्यकाका कुनै पनि ठाउँमा काठका फर्निचर चाहिएमा हामीलाई सम्झिनुहोस्। हामी ग्यारेन्टीका साथ तपाईलाई सेवा दिन तयार छौं।
- कार्यालय होस् वा घर जहाँ पनि फर्निचर चाहिएमा हामीलाई सम्झिनु भएमा हुन्छ।
- सोफा सेट, टेबल, कुर्सी, पलङ आदि जुनसुकै खालका काठका फर्निचरहरु हामीसँग छन्। उचित मूल्यमा हामी सेवाका लागि हाजिर छौं।

## फर्निचर महल प्रा.लि.

काठमाडौं, सम्पर्क नं.९८६०२८१६९९ (पुष्पाजी)

# वर्तमान समस्याको निकास बीपीवाद

**हेमराज भट्ट**

लोकतन्त्रवादी देशभक्तहरुले आफ्नो देशको स्वाभिमान र अस्मितालाई सधैं आफ्नो जीवनको मूल्य मान्यता र आदर्श बनाएका हुन्छन् भन्ने एउटा दर्बिलो उदाहरण हो, बी.पी.को आदर्शपूर्ण जीवनकथा। युगले जन्माएको एक महापुरुष, नेपाली लोकतान्त्रिक आन्दोलनका जननी, सिद्धान्त र बिचारका प्रणेता, समाजवादी चिन्तनका प्रबर्द्धक, नेपाली मनोवैज्ञानिक साहित्यका ध्रुवतारा, जनताका असली नायक, महामानव तथा अथक राजनेता श्री विश्वेश्वरप्रसाद कोइरालाज्यूले ठीक ४४ बर्षअगाडि (बि.सं. २०३३ साल पौष १६ गते) आजकै दिन लामो समयसम्मको आफ्नो निर्वासित जीवनलाई बिट मार्दै सहयात्री मित्र लौहपुरुष श्री गणेशमान सिंहज्यू लगायत अन्य सयौं साथीहरुको साथमा नेपाल प्रवेश गरी राष्ट्रिय एकता र मेलमिलापको नीतिलाई अवलम्बन गर्नु भएको दिन।

समयको चक्रसँगै यही ऐतिहासिक दिनलाई नेपाली काँग्रेसले राष्ट्रिय एकता र मेलमिलाप दिवसको रुपमा मनाउँदै आएको छ। चारदशक आधासम्मको हाम्रो राजनीतिक यात्राको दौरानमा नेपाली राष्ट्रियता दिनानु दिन ज्यूँ का त्यूँ र जस्ताको तस्तै भन्दा पनि अभ□ऽरूबढी कमजोर र तरल बन्दै गएको छ। हामीसामु अहिले आदर्शका प्रतिक बी.पी. कोइराला र लौहपुरुष गणेशमान सिंहजस्ता देशभक्त, स्वाभिमानी र लोकतन्त्रप्रेमी नेताहरु हुनुहुन्न। केवल बाँकी छ त उहाँहरुले छोडेर जानुभएका असल कर्महरु र अंमर बाणीहरु, सिद्धान्त र आदर्शप्रतिको निष्ठा, त्याग र समर्पणले भरिएको जीवन गाथा अनि राष्ट्र र राष्ट्रियतामाथिको ईमान र लोकतन्त्रप्रतिको अविराम आस्था एवं समाजबादको गन्तब्यमा पुगिने नेपाली मौलिकताले सजिएको उज्ज्यालो मार्गचित्रसहितको ब्याख्या। हाम्रो नेपाली राजनीतिका एक धरोहर, विश्वमा चिरपरिचित राजनेता र हामी सबैका प्रेरणाको श्रोत एवं लोकतन्त्रका हिमायती नेपाली समाजका प्राप्त आदरणीय वीर पुरुषहरुले इतिहासका कठिन ती दिनहरुमा नेपालको राष्ट्रियता र राष्ट्रको जगलाई अझ बलियो बनाउन लिएका साहसिक निर्णयहरुका बारेमा चर्चा गर्नु सान्दर्भिक हुनेछ।

एउटा सत्य के हो भने ? खासगरी, बी.पी. कोइरालाका अनुयायीहरु हामी काँग्रेसीहरुले हिजो प्रशस्त समय र अवसर पाउँदा पनि उहाँले देखाउनु भएको नेपालीपन, जीवन दर्शन र लोकतान्त्रिक मुल्य मान्यतालाई कार्यान्वयन गर्ने सम्बन्धमा जुन हदसम्मको अभ्यासका कोसिसहरु हुनु पर्दथ्यो त्यो नभएकै हो र त्यसमा यथेष्ट ध्यान नपुगेको नै हो। यो नै हाम्रो नेपाली राजनीतिको लागि दुर्भाग्य सावित भयो, हुँदैछ। नेपालको राष्ट्रियताको सम्बन्धमा बी.पी. कोइरालाले अख्तियार गर्नु भएको राष्ट्रिय मेलमिलापको नीति, पटक पटकका अन्तर्वार्ताहरुमा उहाँबाट ब्यक्त धारणाहरु र स्पष्ट गर्नुभएको ब्याख्या भावना र मर्मलाई आजको यो ऐतिहासिक दिनमा अझ महत्वका साथ प्रभाबकारी ढंगबाट अगाडि बढाउन सक्नु समयको आवश्यकता हो। दूर दृष्टिकोणसहित बी.पी. कोइरालाले नेपालको भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधिनता, सार्वभौमसत्ता सम्पन्न नेपाली जनता, नेपालको सार्बभौमिकता एवं संप्रभुता, विधिको शासन र कानुनी राज्यका निम्ति स्वतन्त्र न्यायपालिका सँगै प्रेस स्वतन्त्रतालाई लोकतन्त्रको आधारस्तम्भ र नेपाली एकताको प्रस्थान बिन्दु मान्नु भएको छ। नेपालको राजनीति र लोकतान्त्रिक यात्राको शुरुवाती क्रममा बी.पी. कोइरालाको नेतृत्वमा उहाँका समकालीनहरुको संलग्नतामा रोपिइएको लोकतन्त्ररुपी बृक्ष नेपालमा हुर्कंदै छ, तर यसका लागि आबश्यक पर्ने मलजल र रेखदेखको निम्ति उपयुक्त पात्र ( माली) को अभाबमा निरस र फलबिहिन हुन पुगेको तितो यथार्थलाई यहाँनेर उजागर गर्नु बाञ्छनीय ठानेको छु।

नेपालको राजनीतिक घटनाक्रमको यो सत्य बस्तुस्थितिलाई गहिरिएर मनन् गरी बी.पीबादको वरिपरि नै आजको नेपाली राष्ट्रियता, एक आपसमा एकता साथै सद्भाव र राष्ट्रिय मेलमिलाप खोजिनु पर्दछ। संसारभरको लोकतान्त्रिक आन्दोलन र समाजबादी चिन्तक नेताहरुका लागि स्वयं बी.पी. उदाहरणको पात्र र प्रतिक हुनुहुन्छ। उहाँको समाजबादी दर्शनलाई धेरैले आत्मासाथ गरेका छन्। आजको नेपालको राजनीतिक इतिहासमा बी.पी. कोइरालाको महत्व र अपरिहार्यता झनझन् खड्किँदै गएको छ। संघर्ष र आन्दोलनको अप्ठ्यारो मार्गमा समेत आफ्ना ब्यक्तिगत समस्या र आकांक्षालाई एकातिर पन्छाई देश र जनताको हितमा सुझबुझ र बिबेकपूर्ण निर्णय गर्नसक्ने क्षमताको भरिपूर्णताले नै बी.पी. कोइराला नेपाली जनताहरुको माझ संधै परिचित र लोकप्रिय हुनुहुन्छ। उहाँले देखाउनु भएको एकताको बाटो युगौं युगसम्म हामी नेपालीहरु र मुलुकको निम्ति मार्गदर्शन भई चम्किरहने छ।

हिमालय पर्वतमा आफ्नो शरीरमा भएको नाभीबाट निस्केको वास्नाको खोजिमा भौतारिएको कस्तुरीको जस्तो हालतमा जिउँन आज हामी नेपालीहरु बाध्य पारिएका छौं। बी.पी. कोइराला र उहाँका समकालीन नेपाली राजनितिज्ञमा ब्याप्त क्षमता, कुटनीतिक चातुर्यता र दुरदर्शीताको परिणाम नै आज हाम्रो यात्रा यहाँसम्म आइपुगेका छ। हिजोको इतिहासको यथार्थता र तितो सत्यलाई आत्मासाथ गर्न नसक्दा नै हामी एकपछि अर्को अल्झनहरुको दलदलमा फसेका छौं र फसिरहने छौं। यी घटनाक्रमहरुलाई एकएक गरी केलाउनु आजको नेपाल र नेपाली राजनीतिको लागि अपरिहार्य सर्त हो। सँगै स्वतन्त्र राज्य बनेको भारत र पाकिस्तान अनि सन् १९७१ ताका पूर्वी पाकिस्तानबाट नयाँ देश बनेको बंगालादेशको अबस्था आज कस्तो र कहाँ छ र हामीचाहि कहिल्यै परचक्रीको सामु नझुकेको सधैं अटल, अंमर, स्वतन्त्रता र बीरताको गाथा बोकेको मुलुकको हालत संधै किन यस्तो ? अब यी बिषयहरुमा गहन बहस, छलफल र विचार बिमर्शहरु गर्ने कि सबै समस्याहरुको जड आफ्नो स्वभाब र चरित्रको अलवा उनीहरुलाई नै लगाउँने ?

मैले माथि नै उल्लेख गरेको छु। बी.पी. बादकै वरिपरि रहेर हामी नेपालीहरुले बर्तमान नेपालको राजनीतिक समस्यालाई निकास दिई अगाडि बढ्न सक्नुपर्दछ। नेपाली राष्ट्रियता, नेपाली मौलिकता, सबै जातजातिका धर्म, संस्कृति र परम्पराहरु साथै अनेकौं बिबिधता एवं नेपाली लोकतन्त्रको अभ्यास नेपाल आमाकै सन्तान बी.पी. कोइरालाले गर्नुभएको ब्याख्या अनुरुप हुनुपर्दछ। हाम्रो राजनीतिक अस्थिरताको मुख्य कारक र करणी दोषी अरु कोही होइन, हामी आफूभित्र निहित स्वार्थको कुण्ठामा जमेको असक्षमता र अकर्मण्यता नै हो। नेपाली जनताहरुको सात दशक लामो बिभिन्न किसिमका राजनीतिक संघर्ष र पटक पटकको आन्दोलनबाट प्राप्त उपलब्धीहरुको नासो लोकतान्त्रिक संविधानको रक्षाको साटो दुईतिहाइको हाराहारीमा सत्तासिन कम्युनिष्ट पार्टीका नेताहरु र सत्ताका नायकहरु एकपछि अर्को समस्या नै समस्याहरुको भुमरीमा मुलुकलाई लैजादै छन् र व्यवस्थालाई फिक्का बनाउने अनर्गल प्रचारहरु गर्न तल्लीन छन्। नेपालको अहिलेको समस्याले प्रमाणित गरेको कुरा भनेको कम्युनिष्टहरु देश, लोकतन्त्र र जनताहरु प्रति बफादार हुदैनन् भन्ने नै हो। सत्ता प्राप्तिको लागि जो सुकैसंग र जस्तोसुकै अबस्थाहरुमा पनि सम्झौता गर्दछन् र त्यसको प्राप्तिपछि बिगतको सम्झौतालाई कुल्चदै अगाडि बढ्दछन्, साथै राज्यका आधारभूत स्तम्भहरुलाई कमजोर बनाउँदै सर्बसत्ताबादी सोच र अधिनायकबादी चरित्रका साथ हिड्न खोज्दछन्। कम्युनिष्टहरु बिधिलाई प्रधान मान्न जान्दैनन्। उनीहरु प्रशिक्षणबाट हुर्कंदैमा खराब नियति पाल्दै हुर्केका हुन्छन्, त्यसैले त उनीहरु यति क्रुर हुन्छन् कि संगैको साथीलाई पनि छिनभरमै साथ दिन छोड्दछन्। यो हाम्रो देशको कम्युनिष्टहरुको पनि आदर्श नै हो।

अहिले बितेको हप्तादिनको उनीहरुको अभिब्यक्तिहरुबाट पनि यो बिषय प्रमाणित हुन्छ। यस्ता प्रबृत्तिका कम्युनिष्टहरु हाबी भएको नेपालको बर्तमान परिवेशमा नेपाली काँग्रेसले लोकतन्त्रको अभिभावकको भुमिका निर्वाह गर्न बी.पी. बादको आधारलाई केन्द्रमा राखी सबैलाई एकताको सूत्रमा अगाडि लैजान कुनै कसर बाँकी राख्नु हुँदैन।

अन्तमा, बी.पी. कोइरालाको राजनीतिक जिवनीबाट शिक्षा लिँदै हामी सबै एकै ठाउँमा एकाकार भई देशलाई बन्धक बनाउने दुष्चक्रबाट बाहिर निस्कनु पर्दछ। हरेक समस्यालाई वार्ताबाट निकास दिन सकिन्छ। हाम्रो अहिलेको मिलन बिन्दु भनेको हामीले प्राप्त गरेको लोकतान्त्रिक संबिधानको रक्षा र संबैधानिक अभ्यास नै हो। बी.पीले आफ्नोसामु रहेको मृत्यु र फाँसीको सजाय र आफ्नो जीवनको कुनै परवाह नगरी यत्रा धेरै समस्या नै समस्याहरुको चाङै चाङका बाबजुँद पनि नेपाली राष्ट्रियताको जगेर्ना र लोकतान्त्रिक आन्दोलनको बांकी काम स्वदेश फर्की पूरा गर्ने जुन अठोट, साहस र आँटका साथ राष्ट्रिय एकता र मेलमिलापको नीति लिएर नेपाल आउनुभयो, हो यहीबाट प्रेरणा लिएर अगाडि बढ्नु आजको आवश्यकता हो।

जय नेपाल

## अदालतलाई सापकोटाको जवाफ

काठमाडौं। सभामुख अग्निप्रसाद सापकोटाले प्रतिनिधिसभा विघटनको विषय स्वतः खारेजभागी रहेको जिकिर गरेका छन्। सर्वोच्च अदालतको आदेशअनुसार आइतबार प्रतिनिधिसभा विघटनबारे लिखित जवाफ प्रस्तुत गर्दै सभामुख सापकोटाले संघीय संसदको सातौं अधिवेशनको तयारी भइरहेको अवस्थामा प्रतिनिधिसभा विघटन हुँदा आफू मर्माहत भएको उल्लेख गरेका छन्। उनले प्रतिनिधिसभा विघटनलाई 'सार्वभौम जनताको प्रतिनिधिमुलक संस्था संसद उपरको हस्तक्षेप' भनेका छन्। 'त्यस्तो हस्तक्षेप नेपालको संविधानको मर्म र भावना भावना अनुरुपसमेत देखिन नआएको हुँदा रिट निवेदकहरुको दावी संविधान बमोजिम नै देखिएकोले प्रतिनिधिसभा विघटन हुन सक्ने कुनै आधार छैन,' जवाफमा उनले लेखेका छन्।

उनले नेपालको संविधानको धारा ७६ मा प्रतिनिधिसभामा सरकार गठन गर्ने विकल्प रहँदासम्म प्रतिनिधिसभा विघटन नहुने स्पष्ट व्यवस्था भएको जिकिरसमेत गरेका छन्। प्रतिनिधिसभा विघटनविरुद्ध नेकपा संसदीय दलका प्रमुख सचेतक देवप्रसाद गुरुङले दायर गरेको रिटमा सभामुख सापकोटालाई समेत विपक्षी बनाइएको छ।

## इ–सपिङको अनुगमन हुने

काठमाडौं। विद्युतीय माध्यमबाट हुँदै आएको वस्तु तथा सेवाको व्यापारलाई नियमन गर्न नयाँ कानुन ल्याउने तयारी थालिएको छ। उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले अनलाइन माध्यमबाट हुने त्यस्तो कारोबारलाई कानुनी दायरामा ल्याउने उद्देश्यले नयाँ ऐनको विधेयकको तयारी अघि बढाएको हो। उक्त विधेयकको मस्यौदा तयार गरी मन्त्रालयले आवश्यक सुझाव संकलन गर्ने प्रक्रिया थालेको छ। प्रस्तावित विधेयकको मस्यौदामा आफ्नै उत्पादनका वस्तु तथा सेवा बिक्री गर्न वा अन्तरवर्ती व्यवसायी (एजेन्ट) मार्फत् खरिदबिक्री गर्ने दुवै बाटो खुला राखिएको छ। प्रस्तावित ऐनअनुसार अब अनलाइन कारोबारका लागि बिक्रेताहरुले वाणिज्य विभागमा आफ्नो व्यवसायको दर्ता अनिवार्य रुपमा गर्नु पर्नेछ। साथै यसरी व्यापार गर्ने अनलाइन प्लेटफर्मसमेत अनिवार्य रुपमा खडा गर्नुपर्नेछ। सो पोर्टलमा आफूले बेच्ने वस्तु तथा सेवाहरुको सम्पूर्ण विवरण तोकिएको ढाँचामा प्रकाशन गर्नुपर्ने उल्लेख गरिएको छ। बिक्रेताले आफूले खडा गरेको प्लेटफर्म ( अनलाइन पोर्टल) मा आफूले बिक्री गर्ने वस्तु तथा सेवाको विवरण राख्नुपर्ने तथा त्यस्तो वस्तु तथा सेवा खरिदबिक्री भएमा त्यसको हस्तान्तरण हुँदा लाग्ने करसहितको मूल्य प्रकाशन गर्नुपर्नेछ।

त्यस्तै, वस्तुको आकृति, उत्पादन मिति, उत्पादकको विवरण अनिवार्य रुपमा उल्ले गर्नुपर्ने तथा वस्तुको प्रकृति अनुसार आकार, रंग, समिश्रण, तौल, अन्तरनिहीत तत्वहरु र उपभोग गरिसक्नुपर्ने अवधि तथा वस्तु तथा सेवाको प्रयोग गर्दा अपनाउनुपर्ने सावधानीसमेत अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने व्यवस्था गरिएको छ। त्यस्तो वस्तु तथा सेवाको बिक्री भएमा बिक्रेताले क्रेतालाई सामान बुझाउन सकिने समय तथा यसवापतको मूल्य भुक्तानी विधि समेत प्रष्ट रुपमा उल्लेख गर्नुपर्नेछ। अनलाइनमार्फत् खरिद गरिने सामानमा पाइने वारेन्टी, ग्यारेन्टी, सामान फिर्ता गर्न वा अर्डर रद्द गर्न सकिने वा नसकिने लगायतका विवरणहरु समेत अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने प्रस्तावित विधेयकमा उल्लेख गरिएको छ।

यो ऐनले करार ऐनको व्याख्यालाई समेत थप गर्दै अनलाइनमार्फत् भएका अर्डरहरुलाई समेत करार भएको मानिने व्यवस्था गरेको छ। करार ऐन २०५६ ले अनलाइनमार्फत् हुने यस्तो अर्डरलाई करार मान्ने स्पष्ट व्यवस्था नरहेकोमा यो विधेयकले यसलाई स्पष्ट रुपमा करारको परिभाषाअन्तर्गत राखेको हो। तर, खरिदकर्ताले गरेको अर्डरलाई बिक्रेताले स्वीकार गरेको अवस्थामा मात्रै यस ऐनअन्तर्गत करार हुने उल्लेख गरिएको छ। यो विधेयकले अनलाइन व्यापारसम्बन्धी नियमन गर्ने सम्पूर्ण जिम्मा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागलाई दिएको छ। अनलाइन व्यापारमा बदमासी गरेर कसैले ठगी गरेमा त्यस्तो व्यक्तिमाथि नेपाल सरकार वादी भएर मुद्दा चलाइने उल्लेखसमेत गरिएको छ। नेपाल सरकार वादी भएर मुद्दा चलाइनु भनेको फौजदारी मुद्दा सरह हो। यद्यपि अनलाइनमार्फत् भएका ठगीलाई पनि अन्य प्रचलित कानून अनुसारसमेत मुद्दा चलाउन सकिने उल्लेख गरिएको छ। यद्यपि यो ऐनअन्तर्गत ठगी गर्नेलाई अधिकतम २ लाख मात्रै जरिवाना गराउने प्रस्ताव गरिएको छ।

प्रस्तावित ऐनले अनलाइनमार्फत् वस्तु तथा सेवाको खरिद बिक्री गर्नेले अनिवार्य रुपमा अनलाइन बिलिङ गर्नुपर्ने व्यवस्था समेत गरेको छ। यसका लागि सेकुअर्ड सकेट लेयर सर्टिफिकेट स्थापित गर्नु पर्नेछ। यस्तो कारोबारमा अनलाइन माध्यमबाटै भुक्तानी गर्न सकिने भए पनि निश्चित सीमाभन्दा धेरैका कारोबारका लागि गुड फर पेमेन्ट चेक जारी गर्नुपर्ने प्रस्ताव गरिएको छ। यो व्यवस्था कार्यान्वयनमा आएपछि अब फेसबुक लगायतका सामाजिक सञ्जालबाट हुँदै आएका कारोबारहरु अवैधानिक हुनेछन्। अनलाइन पोर्टल र अनलाइन बिलिङ अनिवार्य भएका कारण यस्तो सम्भावना टरेको हो। यो व्यवस्थाले साना व्यवसायीहरुलाई भने ठूलो प्रभाव पर्ने सम्भावना देखिएको छ।

कुनै पनि काम सानो र ठूलो हुँदैन। श्रम गर्न नहिचकिचाऔं। श्रमको सम्मान गरौं। उत्पादन र उत्पादकत्व बढाउन शिक्षित र सचेत बनौं र अरूलाई पनि बनाऔं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग
संचारग्राम, काठमाडौं

निर्माणका लागि हामीलाई सम्झनु होस्

कुनै पनि किसिमका निर्माण कार्य गर्नु परेमा, बाटो बनाउने, भवन निर्माण गर्ने तथा विशेष गरी विद्युतीय सबस्टेशनको निर्माण, मर्मत आदि कार्यको लागि हामीलाई सम्झनु होस्।

विद्युतीय सबस्टेशनसँग सम्बन्धित कार्यहरुका लागि हाम्रो सेवा तपाईका लागि एकदमै उपयोगी र प्रभावकारी हुन सक्छ किनकि सो क्षेत्रमा हाम्रो दक्षताले गर्दा मुलुकको विद्युत विस्तारमा ठूलो योगदान मिलेको छ। त्यसैले विद्युतीय पोल बिस्तारदेखि तारहरु तान्ने कार्यहरुमा हामीले गुणस्तरीय सेवा प्रदान गर्दै आएका छौं।

'तपाईहरुको सन्तुष्टि नै हाम्रो उपलब्धि हो'

सम्पर्क :
प्रविधि कन्स्ट्रक्सन प्रा.लि.
काठमाडौं - ११, काठमाडौं

# निबन्धका सिद्धान्तहरु-२

## साहित्य संसार

लेखप्रसाद निरौला

निबन्धको पारिभाषिक अर्थबारे परिचर्चा गर्दा हिन्दी साहित्यकार आचार्य रामचन्द्र शुक्लको भनाइ पनि स्मरणीय हुन आउँछ । उनले भनेका छन्-'निबन्धमा वैयक्तिक विशेषताका निम्ति र त्यस विशेषताको प्रदर्शनका निम्ति व्यक्त विचारको प्रवाह ज्ञात वा अज्ञात रूपले होस्स विशृङ्खलित भने हुन दिनु हुन्न । भाव प्रवाहको विचित्रता देखाउनका निम्ति अनुभूतिका स्वाभाविक वा लोकसामान्य रूपसँग कुनै सम्बन्ध नै राख्नु वा भाषासित प्रश्नहरूको जस्तै व्यायामिक वा हठयोगीहरूले झैँ आसन साधन गराइनु हुँदैन ।' यसरी शुक्लले निबन्धको वैयक्तिक पक्ष र अनुभूतिगत स्वाभाविकतासँगै विचारको व्यवस्थित प्रस्तुतितर्फ स्पष्ट निर्देश गरेका छन् ।

त्यस्तै नेपाली साहित्यका चर्चित आत्मपरक निबन्धकार लक्ष्मीप्रसाद देवकोटा (१९६६–२०१६) ले पनि निबन्धका सन्दर्भमा केही प्रस्ट विचारहरू प्रस्तुत गरेका छन्–

'यो रैंचिरा दर्शन होइन, न हो पाण्डित्य दर्शनको ठ्यासफू । यसमा गृहीत विषयलाई सर्वदृष्टिकोण, समीक्षणको जरूरत छैन । यो एक किसिमको धूर्त बझास ठिटो हो– जो सडकमा हिंड्दा कहिले ढुङ्गा हान्छ, कतै कतै आनन्दले फुलेर हेर्छ तर घोरिंदैन । ... त्यो (निबन्ध) टेबिल गफ मात्र हो, शास्त्र होइन । यो एउटा फुर्सदको मनोरञ्जन हो । ... यहाँ एउटा रसिलो, हरिलो, गफाडी, चुट्किलो कुराकानी छ, जसको नाम प्रबन्ध (निबन्ध) हो ।' हो पनि, देवकोटाले भने जस्तै मोन्तेनका निबन्धात्मक चिन्तन र सिर्जनाहरू पनि शास्त्रका रूपमा नभई टेबुल गफकै रूपमा व्याख्या गर्न सकिन्छ ।

अर्का नेपाली साहित्यकार ईश्वर बराल (१९८०–२०५४) ले पनि निबन्धका विषयमा यस्तै थप कुराहरू प्रकाश पारेका छन् । उनले भनेका छन्-

निबन्ध एक किसिमको कुरा गराइ हो । यो हो लेखकका मनमा भावनाहरूलाई स्वगत कथनका रूपमा उद्गारित गराउने विधा विशेष । आफ्नो गुनासो अरूलाई सुनाउनु, मनको बह पोख्ने काम गर्नु, हृदयलाई सकेसम्म छर्लङ्ग्याइदिनु, आन्तरिक सन्देशलाई फिँजाइदिनु मानिसका आद्य सिर्जना हुन् । त्यसो हुनाले निबन्धकार जहिले पनि पाठकसित गफ गर्न चाहन्छ । साउती गरेर तिनलाई आफूप्रति सहानुभूतिशील बनाउन खोज्छ । मेरा कुरा कसैले सुनिदिऊन् ।' यसैगरी छोटै भए पनि रामलाल अधिकारी (१९९८–२०६२) को यस्तो भनाइ समेत महत्वपूर्ण देखा पर्दछ- 'निबन्ध त्यो काव्य विधा हो जसमा लेखक (निबन्धकार) को व्यक्तित्व पाठक समक्ष पूर्णतया प्रकाशमान् हुन्छस यसमा लेखकले उपदेश नभई आत्मप्रकाशनकै लक्ष्यमा केन्द्रित हुनु पर्दछ ।'

यसप्रकार निबन्धका विषयमा मोन्तेनदेखि बेकन हुँदै नेपाली निबन्धकार एवम् समीक्षकसम्म आइपुग्दा निश्चय पनि केही महत्वपूर्ण अभिलक्षणहरू देखापरेका छन् । हो, धेरैजसोले विशेष गरी आत्मप्रकाशन वा हृदयको समुद्घाटनका पक्षमा बढी जोड दिएका छन् अर्थात् पाठकसमक्ष स्वको प्रकटीकरण गर्दै औपदेशिकता विहीन आत्मीयभावको प्रस्तुतिमा जोड दिएका छन् । तर, कतिपयले घनीभूत ज्ञानपुञ्ज वा विचारको सहज अभिव्यक्ति अर्थात् वैचारिक दृढता र स्पष्टता, दार्शनिक एवम् विकीर्ण चिन्तनहरूको शृङ्खलित प्रस्तुतिमा विशेष जोड दिएका छन् । अझ कतिपयले त निबन्धलाई गीत्यात्मक प्रकृतिको काव्यतुल्य गुण भएको कलात्मक, भावुक, कोमल र संवेदनशील रचनाका रूपमा परिभाषित गरेका छन् । जे होस्, निबन्ध कुनै खास विषयमा केन्द्रित भई लेखकका वैयक्तिक अनुभूति वा विचारहरूको सङ्क्षिप्त, कलात्मक र सुव्यवस्थित भाषिक अभिव्यक्तिमा आधारित गद्यात्मक प्रकृतिकै साहित्यिक नव विधा भएको कुरा प्रस्ट छ ।

### २. निबन्धको वर्गीकरण

संस्कृत वाङ्मयमा निबन्ध र प्रबन्ध शब्दलाई कतिपय सन्दर्भमा एउटै साहित्यिक अभिप्रायसँग गाँसेर हेरिएको पाइन्छ । प्रारम्भमा गद्यात्मक वा पद्यात्मक दुवै प्रकृतिका रचनालाई बुझाउने अर्थमा प्रबन्ध शब्दको प्रयोग हुने गरे पनि कथात्मक प्रकृतिको काव्यकृतिलाई बोध गराउने सन्दर्भमा पछि आएर निबन्ध र प्रबन्धमा भिन्नता देखा परेको छ । अझ वर्तमान सन्दर्भमा त स्वतन्त्र गद्य रचना विशेष नै निबन्धका रूपमा र अनुसन्धानात्मक प्रकृतिको लेखनलाई मात्र प्रबन्धका रूपमा लिन थालिएको छ । यसर्थ, यहाँ विधागत रूपमा विशिष्टीकृत भइसकेको निबन्ध विशेषको मात्र वर्गीकरणबारे चर्चा गरिन्छ ।

निबन्ध वास्तवमा आख्यान निरपेक्ष सङ्क्षिप्त एवम् कलात्मक गद्यविधा नै हो । यसभित्र आत्मपरकता वा वस्तुपरकताको मात्रा रहन सक्दछ । निबन्धकारका निजी अनुभूति वा भोगाइलाई विनाऔपदेशिक किसिमबाट प्रस्तुत गर्न सकिन्छ । त्यस्तै जीवन र जगत्का यावत् विषयवस्तुले प्रवेश पाउन सक्दछन् । प्रकृति, संस्कृति, राजनीति, धर्म दर्शन लगायतका अनेक विषयवस्तु वा विकीर्ण चिन्तनहरूलाई गुम्फन गर्न सकिन्छ । यसरी विषय विशेष र प्रस्तुतिगत विशिष्टताका आधारमा निबन्धहरू अनेक प्रकृतिका हुने गर्दछन् । तिनलाई निम्नकिसिमबाट विभाजन गर्न सकिन्छ :

क) भावको प्रधानताका आधारमा,
ख) विषयवस्तुका आधारमा,
ग) धारा वा वादका आधारमा,
घ) शिल्प संयोजनका आधारमा र
ङ) नव उपविधा वा तुल्य उपविधात्मक स्वरूपका आधारमा ।

#### क) भावको प्रधानताका आधारमा

भावको प्रधानताका आधारमा निबन्धहरू मूलतः दुई किसिमका हुन्छन्- आत्मपरक र वस्तुपरक । आत्मपरक निबन्धलाई निजात्मक पनि भनिन्छ । निजात्मक प्रकृतिका निबन्धहरूमा निबन्धकारको निजी भावना वा कल्पनाहरूको प्राचुर्य रहन्छ । त्यसभित्र पनि अत्यधिक भावुकता, केही वैचारिकता वा तार्किक भावुकता, आत्मकेन्द्री रागात्मक प्रस्तुति वा संस्मरणजन्य सन्दर्भ आदिको आनुपातिक प्रस्तुतिका कारण अनेक उपभेदहरू रहन सक्दछन् । त्यसैले आत्मपरक निबन्धलाई भावात्मक, विचारात्मक, वैयक्तिक र संस्मरणात्मक आदि विभिन्न वर्गमा विभाजन गर्न सकिन्छ । जहाँ वैचारिक कार्यकारणको अभाव र लेखकीय वैयक्तिकता तथा कल्पनाजन्य भावुक प्रस्तुतिको मात्रा बढी रहन्छ त्यसलाई भावात्मक प्रकृतिको निबन्ध भनिन्छ । त्यस्तै लेखकीय स्व विचारको स्पष्टता र तर्कपूर्ण प्रस्तुतिका कारण विचारात्मक निबन्ध र वैयक्तिक निजी भोगाइका निश्छल रागात्मक अभिव्यक्तिका कारण वैयक्तिक प्रकृतिका निबन्धहरू हुने गर्दछन् । हुन त स्मृतिबिम्बका आधारमा संस्मरणको मात्रा बढी भएमा संस्मरणात्मक निबन्ध पनि मान्न सकिन्छ ।

लेखकीय भावना वा निजी अनुभूतिको मात्राभन्दा वस्तुता वा परात्मकताको मात्रा बढी भएमा वस्तुपरक अर्थात् परात्मक निबन्धहरू तयार हुन्छन् । तिनमा पनि वर्ण्यविषयको प्रस्तुतिमा असाधारण शक्तिको प्रयोग गरी व्यवस्थित र सङ्क्षिप्त तुल्याउन सके सबल वर्णनात्मक निबन्धहरू हुन पुग्दछन् । यदि तिनमै पनि कुनै यथार्थपरक वृत्तान्तको समन्वयात्मक प्रस्तुति गर्न सके विवरणात्मक निबन्धहरू बन्न पुग्दछन् । जे होस्, जुन निबन्धमा वस्तुताको मात्राका साथै वर्णन प्रबलता रहन्छ त्यो वर्णनात्मक र जहाँ विवरण प्रबलता रहन्छ त्यो विवरणात्मक निबन्ध मानिन्छ ।

#### ख) विषयवस्तुका आधारमा

निबन्धमा समेटिने विषयवस्तुहरू जुनसुकै क्षेत्रसँग सम्बन्धित हुन सक्दछन् । अन्य विधामा जस्तै जीवन जगत्का हरेक विषयवस्तुले निबन्धको स्वरूप प्रदान गर्न सक्दछ । त्यस्ता विषयहरूमा निबन्धकारले देखेका, भोगेका वा अनुभव गरेको विषय सन्दर्भहरूदेखि समाज, राजनीति, धर्म-संस्कृति, जीवन-दर्शन आदि जुनसुकै कुरा पनि रहन सक्दछन् । यसर्थ निबन्धभित्र समेटिएका विषयवस्तुका आधारमा निबन्धलाई सामाजिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक, राजनीतिक, जीवनीमूलक, ऐतिहासिक, पौराणिक, दार्शनिक आदि अनेक किसिमबाट विभाजन गर्न सकिन्छ ।

#### ग) धारा वा वादका आधारमा

निबन्ध लेखनका क्रममा निबन्धकारले आत्मसात् गरेका विषयशिल्पभित्र कुनै वाद वा धाराको प्रभाव अथवा प्रवृत्ति रहन सक्दछ । कतिपय अवस्थामा निबन्धकार नितान्त वैयक्तिक र स्वच्छन्द किसिमबाट रोमान्टिक धारालाई आत्मसात् गर्दै निबन्धभित्र देखा पर्न सक्छ भने कतिपय अवस्थामा नैतिक औपदेशिकताको प्रभावबाट मुक्त हुनै सक्दैन । निबन्धगत विषयवस्तुलाई कुनै स्थापित मूल्य मान्यताका आधारमा अथवा दार्शनिक धरातललाई टेकेर प्रस्तुत गर्ने क्रममा कतिपय निबन्धकारका निबन्धहरू प्रगतिवादी, अतियथार्थवादी अथवा अस्तित्ववादी-विसङ्गतिवादी आदि अनेक प्रकृतिका हुन सक्दछन् । यसर्थ धारा वा वादको उपस्थितिका आधारमा निबन्धलाई आदर्शवादी, स्वच्छन्दतावादी, प्रगतिवादी, अतियथार्थवादी, अस्तित्ववादी-विसङ्गतिवादी, प्रयोगवादी आदि अनेक किसिमबाट विश्लेषण गर्न सकिन्छ ।

#### घ) शिल्प संयोजनका आधारमा

यद्यपि निबन्धको शिल्पविधान भनेको कसिलो किसिमको सङ्क्षिप्त एवम् कलात्मक गद्यलेखन नै हो । तर, साहित्यिक प्रयोग परम्परासँगै यसका अनेक शैल्पिक स्वरूपहरू देखापर्दै गएका छन् । वर्तमान सन्दर्भमा निबन्धलाई नितान्त आख्यानरहित वैयक्तिता वा वैचारिक विकीर्णताका

*क्रमशः ......*

# देउवाको खलनायकीकरण कि जरासन्ध वध ?

गोविन्द अधिकारी

अहिले सञ्चार माध्यमलगायत विचार निर्माण गर्नेहरूले दुईवटा गल्ती गरेको देखियो । पहिलो शेरबहादुर देउवाको दानवीकरण र अर्को केपी ओलीलाई गाली गर्ने क्रममा पुष्पकमल दाहाल र माधवकुमार नेपालको सबै खतबात माफ । मूलतः शेरबहादुर देउवा कम्युनिस्टहरूको बुई चडेनन् भनेर अहिले उनलाई खलनायक बनाउन खोजिएको छ । यो पटक्कै न्यायोचित होइन । ओलीको नियत चुनावै नगराउने देखियो र त्यतिबेला पनि देउवा यसरी नै गोलमटोल भाषामा बोल्न थाले भने उनलाई नेपाली काँग्रेसका कार्यकर्ताले पार्टीबाट निकालिदिए पनि अन्याय हुँदैन । अहिले नै पनि देउवाले प्रतिनिधि सभा भङ्ग गर्नु ठीक हो भनेका हुन् भने उनलाई सामाजिक बहिष्कारै गरे हुन्छ । तर, उनले नगरेको अपराधका लागि सजाय दिनु अन्याय हुन्छ । प्रतिनिधि सभा विघटन यसपटक त देउवाले गराएका हैनन् नि ।

पुष्पकमल दाहालले दिएको धोका अरूले बिर्से पनि देउवाले कसरी बिर्सेलान् र ? बोधविक्रम अधिकारीको नेपाली दन्त्यकथामा संकलित 'बिसेमिराको कथा'को भालुले जसरी धोका पाएका देउवाले दाहाललाई कसरी विश्वास गर्ने ? आन्दोलनमा अगाडि नसरेको भनेर शेरबहादुर देउवालाई सामान्य नागरिकहरू वा उनकै पार्टीका साथीले पनि आलोचना गर्नु सुहाउला । तर, कम्युनिस्ट र राजावादीले देउवासँग किन सहयोगको अपेक्षा गर्ने ? अनि तिनैको लहै लहैमा सञ्चारकर्मी र काँग्रेसजन किन देउवाको खोइरो खन्न धुरिएका हुन् ? हो ! शेरबहादुर देउवाले विगतमा लोकतन्त्रको हत्या गर्न राजालाई सघाएकै हुन् । संकटकाल लम्याउन हुन्न भन्दा पार्टी फुटाएका पनि हुन् । गिरिजाप्रसाद कोइरालाका नेतृत्वमा प्रतिनिधि सभा पुनःस्थापनाका लागि आन्दोलन भइरहेकै बेला गोर्खाली राजाको प्रधानमन्त्री पनि भएकै हुन् । तर, तीमध्ये कतिपय क्रियाकलापमा त प्रतिगमन आधा सच्चियो भनेर माधवकुमार नेपालले पनि देउवालाई साथ दिएका हैनन् र ?

प्रधानमन्त्री केपी शर्मा ओलीको नियत चुनाव नगराउने नै हो भनेर ठोकुवा गरिहाल्नु पनि अलि हतार हुन्छ कि ? यद्यपि, अहिले प्रतिनिधि सभा भंग गराउनु नै पनि संविधानमाथि गरिएको तिनको अक्षम्य प्रहार भने हो । यसको सजाय तिनले पाउनै पर्छ । प्रतिनिधि सभा पुनःस्थापना भए जनताका प्रतिनिधिले र चुनाव भए जनताले तिनलाई सजाय पक्कै देलान् । परन्तु, केपी ओलीलाई खराब हुन् भन्न माधवकुमार नेपाल वा पुष्पकमल दाहालका सबै खतबात माफ गर्नुपर्ने हो र ? केपी ओलीलाई अहिलेको शक्ति दिलाउने यिनै दाहाल र नेपाल हैनन् ? निर्मलालाई न्याय माग्दा वा डा. गोविन्द केसीको अनशनका बेला कहाँ थिए यिनीहरू ? अहिले बढो जनताका पक्षधर देखिन खोज्ने योगेश भट्टराईले डा. केसीको अनशन भाँड्न के के गरेका थिए ? यिनले जति नै अग्रगमन र पश्चगमनको डंका पिटे पनि ओलीको संविधान विरोधी कामको यिनले कहिल्यै विरोध गरेका थिए ? दाहालका पुराना खतबात थाती राखे पनि ओलीको मतियारका रूपमा गरेका सबै क्रियाकलाप बिर्सेर यिनलाई महान् राजनेता ठान्नुपर्ने हो ? सामाजिक सञ्जाल नियमनका नाममा पत्रकारिताको घाँटी रेट्न प्रस्तावित विधेयकहरूका विपक्षमा यिनीहरू कोही बोलेका थिए ?

'पाटनका ६ प्रधान'ले जसरी राजकाज चलाउन पाएका भए यिनलाई लोकतन्त्रको चिन्ता लाग्ने थियो कि थिएन होला ? राजदूतदेखि राजनीतिकमात्र हैन निजामती सेवाको नियुक्तिसम्मको खटनपटनमा खटपट नभएको भए ५० वर्ष शासन गर्ने गुड्डी हाँक्न यिनले छाड्थे होलान् ? ओली सरकार गठन हुनेबित्तिकै देखि लोकतान्त्रिक मूल्यहरूमाथि आक्रमण हुँदा अहिलेका नेकपाका नेताहरूले के हेरेर बसेका थिए ? ओलीले राज्यका सबै अंगलाई प्रभावहीन बनाइदिएका छन् । त्यति बेला यी कोही बोले ? मुस्लिम आयोगमा योग्यता नै नपुग्ने व्यक्तिको नियुक्ति हुँदा र संसदीय सुनुवाइ समितिले नै जालझेल गरेर म्याद गुजारी स्वतः अनुमोदित बनाउँदा यिनीहरूमध्ये कोही बोले ? विद्यार्थी छँदा नेपाल विद्यार्थी संघमा लागेकै कारण दीपकराज जोशीलाई संसदीय सुनुवाइमा यिनै कम्युनिस्टहरूले अनुमोदन नगरेका होइनन् ? त्यसले विधि र पल्धति बसायो कि बिगारेको छ त ? प्रधानमन्त्री निवासलाई पार्टी केन्द्रीय कार्यालय सरह बनाएर राज्यका साधन स्रोतमा ब्रह्मलुट हुँदा त यिनीहरू कोही कहिल्यै बोलेनन् । अर्थतन्त्र सिध्याउने षड्यन्त्र स्वरूप जारी गरिएको जाली श्वेतपत्रको यी कसैले विरोध गरे ? सामाजिक सञ्जालमा प्रतिबन्ध लगाउने कानुनजस्ता सरकारका संविधान विरोधी प्रस्तावहरूको अहिले विधि, पद्धति र संविधानको चिन्ता देखाउनेहरूले विरोध गरे ? त्यसैले दाहाल र नेपालले चर्को स्वरमा ओलीको विरोध गरेभन्दैमा संविधानका रक्षक हुने र तिनले भनेकै भरमा शेरबहादुर देउवा प्रतिगमनकारी ठहरिने होइन । शंकाको सुविधा दाहाल वा नेपालले भन्दा त देउवाले नै धेरै पाउँछन् ।

कम्युनिस्टहरूलाई त देउवालाई खलनायक बनाउँदा फाइदै होला । तर, काँग्रेसलाई त नोक्सानै पर्ला नि हैन ? चुनावका बेलासम्म यी जरासन्धहरूलाई एक बनाएर पालनपोषण गरी शक्तिशाली बनाउन चिनियाँ वा अरू कसैले जरा राक्षसीको अवतार लिँदैन भनेर कसैले ठोकुवा गर्न सक्छ ? बरू यही बेला बुद्धि पुगे जरासन्ध सधैँका लागि मासिन सक्छ । देशको भलो त त्यसरी पो होला !


निर्माण कार्यका लागि तयार छौं

काठमाडौं उपत्यका तथा काभ्रेपलाञ्चोक जिल्लामा कुनै पनि किसिमका निर्माण कार्य गर्नुपरेमा हामी सेवाका लागि हाजिर छौं ।

सानातिना निर्माण, मर्मतदेखि हाउजिंग, पुल, बाटो, निजी घरहरुको निर्माणका लागि हामी तपाईको सही छनौटमा पर्ने विश्वासमा छौं ।

जलपरी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.

काठमाडौं-१०, गौशाला



होटलका लागि हामीलाई सम्झनु होस्

काठमाडौंको पवित्र पशुपतिनाथको मन्दिर नजिकै सुविधासम्पन्न होटलमा उचित खर्चमा उच्चस्तरको बसाइका लागि होटलको खोजीमा हुनुहुन्छ भने हामी तपाईका लागि सहयोगी बन्न सक्छौं ।

हाम्रा सुविधा तथा विशेषताहरु :

- आवश्यकता अनुसार तातोपानी, चिसोपानीको सुविधा
- व्यक्तिको आवश्यकता अनुसारका ठूला तथा साना कोठाहरु
- पारिवारिक तथा व्यक्तिगत कोठा तथा बेडहरु
- सफा तथा स्वच्छ वातावरण
- गौशालाबाट नजिकै रहेकाले सार्वजनिक तथा जुनसुकै किसिमका सवारी साधनहरु जतिबेला पनि उपलब्ध हुने ।
- विभिन्न अन्य स्थान घुम्न जान चाहनेका लागि ती स्थानका लागि सवारी साधनको व्यवस्था, टिकट तथा
- अन्य सहयोगीहरुको सुविधा
- सवारी साधनको आवाज तथा धुँवा धुलोबाट मुक्त
- विभिन्न किसिमका खाजा, खाना ग्राहकको चाहनाअनुसार उपलब्ध गराइने ।

न्यु होटल पशुपति दर्शन

रातोपुल, गौशाला, काठमाडौं, सम्पर्क नं. ९७७ ०१ ४४९५४०४

इमेल lamasanu732@gmail.com, hotelpashupatidarshan@gmail.com

# प्रजातन्त्रका सहयोद्धाहरु ! मुलुक जोगाउन एकताबद्ध होऊ

नेपाली माटोमा यो आधुनिक कालमा एकजना दूरद्रष्टा नेता पनि थिए भनेर आजको पुस्ताले सम्झने नाम भनेको नै बीपी कोइरालाको हो । चाहे २००३ सालमा राष्ट्रिय काँग्रेसको स्थापनामा होस्, चाहे २००६ सालमा नेपाली काँग्रेसको रुपमा संगठनलाई पुनर्गठन गर्दा होस् या २००७ सालको जनक्रान्ति होस् या, भद्र अवज्ञा आन्दोलन या २०१५ सालको आम निर्वाचनमा दुई तिहाईको बहुमत प्राप्त गर्दा होस् । या त्यसपछि राजाले त्यो सरकारलाई विघटन गरेर प्रजातन्त्रकै हत्या गर्दै उहाँहरुलाई बिनाकारण जेलमा राख्दा होस् । या प्रवासमा रहँदा या नेपाल फर्केर आउँदा होस् । सबैमा उहाँले कारण दिनु हुन्थ्यो र ती अकाट्य थिए । आज पनि राजनीतिक रुपमा ती नजिरका रुपमा लिइन्छ र त उहाँलाई अमर राजनीतिज्ञको रुपमा लिन थालिएको हो, दूरद्रष्टा राजनेताको रुपमा लिइएको हो । उहाँको देहावसान भएको पनि ३८ वर्ष भयो र पनि आजको नेपाली राजनीतिमा सबैभन्दा प्रजातन्त्रका पक्षमा सकारात्मक तरिकाले चर्चा गरिने नायक भनेको बीपी नै हुनुहुन्छ । राजनीतिका विभिन्न आयामहरुमा, मोडहरुमा र कालखण्डहरुमा बीपीका राजनीतिक रणनीति जे भए पनि खुला पुस्तकझैं थिए । त्यहाँ कुनै राजनीतिक जालझेलका आयामहरु देखिँदैनन् आजको ऐनामा हेर्दा पनि । बीपीको राष्ट्रियता र प्रजातन्त्रको अभिन्न स्वरुपको व्याख्या भनेको नै पछिल्लो सिद्धान्तको रुपमा राष्ट्रिय एकता र मेलमिलापको नीतिलाई लिइन्छ । राष्ट्रियताका प्रश्नमा सबै नेपालीसँग एकता र प्रजातन्त्रका प्रश्नमा कसैसँग कुनै सम्झौता हुँदैन, त्यसैले नेपाली परिप्रेक्ष्यमा राष्ट्रियता र प्रजातन्त्र एकअर्काका परिपूरक मान्नु भएको थियो ।

राष्ट्रिय एकताका लागि नै नेपालको राजनीतिक इतिहासमा पुस १६ गतेलाई राष्ट्रिय मेलमिलाप दिवसको रुपमा लिइन्छ पनि । हुनत यो दिन अर्थात् २०३३ साल पुस १६ गते नेपाली काँग्रेसका संस्थापक नेताहरु बीपी कोइराला र गणेशमानजीसहितका नेताहरु विनाशर्त भारत प्रवासबाट नेपालमा फर्कनु भएको थियो । नेपालको खस्कँदो राष्ट्रिय अस्तित्वलाई आधार बनाएर त्यस्तो निर्णय गरिएको थियो, त्यो निर्णय यति अचानक र संवेदनशील अवस्थामा भएको थियो कि यसलाई स्वीकार गर्न नेपाली काँग्रेसका थुप्रै अहिँसावादी नेताहरुलाई पनि लामो समय लागेको थियो । त्यो झर्झराउँदो पञ्चायती राजनीतिमा गरिएको एउटा जोखिमको खेल थियो र यसका प्रणेता नेपाली काँग्रेसका अध्यक्ष बीपी कोइराला स्वयम् नै हुनुहुन्थ्यो । त्यो नीतिको सोलोडोलो परिणाम आउञ्जेलसम्म बीपी रहनु त भएन तर उहाँको जुन भविष्यवाणीका आधारमा मेलमिलापको आधारभूमि खडाभएको मानिएको थियो, त्यसको मर्मलाई कुल्चिँदा नेपालको राजनीतिमा आमूल परिवर्तन अवश्यम्भावी भएको तथ्य आज अर्थ्याउन सकिन्छ । त्यसैको परिणामस्वरुप लोकतन्त्रको बहाली, पुनर्बहाली सम्भव भएको विश्लेषण गर्दा अत्युक्ति हुँदैन नेपाली राजनीतिमा । राजाको प्रजातन्त्रविरुद्धको अनवरत दृश्य अदृश्य लिँढे ढिपीले गणतन्त्र सम्भव भएको पनि माने अत्युक्ति हुने छैन । तत्कालीन अवस्थामा निर्विकल्प भनी व्याख्या गरिएको र राष्ट्रियताको पक्षमा भनी तत्कालीन अवस्थाका चिनिएका स्वनामधन्य तथाकथित प्रजातन्त्रवादी तथा वामपन्थीहरुबाट समेत स्वीकृत निर्दलीय पञ्चायती व्यवस्थाका विरुद्धमा सदैव असहमति जनाउँदै आउनु भएका र त्यसका विपक्षमा सशस्त्र आन्दोलनसमेत गर्नुभएका नेपाली काँग्रेसका नेताहरु बीपी कोइराला, गणेशमान सिंहसहितका नेताहरुले आफ्नै देशमा शान्तिपूर्ण तरिकाले अहिँसात्मक आन्दोलन गर्न भनी लिएको नीतिलाई नै नेपालको राजनीतिमा राष्ट्रिय मेलमिलापको रुपमा मानिएको छ । किशुनजी र महेन्द्रनारायण निधिजीहरु त नेपालमा नै हुनुहुन्थ्यो अहिँसात्मक आन्दोलनका पक्षमा लाग्दै ।

यो पुसमा विभिन्न संयोग मिलेको छ नेपाली काँग्रेसका लागि । पुस १ गते काँग्रेसको सरकारसँगै संसद पनि विघटन गरेर प्रजातन्त्रको हत्या गरेका थिए राजा महेन्द्रले । त्यसको कटुस्मृति छ अझै । त्यसको दुष्प्रभावबाट मुलुक अझै उक्सिन सकेको छैन जबकि राजाले सुरु गरेको पन्चायत नै छैन र पनि । हालै यो पुस ५ गते पुस १ नै बिर्साउने गरी हालै हुँदाखाँदाको प्रतिनिधि सभा विघटित छ र संविधानको व्याख्याका लागि सर्वोच्च अदालतको संवैधानिक इजलास बसिरहेको अवस्था छ । दलहरु फैसला कुरिरहेका छन्, पुनर्स्थापना हुन्छ कि विघटनको निर्णय सदर हुन्छ । सदर या बदर जे हुन्छ, त्यसैमा आगामी दिनको राजनीति अगाडि बढ्ने छ । पुस ८ गते संस्थापक नेता कृष्णप्रसाद भट्टराईको जन्मजयन्ती अनि त्यसैगरी मुलुक जोगाउन बीपी पनि २०३३ साल पुस १६ मा नै आउनु भएको थियो भारत प्रवासबाट नेपाल । एउटा विरोधलाई कतैबाट पनि नसहने तर मुलुकमा शान्ति छ भन्ने शैलीको मुर्दा शान्तिले बास गरिरहेको बेलामा र राजाले गाउँ फर्क अभियानको नाममा पञ्चायतलाई स्टालिनशैलीमा एकदलीय स्वरुप दिई रहेको बेलामा बीपीले राष्ट्रिय मेलमिलापको नीति लिई नेपाल प्रवेश गर्ने राजनीतिक जोखिम उठाउनु भएको थियो । जोखिम यस अर्थमा कि मदमत्त पञ्चहरुले राजालाई यसरी देवत्वकरण गर्दै थिए कि राजाको विरुद्ध जो जान्छ, त्यो फाँसीको हकदार हुने अवस्था थियो किनभने बीपीकै कतिपय अनुयायीहरु फाँसीको सजायँ पर्खिरहेका थिए । अहिले संसद विघटन जस्तो असंवैधानिक तरिका अपनाउँदा छिमेकी मुलुकका सेना र नेताहरुको परेड चलेको छ हाम्रो देशमा । बीपीले आजभन्दा ३८ वर्ष पहिले नै नेपालको अवस्थालाई अनुभूत गर्नु भएको थियो । नेपाल भन्ने सार्वभौमसत्तासम्पन्न स्वतन्त्र देश जब विदेशीहरुको खेल मैदान हुन थालेको बीपीलाई अनुभूत भयो, अनि बीपी र गणेशमानजीले नेपालभित्रै गएर राष्ट्रियता र प्रजातन्त्रलाई एउटै सिक्काका दुई पाटोका रुपमा अर्थ्याउने नयाँ राजनीतिक माहौल सृजना गर्ने अठोट गरेको पाइन्छ । राजनेताहरुले आफ्नो स्वनिर्वासन त्यागी स्वेच्छाले स्वदेश प्रवेश गर्दा पनि कहिलेकाहीं त्यो निर्णय राजनीतिकरुपमा



हरिविनोद अधिकारी

जनआन्दोलनमा रुपान्तरित हँदोरहेछ र त्यसले शान्त समुद्रमा ज्वारभाटा आएपछि देखिने आधारभूत राजनीतिको धार नै परिवर्तन गर्दोरहेछ भन्ने कुराको आधार त्यस दिनलाई लिन सकिन्छ । जुन दिनलाई बीपी कोइराला, गणेशमानजीले राष्ट्रभित्र नै मेलमिलाप गर्नका लागि राजनीतिको नयाँ रुप प्रस्तुत गर्नुभएको थियो । भारत, बेलायत, अमेरिका र चीनलाई रिझाउन उनीहरुका चासो सम्बोधन गर्न माहिर राजतन्त्रको घोषित तथा अघोषित नीति भए पनि पुस्ता पुस्ता राजा हुनका लागि नेपाल राज्य चाहिने अन्तर्य बुझ्नु भएका बीपीले बरु राष्ट्रियता जोगाउनका लागि राजासँग मिलेर भए पनि कमजोर राष्ट्रियतालाई सबल बनाउने रणनीति तय गरेको बुझ्न सकिन्छ तर प्रजातन्त्रबिनाको राष्ट्रियता खोक्रो नारामात्र साबित हुने भएकोले न संघर्ष, न समर्पणको नीतिलाई अवलम्बन गरिएको थियो भन्दा राष्ट्रिय मेलमिलापको सही विश्लेषण हुन सक्छ ।

प्रजातन्त्रका लागि समर्पण कोहीसँग होइन तर नेपालको हितका लागि जो सँग पनि सहकार्य गर्ने नीति थियो, प्रजातन्त्रका लागि कोहीसँग पनि सम्झौता नगरी प्रजातन्त्र पुनर्बहाली गराएरै छोड्ने नीति थियो बीपीको । प्रजातन्त्र बलियो हुनका लागि मुलुक एकढिक्का हुनु जरुरी थियो राष्ट्रियताको प्रश्नमा । आज कालापानी क्षेत्रको खुलासाले बीपीको त्यो शङ्कालाई बल पुगेको छ । तर उल्टै त्यो सचेत राजनेतालाई भारतीय दलाल र अराष्ट्रिय तत्व भनेर कोकोहोलो गरिएको थियो तीन कक्षाको पुस्तकदेखि एम ए सम्मको पढाइमा । पञ्चायत भन्ने विषयको पढाइ हुन्थ्यो जसको एउटै लक्ष्य थियो बहुदलीय व्यवस्थाका विरुद्धमा सचेतना । बीपीलाई यो सबै थाहा थियो र पनि उहाँले राष्ट्र जोगाउन कसैले त जोखिम मोल्नै पर्ने हुनाले इतिहासले आफूलाई प्रजातन्त्र स्थापना, प्रवर्द्धन र पुनर्स्थापनाका लागि खटाएको ठानेर प्रजातन्त्र स्थापनाका लागि सबैसँग मेलमिलाप गर्ने नीति लिएको देखिन्छ । एकातिर नेपाल, संविधान सभाले बनाएको संविधान कार्यान्वयनको चरणमा छ भने अर्कोतिर संविधानवादप्रति पटक्कै आस्था नभएकाहरुको हातमा संविधानको कार्यान्वयनको जिम्मा छ, संविधानको गलत व्याख्या गरेर आफू सुहाउँदो कार्यान्वयन गर्ने होड छ । संविधानअनुसारको सरकार हुनाले विश्वास गरौं–संविधानको मर्म विपरीत काम नहोला भन्दाभन्दै संसद विघटन गरेर असंवैधानिकि कामलाई संविधानका धाराहरुले प्रमाणित गरिँदैछ । अहिलेको प्रजातान्त्रिक संविधान पनि संविधान सभाको दोस्रो निर्वाचनले मात्र सम्भव भएको हो र संविधान बनाउनमा नेपाली काँग्रेसले नेतृत्व गरेको सरकार थियो र त्यसको नेतृत्व नेपाली काँग्रेसका सभापति सुशील कोइरालाले गर्नुभएको थियो । यसो हेर्दा संविधानको कार्यान्वयन र प्रजातान्त्रिक प्रणाली सबै अचानोमा परेको बेला छ र आफूलाई प्रजातन्त्रको सम्वाहक मान्ने नेपाली काँग्रेस आफैं आन्तरिक प्रजातन्त्रका लागि संघर्षरत छ । दलका विभिन्न गुट उपगुटहरुका बीचमा मेलमिलाप कुरेर स्वयं नेपाली काँग्रेस बसेको अवस्था छ । एकातिर सबै दलहरुसँगको आन्तरिक असैद्धान्तिक प्रतिस्पर्धा र आफैंमा अनुशासनहीनताको अन्तर्द्वन्द्वमा फसेको छ । जब जब नेपाली काँग्रेस कमजोर भएको छ, मुलुकमा प्रजातन्त्र खतरामा परेको देखिन्छ, उदाहरणका लागि यसैपटकको राजनीतिक प्रक्रियालाई लिन सकिन्छ । २०१५,२०४८,२०५६मा आफैंले बहुमतको सरकार बनाएको नेपाली काँग्रेससँग अहिले आफैंसँग सरकार बनाउने वा भत्काउने गरी बहुमत पनि थिएन । त्यतिमात्र होइन कि सरकारविरुद्ध अविश्वासको प्रस्ताव दर्ता गराउनसमेत पुग्ने मत थिएन । संविधान कार्यान्वयनका लागि भरपर्दो मित्र शक्तिको आड भरोस गर्ने ठाउँ पनि देखिँदैन तथापि संसदीय व्यवस्थामा देखिने वा भित्र्याइने सम्पूर्ण नराम्रा व्यवहार र अभ्यासको अपजस भने उसैको टाउकोमा थोपरिन्छ जबकि संसदीय व्यवस्थाका पक्षमा काँग्रेस अडिग छ र अडिग रहिरहनु पनि जरुरी छ । यतिबेर अल्पमतका अवस्थामा पनि मुलुकले नेपाली काँग्रेस के गर्छ भनेर पर्खिरहेको छ ।

बीपी, गणेशमानजीसहितका थुप्रै नेताहरुलाई फाँसीसमेतको माग गरी नेपालका अदालतहरुमा मुद्दा चलाइएको अवस्थामा एकाएक स्वेच्छाले नेपाल प्रवेश गर्ने नीति तयार गरी सम्पूर्ण काँग्रेसहरु बाघको खोरमा मृग पसेजस्तै गरी राजाको प्रत्यक्ष शासनमा ग्वारग्वारती पस्दा नेपालको राजनीतिमा एउटा सशक्त तरङ्ग उत्पन्न भएको थियो र पञ्चायतलाई नै आफ्नो कब्जामा लिएर राजाभन्दा पनि ठूला राजावादी भएका घुसपैठवादीहरुका लागि त्यो तिलस्मी नीतिको रुपमा अर्थ्याइएको थियो । हजारौं युवा नेताहरुको सक्षम नेतृत्व सदैव उहाँको प्रजातन्त्र प्राप्तिका पक्षमा थियो । नेपाली जनताको जनपक्षीय धारको नेतृत्व बीपीको नाममा मात्र विश्वभर विश्वसनीयरुपमा यसकारणले पनि परिचित थियो कि उहाँलाई राजाले २०१७ सालमा विनाकारण सैनिक बलमा अपदस्त गरेका थिए । त्यसपछि कुनै पनि नागरिकलाई कुनै पनि दलमा स्वेच्छाले लागेकोमा अपराधी घोषणा गरिएको थियो । एकदलीय र निरङ्कुश शासनको यो परिचय नै हो लोकतन्त्रका विरुद्धमा सदैव । आज पनि कतिपय देशमा यो सुन्न र देख्न पाइन्छ । राजनीति सरल रेखामा हिँड्दैन । समयले त्यसलाई परिमार्जन र परिष्कृत गरेकै हुन्छ । तर त्यसको माध्यम त नेता वा नेतृत्व नै हुन्छ । त्यस्तै समयले मागेको नेतृत्वका रुपमा बीपी र गणेशमानजीमार्फत मेलमिलाप गर्ने गरी शुरु भएको २०३३ साल पुस १६ पछि नेपालको राजनीतिले गुणात्मक परिवर्तन आत्मसात गऱ्यो । त्यसको पछिल्लो क्रमागत उपलब्धि भनेको संविधानसभा हो र उपलब्धि भनेको नयाँ संविधानअनुसारको नयाँ नेपाल नै हो जहाँ लोकतन्त्र, गणतन्त्र, संघीय र समावेशी चरित्रको शासकीय स्वरुप छ ।

अब चर्चा गरौं, मेलमिलापको अहिलेको सन्दर्भमा । मुलुकमा झण्डै दुई तिहाईको प्रचण्ड बहुमतको सरकार थियो । र पनि सरकारको काम हेर्दा काम चलाउ जस्तै थियो । कतिपय प्रश्नमा सरकार अनिर्णय र अपरिपक्वताले मुलुक अनिर्णयको बन्दी थियो र त यो गैर संवैधानिक कदम उठाएको होला । दण्डविहीनता मौलाएको छ । भ्रष्टाचार सदाचार भएको छ । दलहरुका बीचमा आपसी र दलीय विवाद आन्तरिक रुपमा कायम छन् । नेपाली काँग्रेस आफैंमा क्षतविक्षत हुनेगरी विभाजित छ, नेकपा अहिले आफैंमा यति विभाजित छ कि कोही सत्तामा त कोही त्यो सरकारको विरोधमा सडकमा ओर्लिएका छन् सत्ताच्यूत गराउन । दलहरुका बीचमा नै मेलमिलाप आवश्यकता छ । त्यसैले दलहरु प्रति जनतामा नैराश्यता छ र पनि दलहरु नै लोकतन्त्रका वाहक र उपभोक्ता दुवै रहेको अवस्था छ । सबै दलहरु मिल्नु बाहेक कुनै अर्को विकल्प बाँकी छैन । बीपीले भन्नु भएको बेलामा जस्तो जटिल अवस्थामा मात्र देश छैन । मियो विनाको दाइँ भइरहेको अवस्था छ । दलहरुका बीचमा विश्वासको सङ्कट छ । कसैको पनि कसैसँग विश्वास छैन । त्यसैले आज अन्तरदलीय मेलमिलापको आवश्यकता देखिन्छ । सरकार सञ्चालनका लागि होस् कि सरकारका काम कार्वाहीलाई जनस्तरमा सेवा दिनका लागि होस्, वा तीन तहका सरकारका बीचमा संविधानबमोजिमको समन्वय कायम गर्नका लागि होस् । बीपीले भनेजस्तै अवस्था होस वा नहोस्, उहाँले कल्पना गर्नुभएको मेलमिलापको सैद्धान्तिक धरातलले मात्र आजको समस्या समाधान हुनसक्ने संभावना देखिन्छ । मुलुक झन् झन् दुरावस्थामा भासिएको छ । बीपीको एक इशारामा ज्यानको बाजी थाप्न चाहने ती युवाहरु अहिले नयाँ बहुराष्ट्रको परिभाषा खोजिरहेका छन् र मुलुकको अवस्था अझ जीर्ण र कमजोर हुँदा पनि मुलुकप्रति संवेदनशील हुन सकेका छैनन्, किन ? यसको उत्तर आजको नीति निर्माता र नेतृत्वले दिनै पर्छ । हिजो सदाचारका प्रतीक मानिएकाहरु अहिले दुराचारका प्रतीकका रुपमा समाजमा गह्नाएका छन् र अदालती कारबाहीमा अपराधी मानिएका पनि छन् । दिनको हिसाबले त त्यो दिवस पुस १६ गते नै मनाइन्छ, मनाइँदै आइएको पनि छ । तर मेलमिलापलाई, त्यो दिवसलाई काँग्रेसको मात्र सम्झने धृष्टता नगरौं । सबैले बीपीको त्यो संवेदनशीलतालाई अहिले पनि मनन गरौं । नेपालको राष्ट्रियता बलियो बनाउन हामी नेपालीमात्र लाग्नु पर्दछ । कोही हामीबीच हाम्रो प्रमुख शत्रु वा परम मित्र छैन । हामी एउटै डुँगामा सबार छौं । प्वाल पाऱ्यौं भने हाम्रो डुँगा डुब्ने छ । बाहिरकालाई रमिता हुनेछ । कथा हुनेछ । त्यसैले हामी सबै साझा प्रश्नमा एक भएर काम गर्न सक्यौं र एक भएर समस्या समाधान गर्न सक्यौं भने कसैले केही पनि बिगार्न सक्दैन । हामी आफ्ना अतीतका गल्तीबाट सिक्ने भन्दा डराउने गर्दछौं ।

हामी गल्ती स्वीकार्ने हिम्मत गरौं र सबै मिलेर यो अती सुन्दर देशलाई अझ सुन्दर बनाऔं । सबैको मेलमिलाप र सहकार्यबाट मात्र त्यो संभव छ । राष्ट्रिय मेलमिलाप दिवसको मनन गर्ने कुरा पनि यही हो । कसैलाई निषेध गरेर वा चौतर्फी घेरामा पारेरमात्र नेपालको हित हुने छैन । लोकतन्त्रको विपक्षमा नसोचौं । लोकतन्त्रका विकल्पमा लोकतन्त्रमात्र हुन्छ भन्ने सहमति तयार गरौं । बीपीको मेलमिलापलाई प्रशंसा गरेर र व्याख्या गरेर मात्र हुँदैन, त्यसलाई आत्मसात गरेर अभ्यास गरे पनि प्रजातन्त्र बलियो हुन्छ अनि प्रजातन्त्रका विरोधीहरुको तेजोबध हुन्छ । आखिर त्यसले नेपाल र नेपालको प्रजातन्त्रलाई नै सुदृढ बनाउँछ । बीपीको पार्टीभित्र कुन सैद्धान्तिक विमर्शका लागि गम्भीर बहस भएको देखिँदैन तर पनि सधैं विवाद । कस्तो विवाद, किन विवाद ? कसका लागि विवाद ? आफैं राष्ट्रिय मेलमिलापको नीति अख्तियार गर्ने, अनि आफैं कहिल्यै मिल्न नसक्ने ? को प्रधानमन्त्री हुँदैमा के हुँदो रहेछ र ? को पार्टी सभापति हुँदैमा के हुँदो रहेछ र ? सिद्धान्त बलियो हुँदा एक्लो बृहस्पतिको बोलीले पनि त परिवर्तन सम्भव भयो त ? अनि दल बलियो हुँदा त प्रजातन्त्र बलियो हुँदो रहेछ । वामपन्थीको प्रचण्ड बहुमतको सरकार बन्दा पनि दलमा देखिने विवादले प्रजातन्त्रवादीहरुलाई निराश नपारोस् जुन अहिले विद्यमान छ । बीपीको राष्ट्रिय मेलमिलापको पछिल्लो व्याख्या यस्तो हुनसक्छ–प्रजातन्त्रवादीहरुसँग बामपन्थी नझस्क, वामपन्थीहरु नेपाली काँग्रेससँग नतर्स । एउटै डुङ्गामा सवार यात्रीहरु डुङ्गा डुब्दा कोही पनि बच्दैनौं किनभने अहिलेको व्यवस्था तिमीहरुको संघर्षको सकारात्मक परिणाम र उपज हो, तिमीहरु चक्रब्यूहमा फसेका छौ, चक्रब्यूह तोड्ने साहस गर जसरी बीपीले फाँसीको दण्डसमेतलाई वास्ता नगरी मुलुकको चिन्ता गर्नुभयो र मुलुकलाई नयाँ गन्तव्यमा प्रवेश गराउनु भयो ।

## न्यायाधीशले....

विश्वास छैन । म दृढताका साथ भन्छु निर्वाचन गर्ने सरकारको कुनै तयारी छैन । नेकपाको आन्तरिक कलह उत्कर्षमा छ । निर्वाचन आयोगमा ओलीजीले मै हुँ मूल पार्टी भनिरहनुभएको छ । प्रचण्ड( माधवजीले हामी हौं मूल पार्टी भनिरहनुभएको छ । निर्वाचन आयोगका साथीहरूको कुरा सुन्दा, सञ्चारमाध्यम पढ्दा मेरो विश्लेषण के छ भने यो विषयमा फैसला दिन कम्तिमा दुई महिना लाग्छ । त्यसपछि पनि आयोगले दिएको निर्णयमा चित्त नबुझ्ने पक्ष सर्वोच्च अदालत जाने ठाउँ पनि रहन्छ । यी सबै आधारमा म भन्न सक्छु, ओलीजी बैशाखमा निर्वाचन गराउने तयारीमा पनि हुनुहुन्न । त्यसकारण निर्वाचनको तर्क गर्नु नै बेकार छ ।

**० संघीय संसदमा कांग्रेसको आकार सानो छ । संवैधानिकरअसंवैधानिक जेभए पनि प्रधानमन्त्रीले निर्वाचन घोषणा गरेका छन् । खुरुक्क निर्वाचन गयो भने कांग्रेसलाई फाइदै हुने देखिन्छ । कांग्रेस निर्वाचनमा जाँदा हुँदैन ?**

यो नेपाली कांग्रेसले लिने सैद्धान्तिक अडानलाई नबुझ्नेहरूको कमजोर तर्क हो । हाम्रो पार्टी आवधिक निर्वाचनबाट आएको परिणामबाट कहिल्यै विचलित हुँदैन । हामी जहिल्यै पनि नीति र सिद्धान्तको पक्षमा हुन्छौं । २०६४ को संविधानसभा निर्वाचनमा कांग्रेस पार्टी यसपटक भन्दा अझै बढी स्थानमा पराजित भएको थियो । पार्टी जतिसुकै सानो भए पनि कांग्रेसले कहिल्यै पनि संविधानसभा विघटनको कुरा उठाएन । बरु, म्याद थप्दै चार वर्षसम्म पुऱ्याउन तयार भयौं । अन्ततः सर्वोच्च अदालतको थप गर्नुहुँदैन भन्ने आदेशका कारणले मात्रै संविधानसभा विघटन भयो । नेकपा माओवादी र मधेसवादी दलहरू ठूलो संख्यामा थिए । उहाँले चाहनुभएको भए त्यतिबेलै संविधान आउँथ्यो । हामी सानो संख्यामा भएकाले सम्झौता गरेरै पनि संविधान ल्याउने प्रयास गऱ्यौं । दृढताका साथ संविधान ल्याउन खोजेका थियौं । तर, कम्युनिष्ट पार्टीका नेताहरूले उपर्युक्त प्रतिफल दिनसक्नु भएन भन्ने आधारमा नै २०७० को संविधानसभामा हामी पहिलो पार्टी भएर आयौं । जनताले विश्वास गरेर पठाए ।

विगत तीन वर्षमा सरकारले गरेका गलत कामकारवाही विरुद्ध संघर्ष गर्नुपर्छ । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था जुन बहुलतामा आधारित छ, त्यसमा कांग्रेस दृढताका साथ उभिनुपर्छ । हाम्रो अडान सिद्धान्त र नीतिमा आधारित हुन्छ । कांग्रेसको इतिहासको सही मूल्यांकन गर्न सक्नुपर्छ, कुनै व्यक्ति विशेषको कुरालाई लिएर निर्णय गर्नुहुँदैन । संस्थागत निर्णय नै हुनुपर्दछ । विगतमा कयौं पटक अवसर आउँदा पनि कांग्रेस सत्तामा गएन । पञ्चायतकालको ३० वर्षे कालरात्री कांग्रेसले बिर्सेको छैन । वीपी कोइराला, गणेशमानजीहरूलाई फाँसीको सजाय दिने मुद्दा लागेको हामीले बिर्सेका छैनौं । कांग्रेस पार्टी लोकतन्त्रका लागि निरन्तर संघर्षमा उभिएको पार्टी हो । त्यसकारण यसलाई सिद्धान्तबाट अलग राखेर, व्यक्तिगत स्वार्थ हेरेर मूल्यांकन गर्नुहुँदैन । कुनै व्यक्ति खराब हुन सक्छ, तर पार्टी खराब हुन सक्दैन । यो पार्टी जनताको अधिकारका लागि संघर्ष गर्न जन्मेको देशभक्त पार्टी हो । कांग्रेस केन्द्रीय कार्यसमितिको बैठकले प्रधानमन्त्रीको कदम असंवैधानिक छ, अलोकतान्त्रिक छ त्यसैले यसका विरुद्ध आन्दोलन गर्ने निर्णय गरिसकेको छ ।

**० प्रधानमन्त्री केपी शर्मा ओलीले त निर्वाचनमा जित्न नसक्नेहरुले चुनावको विरोध गरिरहेका छन् । १६५ मध्ये १६५ सिट नै मेरो पार्टीले जित्छ भन्नुभएको छ । नेपाली कांग्रेस चुनावबाट डराएको हो ?**

ओलीजीले आफ्नो कुरा सही हो भन्न जे पनि भनिरहनु भएको छ । १६५ मा १६५ सिट नै जित्छ भन्ने हुँकार कसले सुन्छ ? यस्तो प्रश्न मलाई किन सोधिराखेको ? यस्ता तर्क पागल तर्क हुन् । यसको जवाफ दिएँ भने त्यो पनि पागल जवाफ नै हुन्छ । म प्रधानमन्त्रीजीलाई टिप्पणी गर्न आवश्यक नै ठान्दिनँ । उहाँले आफ्नो पार्टीलाई व्यवस्थापन गर्न सक्नुभएन । पार्टीभित्रको आन्तरिक कलह संसदमाथि र संविधानमाथि खन्याइदिनुभयो । बहुत गलत काम गर्नुभयो ।

**० कांग्रेस अब आन्दोलनमा केन्द्रित हुन्छ कि अल्मलिएरै बस्छ ?**

यस्तो कदम आएको मितिदेखि नै हामीले नीतिगतरुपमा आन्दोलनमा जाने निर्णय गरिसकेका थियौं । त्यसलाई कार्ययोजनाका साथ अगाडि बढाउन केही समय लागेको मात्र हो । विगतमा केही प्रदर्शन भएका छन् । तर, अब घनिभूत रुपमा हाम्रा आन्दोलनका कार्यक्रम जान्छन् । तपाईंहरूले पनि त्यसैबाट हाम्रो मूल्यांकन गर्नुस् ।

**० अब 'ट्र्याक आउट' भएको संविधानलाई सर्वोच्च अदालतले नै ट्र्याकमा ल्याउला कि ? यहाँलाई कस्तो लाग्छ ?**

प्रधानमन्त्रीको निर्णय गैरसंवैधानिक हो भनेपछि हामीले संसद विघटनलाई सदर गर्नुस् भनेर सर्वोच्च अदालतका न्यायाधीशलाई भनेको होइन । न्यायाधीशहरुले संविधानभित्रबाट निर्णय दिने हो । उहाँहरुले पनि आफ्नो स्वविवेक प्रयोग गर्ने होइन । संविधानको कार्यादिशा के हो ? मूल मर्म र भावना के हो ? त्यसमा आधारित भएर उहाँहरुले निर्णय लिनुपर्छ । यो संविधानभित्र जे छ, त्यसका आधारमा निर्णय लिनुपर्छ । यो संविधानभित्र बहुमतको प्रधानमन्त्रीलाई संसद विघटन गर्ने अधिकार छ भनेर लेखेको भए त्यही दिए भयो । तर, त्यो त लेखेको छैन ।

**० संसद पुनर्स्थापना हुनेमा तपाई कति विश्वस्त हुनुहुन्छ ?**

यो विषय सर्वोच्च अदालतमा विचारधीन छ । हामीले यसलाई गैरसंवैधानिक भनेका छौं । संविधानभित्रैबाट न्यायाधीशहरूले फैसला दिनुहुन्छ भन्नेमा नेपाली कांग्रेस विश्वस्त छ । कांग्रेस विश्वास गर्छ, संविधान बाहिर गएर विवेक प्रयोग गरेर न्यायाधीशहरूले निर्णय गर्नुहुन्न, उहाँहरूले संविधानमा जे छ त्यहींबाट निर्णय दिनुहुन्छ । संविधानभित्रबाट निर्णय दिँदा प्रधानमन्त्री ओलीको कदमलाई उपयुक्त भन्ने कुनै आधार र ठाउँ देख्दिनँ ।

**० तर, सर्वोच्च अदालतले अन्तर्राष्ट्रिय प्रचलन र हाम्रै परम्परालाई हेरेर संसद् विघटनलाई सदर गऱ्यो भने के हुन्छ ? किनभने, राष्ट्रपतिले संसद विघटन गर्दाखेरि नै 'अन्तरर्राष्ट्रिय प्रचलन' र 'हाम्रै संसदीय परम्परा'लाई टेकिएको छ...**

यसमा मेरो अलि फरक धारणा छ । नेपालको संविधानले आजको दिनमा राष्ट्रपतिलाई स्वविवेकीय अधिकार दिएको छैन । सेरेमोनियल राष्ट्रपतिका रुपमा मात्र राखेको छ । राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा निर्णय लिने हो । त्यसैले, अहिले जसरी संसद विघटन भएको छ, त्यसको सम्पूर्ण जिम्मेवारी प्रधानमन्त्रीमाथि हुन्छ, राष्ट्रपतिमाथि हुन्न । अहिले जसरी प्रधानमन्त्रीले सिफारिस गर्ने, राष्ट्रपतिले स्वीकृत गरिहाल्ने भन्ने बहस छ । मचाहिँ के भन्छु भने हामीले राष्ट्रपतिलाई शंकाको सुविधा दिनुपर्छ । कुन अर्थमा भने राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिस मान्न छोडिन् भने तानाशाहीको बाटोमा हिँड्न खोजेको देखिन्छ । प्रधानमन्त्रीको सिफारिसअनुसार काम भएको छ भने संविधानको आशयमा अडेको देखिन्छ नि त । यसमा राष्ट्रपतिलाई दोष दिनु बेकार छ, सम्पूर्ण जिम्मेवारी प्रधानमन्त्रीको हुन्छ ।

**० राष्ट्रपतिलाई दोष दिन्नँ भन्नुभयो, तर संविधानअनुसार एक चौथाइ सांसदले विशेष अधिवेशन माग गर्दै दिएको समावेदन त राष्ट्रपति कार्यालयमा दर्तासम्म भएन नि ? राष्ट्रपतिको यो कदमलाई चाहिँ के भन्नुहुन्छ ?**

यो विल्कुलै गलत हो । सांसदले लेखेर आएको निवेदन दर्ता गर्नै पर्दथ्यो ।
अनलाइनखबरबाट

## विघटनविरुद्ध....

३ गते गाउँपालिका तथा नगरपालिकामा र माघ ८ गते वडास्तरमा विरोधका कार्यक्रम गरिने छ ।' पुस २५ गते दिउँसो १ बजे काठमाडौं जिल्लाका २० वटा प्रदेश निर्वाचन क्षेत्रमा एकै साथ विरोध प्रदर्शन गर्न कांग्रेसजनहरुलाई निर्देशन दिएको पनि उनले जानकारी दिए ।

काँग्रेसको केन्द्रीय समितिको बैठकले प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले गत पुस ५ गरेको प्रतिनिधि सभा विघटनको विरोधमा देशैभर प्रदर्शन गर्ने निर्णय गरेको अवस्थामा त्यसै निर्णयलाई आधार मानी उक्त निर्णयमा काठमाडौं कांग्रेस पुगेको हो ।

## मन्त्री बोहोराको....

गरेको बताइएको छ ।

सुदूरपश्चिम प्रदेशमा पुष्पकमल दाहाल-माधवकुमार नेपाल गुटको बहुमत रहेका कारण पनि उनलाई ओलीको पक्षमा रहेर प्रदेश सरकारमा रहिरहन समस्या भएको बताइएको छ । ओली गुटको समर्थन गर्दैका आएका भौतिक पूर्वाधार विकासमन्त्री पठानसिंह बोहरालाई यसअघि नै मुख्यमन्त्री त्रिलोचन भट्टले हटाइसकेको अवस्थामा झपटले पनि राजीनामा गरी आफूलाई हटाएको भन्ने अवस्था नदिएका बताइएको छ ।

## सवारी ....

मिलाएको जनाइएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोभिड -१९ का लागि निर्धारण गरेको स्वास्थ्य मापदण्डलाई पालना गरी प्रयोगात्मक परीक्षा शुरु भएको हो । यसरी परीक्षा लिंदा भौतिक दूरी, ज्वरो मापन, स्यानिटाइजर तथा मास्क अनिवार्य गरिएको पनि विभागले जनाएको छ ।

## न्यायाधीश....

बताइएको छ । संवैधानिक इजलासमा न्यायाधीश कार्की हुँदा स्वार्थ बाझिने भन्दै त्यसको विकल्पमा बृहत इजलास गठन गर्न कानून व्यवसायीहरुले माग गरेका कारण पनि न्यायाधीश कार्की विवादमुक्त हुन यस्तो निर्णय लिइएको बताइएको छ ।

यस रिटको निवेदकहरुमा वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी, वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारी र वरिष्ठ अधिवक्ता शम्भु थापाले अदालतको जनआस्था खल्बलिने अवस्था सिर्जना हुने भन्दै न्यायाधीश कार्कीलाई संवैधानिक इजलासमा राख्न नहुने भनी अड्डी कसेका बताइएको छ ।

## अमेरिकामा नेपाली....

छ । उत्कृष्ट चलचिहरुलाई पुरस्कृत गरिनेछ । महोत्सवमा चलचित्र प्रदर्शनपछि उपस्थित निर्देशक, निर्माता तथा कलाकारसँग अन्तरक्रिया कार्यक्रम गरिने तयारी पनि आयोजकले गरेको बताइएको छ ।

नेपाल-अमेरिका फिल्म सोसाइटीले सन् २०१७ देखि प्रत्येक वर्ष यो महोत्सवको आयोजना गर्दै आएको छ भने कोविड-१९ को कारणले सन् २०२० को संस्करण भने स्थगित गरिएको थियो ।

## नेम्वाङमाथि....

रहेकाले सर्वोच्च अदालतमा विचाराधीन मुद्दामा अहिले टिप्पणी नगर्ने बताउने गरेका छन् । नेपालको संविधान २०७२ ले प्रधानमन्त्रीलाई प्रतिनिधिसभा भंग गर्ने अधिकार नदिएको भिडियो सार्वजनिक भएपछि यसले ओलीको कदमलाई झनै समस्यामा पारिदिएको छ ।

## मन्त्री त्रिपाठी....

पशुपति दयाल, ईश्वर दयाललगायतका नेताहरूको हालै बसेको बैठकले राजनीतिक दलका रुपमा दर्ता गर्ने निर्णय गरेको बताइएको छ । प्रधानमन्त्रीले मन्त्री पदमा आसीन गराएका त्रिपाठीले प्रधानमन्त्रीको दलमा आफ्नो समूहलाई विलय गराउने चर्चा चलिरहेको हालको अवस्थामा उनीहरुले समूहलाई छुट्टै दलको स्वरुप दिने निधो गरेका हुन् । त्रिपाठीले नेकपासँग पार्टी एकताका लागि राजनीतिक विषयमा कुरा नमिलेको भन्दै आफ्नै समूहलाई अस्तित्वमा राख्ने चेष्टा गरेका हुन् ।

## उदयपुर....

विश्वविद्यालयबाट कानूनमा स्नातकोत्तर गरेका बताइएको छ । यसैगरी माछापुच्छ्रे बैंक लि.का सञ्चालक समेत रहेका न्यौपानेसँग चौधरी ग्रुपमा महाप्रबन्धकका रुपमा लामो समय कार्य अनुभव रहेकाले उनले उदयपुर सिमेन्ट उद्योगलाई सही ढंगले हाँक्ने आशा उनका सहयात्रीहरुले गरेका छन् ।

## नेकपाको....

भूमिकालाई लिएर शंकाको दृष्टिले हेर्ने कार्य भैरहेको छ । विगतमा कतिपय अवस्थामा आयोग सत्ता र शक्तिको पिछलग्गु भएको भन्ने आरोप लाग्ने गरेको अवस्थामा अहिले पनि आयोगले कस्तो भूमिका देखाउने हो भनी शंका गर्नुलाई स्वाभाविक रुपमा लिने गरिएको छ ।

अधिवक्ता भुवन डोटेल भन्छन्, 'नियुक्ति वा पदाधिकारीहरुको चयन प्रक्रिया एउटा हो तर पदमा आसीन भैसकेपछि आफ्नो भूमिका बारेमा सम्बन्धित पदाधिकारीहरुले सही निर्णय लिन सक्नुपर्ने हुन्छ । उनीहरुले आफूलाई नियुक्त गर्ने व्यक्तिको मुख हेर्ने भन्दा पनि कानूनलाई हेर्नुपर्ने हुन्छ ।' अहिलेको अवस्थामा आयोगले आफूलाई निष्पक्ष निकाय भएको देखाउँदै सही निर्णय दिनुपर्ने कुरामा जोड दिंदै अधिवक्ता डोटेल भन्छन्, 'विगतमा कुनै किसिमका गल्ती नै भएका भए पनि अहिले आएर आयोगले सही निर्णय गरी विगतका गल्तीलाई समेत सच्याउने अवसर पाएको छ, त्यसैले सही निर्णय आयोगले गर्नुपर्ने हुन्छ ।'

यसैगरी यो विषयले अदालतमा समेत प्रवेश पाएको छ । प्रधानमन्त्रीले संविधानले नदिएको अधिकारको प्रयोग गरेको तथा राष्ट्रपतिले समेत त्यस्तो कदमलाई नसच्याई सदर गर्ने कार्य गरेको भनी त्यसको विरुद्ध सर्वोच्च अदालतमा यो मुद्दाले प्रवेश पाएको छ । अहिले यो मुद्दा विचाराधीन अवस्थामा छ । सामान्यत : अदालतमा प्रवेश भएको विषयलाई लिएर बाहिर बहस गर्न नमिल्ने हुन्छ तर नेपालमा भने त्यस्तो नहुने गरेको पाइएको छ । विचाराधीन मुद्दाका विषयमा समेत प्रधानमन्त्री स्वयम् दबाब सिर्जना हुने गरी भाषण ठोक्दै हिंडेका छन् भने पूर्वप्रधानमन्त्री भैसकेका नेताहरु समेत अदालतको मर्यादाको ख्याल नगरी आफू अनुकुलको व्याख्या गर्दै हिंडेका छन् । यो मामलामा भने नेपाली कांग्रेसका सभापतिको अभिव्यक्ति वा धारणा भने अरुको भन्दा भिन्न र सान्दर्भिक देखिएको छ । सभापति देउवाले प्रतिनिधिसभा विघटनको कुरा अदालतमा विचाराधीन मुद्दाका रुपमा रहेको कारण प्रधानमन्त्रीको संविधान मिच्ने कार्यको विरुद्धमा राजनीतिक कार्यक्रममार्फत देशव्यापी रुपमा आन्दोलन चलाउने तर यस विषयमा अदालतले जे फैसला गर्छ त्यसलाई मान्ने भनी सार्वजनिक रुपमा आफ्नो धारणा राख्दै आएका छन् ।

## अमेरिकामा हङ्गामा....

हिंसक भएपछि क्यापिटल हिल प्रहरीले थप सुरक्षाबल पठाउन माग गरेको थियो । एउटा नाटकीय दृश्यमा प्रदर्शनकारीहरू उक्त भवनभित्र झुन्डमा प्रवेश गरेका थिए । त्यसबेला सांसदहरूलाई चाहिँ प्रहरीले सुरक्षा दिएर बाहिर ल्याउँदै थियो ।

कंगेसको एउटा संयुक्त सत्रले इलेक्टोरल कलेज मतको गणना गरेर त्यसलाई पुष्टि गरिरहेको थियो । प्रायः उक्त प्रक्रिया संक्षिप्त हुने गर्छ तर रिपब्लिकन सांसदहरूले केही मतपरिणामलाई अस्वीकार गरिरहेका थिए । बाइडनको जितलाई रोक्ने कुनै पनि प्रयास विफल हुने निश्चित छ ।

केही दिनदेखि राष्ट्रपति ट्रम्पले उक्त सत्रको अध्यक्षता गर्ने उप-राष्ट्रपति माइक पेन्समाथि पनि मत परिणामलाई प्रमाणिकरण नगर्न दबाब दिइरहेका छन् । बुधवार पेन्सले कंग्रेसलाई लेखेको पत्रमा 'कुन इलेक्टोरल मतको गणना गर्नुपर्छ भन्ने निर्णय गर्ने एकाधिकार' आफूसँग नभएको उल्लेख गरेका छन् तर पनि ट्रम्पले आफ्नो हार प्रमाणिकरण रोक्न अन्तिम अस्त्र प्रयोग गरिरहेका छन् ।

अमेरिकी राष्ट्रपति निर्वाचित जो बाइडनले विलमिङ्टन, डेलावेयरबाट राष्ट्रलाई सम्बोधन गर्दै ट्रम्प समर्थक भिडलाई 'पछि हट्न र लोकतन्त्रिक कार्यलाई अघि बढाउन दिन' आग्रह गरे । उनले भने, 'यो कुनै विरोध होइन । यो एउटा विद्रोह हो । डोनल्ड ट्रम्प अघि बढ्नु र राष्ट्रिय टेलिभिजनमा आएर यो घेरबन्दीलाई समाप्त पार्ने माग गरुन् ।' उनले 'अति भएको' पनि बताएका थिए ।

उनले ट्वीट गर्दै पनि ट्रम्पलाई समर्थकलाई उक्त स्थानबाट हटाउन आग्रह गरेका छन् । एउटा अर्को ट्वीटमा उनले क्यापिटल बिल्डिङमा केही व्यक्तिहरूले जे गरे ती कानून अवज्ञा गर्ने अतिवादी मानिसहरू भएको लेखेका छन् । उनले त्यसलाई देशद्रोह भनेका छन् ।

प्रदर्शनकारीहरू 'अमेरिकालाई बचाऔं' ऱ्यालीमा क्यापिटल पुगेका हुन् । त्यहाँ ट्रम्पले उनीहरूलाई जुन सांसदले बाइडनको जितलाई अस्वीकार गरे उनीहरूको समर्थन गर्न आग्रह गरेका थिए । ट्रम्पले गत नोभेम्बर ३ मा भएको चुनावको मतपरिणामलाई अस्वीकार गरिरहेका छन् । उनले कुनै प्रमाणविनै चुनावमा धाँधली भएको आरोप लगाउँदै आएका छन् । ट्रम्प समर्थकहरूले चुनावी परिणाम रद्द गर्न माग गर्दै प्रदर्शन गरिरहेका थिए ।

राष्ट्रपति ट्रम्पले चाहिँ समर्थकहरूलाई शान्ति बनाइराख्न आग्रह गरेका छन् । उनले ट्वीट गर्दै 'क्यापिटल प्रहरीलाई सहयोग गर्नुहास्' भनेका छन् । उनले लेखेका छन्, 'उनीहरू हाम्रो देशकै पक्षमा छन् । शान्ति कायम गर्नुहोस् ।' उक्त घटनापश्चात् ट्रम्पले एउटा भिडिओ सन्देश जारी गरेर प्रदर्शनकारीहरूलाई घर फर्किन आग्रह गरेका छन् । उनले भनेका छन्, 'एउटा चुनाव भयो त्यसलाई हामीबाट चोरेर लगियो । त्यो एउटा उत्साहपूर्ण चुनाव थियो यो सबैलाई थाहा छ, विशेषगरी अर्को पक्षलाई थाहा छ तर अहिले तपाईंहरूले घर जानुपर्छ । हामीले शान्ति कायम गर्नुछ । हामीले कानून-व्यवस्था कायम राख्नुछ । हामी चाहन्छौं कसैलाई क्षति नपुगोस् ।'

उपराष्ट्रपति माइक पेन्सले पनि प्रदर्शनकारीहरूलाई हिंसा नगर्न आग्रह गरेका छन् । उनले ट्वीट गर्दै लेखेका छन्, 'क्यापिटलमा भएको यो हमलालाई खप्न सकिदैंन र त्यसमा जो सामेल छन् उनीहरूलाई कडाभन्दा कडा कानूनी सजाय दिइनेछ ।' अमेरिकी सिनेटका केही तस्बिरहरूमा प्रदर्शनकारीहरू सिनेटको चेम्बर नजिकै भेला भएको देखिएको छ । त्यसमध्ये केहीको साथमा हतियार पनि देखिएको छ । यसअघि क्यापिटल प्रहरीले हिंसक झडपपछि अमेरिकी क्यापिटल बिल्डिङमा लकडाउन लागू गरिदिएको थियो । अमेरिकी राष्ट्रपतीय चुनाव परिणामको विरोध गरिरहेका ट्रम्पका समर्थकहरूले क्यापिटल बिल्डिङ बाहिर लगाइएको अस्थायी ब्यारियरहरू तोडेका थिए ।

केही प्रदर्शनकारीहरू भवनभित्र प्रवेश गर्न प्रयास गरिरहेको पनि देखिएको छ । क्यापिटल प्रहरीले बिल्डिङभित्र प्रवेश गरेका केही व्यक्तिहरूलाई हिरासतमा लिएको छ । केही प्रदर्शनकारीहरू पर्खालबाट सिनेट चेम्बरभित्र पनि पुगेका थिए । उनीहरूलाई नियन्त्रणमा लिन प्रहरीले बन्दुक ताक्नु परेको थियो ।




**फर्निचर चाहिएमा हामीलाई सम्झनुहोस्**

- काठमाडौं उपत्यकाका कुनै पनि ठाउँमा काठका फर्निचर चाहिएमा हामीलाई सम्झिनुहोस् । हामी ग्यारेन्टीका साथ तपाईलाई सेवा दिन तयार छौं ।
- कार्यालय होस् वा घर जहाँ पनि फर्निचर चाहिएमा हामीलाई सम्झिनु भएमा हुन्छ ।
- सोफा सेट, टेबल, कुर्सी, पलङ आदि जुनसुकै खालका काठका फर्निचरहरु हामीसँग छन् । उचित मूल्यमा हामी सेवाका लागि हाजिर छौं ।

**त्रिपुरा ट्रेड लिंक**

अनामनगर, काठमाडौं, सम्पर्क : गणेशजी (९८५११३७१८७)

Chief-Editor/Publisher : **Koushal K. Bhattarai,** Editor : **Krishna Lamsal,** Executive Editor : **Piamani Bhattarai,** Legal Advisor : **Advocate Hari Sharan Jamakatel**
Main Office : **Madhyapur Thimi- 3, Bhaktapur, Kathmandu Office-Babar Mahal, Kathmandu,** Phone :- 977-1-4267064, Email : **nayabimarsha@gmail.com,** Press :- Dhimle Offset Press, Kathmandu .